# परिच्छेद एक

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

गरिबी न्यूनीकरण विकास प्रक्रियासँग जोडिएको अन्तर्राष्ट्रिय मूल मुद्धा हो । वर्तमान विश्व परिवेशमा गरिबी न्यूनीकरणका लागि प्रतिष्पर्धात्मक रुपमा नयाँ नयाँ कार्यक्रम, योजना र नीति निर्माण भएका छन् तर गरिबीको स्थिति परिवर्तन भएको छैन । दिनानु दिन गरिबीको संख्या उल्लेख्य रुपमा वृद्धि भएको तथ्याङ्क हाम्रा सामु छँदैछ । गरिबी न्यूनीकरण सम्बन्धि कार्यक्रमहरुले गरिबीको वर्गीकरण, कारण र प्रभाव खोज गर्नुका साथै गरिबी न्यूनीकरण सम्बन्धि नयाँ नयाँ नीतिहरु निर्माण गरेका छन् । यस्ता नीतिहरु कति कार्यान्वयन भएका छन् त कति कार्यान्वयन हुन बाँकी छन् । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक अवस्था र प्रतिष्पर्धात्मक पुँजीवादी अर्थव्यवस्थाका कारण पनि गरिबीको संख्या वृद्धि भएको अध्ययन प्रतिवेदनहरु विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले तयार गरेका छन् । गरिबी न्यूनीकरण र सुशासन प्रबर्द्धनका लागि स्थानीय समुदाय परिचालनलाई सशक्त माध्यमका रुपमा स्वीकार गरेको पनि पाईन्छ ।

स्थानीय समस्या पहिचान गरी समस्या समाधानमा स्थानीय निकाय र यसमा आवद्ध संस्थाहरु सिद्ध हुने राष्ट्रिय अवधारण अनुरुप नेपालमा गाउँ विकास समिति र नगरपालिकाहरुको गठन गरिएको हो । यही क्रममा “वि.सं.२०१६ सालमा गठन भएको पोखरा नगरपालिकाले स्थानीय विकासका कामहरु गर्दै आएको छ *(शर्मा(सं), २०६२ साउन : ६२ )*।” आफ्नो स्थापना कालदेखि वर्तमान समयसम्म विभिन्न आरोह अवरोह पारगर्दै स्थानीय स्वायत्त निकायका रुपमा यो संस्था क्रियाशील छ । देशको राष्ट्रिय राजनीति, नियम कानून र सरकारी संयन्त्र अनुरुप यस निकायले काम गर्दै आएको छ । नगरको समग्र विकासका लागि सक्रिय यस नगरपालिकाले सरकारी स्वामित्वमा

मात्र नभई राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरुसँग साझेदारी कार्यक्रमहरु सञ्चालन गरेको छ ।

पोखराको दिगो र दीर्घकालिन विकास अनि सहरमा व्याप्त गरिबी न्यूनीकरणका क्षेत्रमा पोखरा उपमहानगरपालिकाले विभिन्न योजना, नीति र कार्यक्रमहरु बनाएको छ । राष्ट्रिय राजनीतिको अस्त व्यस्तता र जनप्रतिनिधि विहिनताको समयमा गरेको सार्वजनिक सेवाले नगरपालिकाको गरिमालाई उच्च बनाएको छ साथै नगरवासीहरुले पनि नागरिक कर्तव्य बिर्सेर नगर विकासका लागि पछि हट्नु हुदैन । आपसी सहयोग र सद्भावबाट नै नगरमा सुशासनको प्रत्याभूति हुन्छ । त्यस्तै लघु उद्यम विकास र सुलभ ऋण प्रवाहले गरिब तथा विपन्न र पिछडिएको समुदाय आर्थिक रुपमा अगाडि बढ्न सक्दछ । अर्थात सहरी सुशासन र गरिबी न्यूनीकरणका लागि सामाजिक सचेतना, समाजिक सद्भाव र आपसी सहयोगले काम गर्नुपर्दछ । स्थानीय विकासमा स्थानीय समुदाय परिचालन नै विकासको आधारशीला हो । समुदाय परिचालनद्वारा सुशासन र गरिबी न्यूनीकरण गर्नका लागि पोखरा उपमहानगरपालिकामा संयुक्त राष्ट्र संघीय विभिन्न कार्यक्रमहरु सञ्चालित छन् ।

गाउँ र नगरको अन्तरसम्बन्ध स्थापित गर्दै दुवै क्षेत्रको सामाजिक, आर्थिक र वातावरणीय विकास गर्नका लागि पोखरा उपमहानगरपालिकाले गाउँ नगर साझेदारी विकास कार्यक्रमको आरम्भ गरेको हो अर्थात "सामाजिक उत्थान र समृद्ध सहर निर्माणका लागि पोखरा उपमहानगरपालिकाले सन् १९९८ जुन २९ गते गाउँ नगर साझेदारी विकास कार्यक्रमसँग सम्झौता गरी सोही कार्यक्रमको लक्ष्यअनुरुप स्थानीय जनसमुदायलाई सशक्त समाज निर्माणमा सहभागी गराएको छ *(न्यौपाने, २०६४ : २ )* ।" संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको विषेश कार्यक्रमका रुपमा आरम्भ भएको गाउँ नगर साझेदारी विकास कार्यक्रम अहिले नगरपालिकाहरुको प्रमुख शाखा बनेको छ । "यस कार्यक्रमको प्रमुख उद्धेश्य गाउँ र नगरको सन्तुलित विकास गर्नु हो *न्यौपाने, २०६४ : ३ )* ।" यस कार्यक्रमले स्थानीय विकासका लागि स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरी समुदाय परिचालनलाई प्राथमिकता दिएको छ । यसबाट टोलवासीहरु लाभान्वित भएका छन् । यसका साथै सहरी सुशासन स्थापना गर्न र सहरी गरिबी न्यूनीकरण गर्नमा यस कार्यक्रमले स्थानीय जनमानसलाई

क्रियाशील, उद्यमी, लगनशील र जुझारु बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

यस कार्यक्रमले ग्रामिण बजार केन्द्रको स्थापना गरी गाउँ र सहरको अन्तरसम्बन्धलाई बलियो बनाएको छ । यसबाट ग्रामिण र सहरी बेरोजगारको समस्या न्यूनीकरणमा सहयोग पुगेको छ । संस्थामा आवद्ध सदस्यहरुले अध्यक्षमार्फत आफ्नो टोलका हरेक समस्याहरुलाई सम्बन्धित निकायसम्म पुऱ्याउने काम गर्दछन् । टोलका सबै जातजाति धर्म र संस्कारका व्यक्तिहरुलाई एकत्रित गरी विकासमा लगाउने टोल विकास संस्थालाई स्वस्थ र गतिशील संस्थाका रुपमा स्वीकार गरेको पाईन्छ ।

प्राकृतिक सुन्दरता, भौतिक विकास र अन्य सहरी सुविधा पोखरामा भएता पनि तिव्र जनसंख्या वृद्धिले सहर भित्र प्रशस्तै समस्याहरु बढेका छन् । न्यूनतम् आधारभूत आवश्यकता परिपूर्ति गर्न नसक्ने विपन्न वर्गको निम्न आर्थिक अवस्थाले पोखरा उपमहानगरपालिकालाई थप चुनौति सिर्जना गरिदिएको छ । सहरी गरिबी न्यूनीकरण र सहरी सुशासन विकासका लागि पोखरा उपमहानगरपालिकाले स्थानीय जनसमुदायलाई सशक्त रुपमा अगाडि बढाउने लक्ष्य लिएको छ । सोही लक्ष्य प्राप्तिका लागि टोल विकास संस्थाहरु गठन गरिएका हुन् । टोल विकास संस्थाले स्वास्थ्य सचेतना, शिक्षा विकास, सडक निर्माण तथा मर्मत, सडकवत्ती निर्माण, खानेपानीको समस्या समाधान, ढल निर्माण, घाट निर्माण गर्ने काम स्थानीय जनसमुदाय परिचालनबाट गरेको छ । पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास शाखाले सामाजिक परिचालन मार्फत सहरी सुशासन र गरिबी न्यूनीकरणका लागि प्रत्येक घरधुरी समेटिने गरी टोल विकास संस्थाको गठन सफलताका साथ गरेको छ । गठित टोल विकास संस्थाले आ-आफ्ना टोल विकासका लागि स्थानीय तहमा स्वावलम्बन कामहरु शुरु गरिसकेका छन् । केन्द्रीय शासन प्रणालीको निर्देशमा काम गर्नुपर्ने राष्ट्रिय नीति भए पनि यस नगरपालिकाले जनसामु जवाफदेही र पारदर्शी बन्ने प्रयाश गरेको छ ।

विकासका लागि केन्द्रीय सरकारको मुख नताकी स्थानीय स्तरबाट पनि पहल गरिनुपर्छ भन्ने कुराको ज्ञान टोल विकास संस्थाले नगरवासीहरुलाई दिएको छ । त्यसैले टोल विकास संस्थालाई सुशाासन प्रवर्द्धनका लागि सहयोगी र आवश्यक संस्था

मानिएको हो । सुशासन प्रवर्द्धन र स्थानीय विकासका लागि स्थानीय समाज सक्षम हुने रणनीतिलाई पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमको सक्रियतामा गठित टोल विकास संस्थाले आशिक रुपमा पूरा गराउने तिव्र प्रयाश गरेको छ ।

साझेदारी विकास कार्यक्रमले स्थानीय जनमानसलाई जागरुक, क्रियाशील, नागरिक कर्तब्यबोध गराउने हुँदा गाउँ नगर साझेदारी विकास कार्यक्रमको लोकप्रियता बढ्दै गएको छ । यस कार्यक्रमले पोखरा उपमहानगरपालिकामा रहेका सबै वर्गलाई एकीकृत गर्ने काम गरेको छ । सामाजिक दृष्टिले पिछडिएको वर्ग, समुदायलाई एकीकृत गर्दै स्थानीय समस्या पहिचान गर्नमा यो संस्था सक्रिय रुपमा लागेको छ । खास गरी सहरी सुशासन विकास र सहरी गरिबी न्यूनीकरणमा टोल विकास संस्थाको क्रियाशीलता, नीति र योजना, जनसहभागिता, स्थानीय समस्या पहिचान विशेष महत्वपूर्ण मानिन्छ ।

## १.२ समस्या कथन

पोखरा उपमहानगरपालिका बाहिरबाट हेर्दा जति सम्पन्न देखिए पनि समस्याहरुले जेलिएको छ । दिन प्रतिदिन गरिबीको संख्या बढ्दै जानु र सुशासनको प्रवर्द्धनमा कठिनाई नगर विकासका बाधक हुन् । न्यूनतम आधारभूत आवश्यकता पूरा गराउन नसक्ने अर्थात गरिब र विपन्न जीवन बाँच्नेहरुको संख्या प्रत्येक वडामा उल्लेख्य रहेको छ । पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास शाखाले प्रत्येक वडाहरुमा टोल विकास संस्थाको गठन गरी पिछडिएको जनसमुदायलाई क्रियाशील गराएको छ । टोल विकास संस्थाकै माध्यमद्वारा सहरी सुशासनको रणनीतिलाई प्रभावकारी गराउन गाउँ नगर साझेदारी विकास कार्यक्रम सक्रिय रुपमा लागेको छ । यति हुदाहुदैं पनि टोल विकास संस्थाको गठनदेखि कार्यक्रम कार्यान्वयनका सन्दर्भमा धैरै समस्याहरु देखा परेका छन् । यी समस्याहरु पहिचान गर्दै टोल विकास संस्थाको उद्धेश्य, लक्ष्य, नीति अनुरुपको कार्य विश्लेषण र पोखरामा व्याप्त सहरी गरिबी न्यूनीकरणमा टोल विकास संस्थाले गरेका पहलहरु र यस संस्थाका विद्यमान चुनौतिहरुको विश्लेषण यस अनुसन्धानमा गरिएको छ । साथै

आजको विषम परिवेशमा टोल विकास संस्थाको अपरिहार्यतालाई मध्यनजर गर्दे यस संस्थाको आवश्यकता किन ? भन्ने प्रश्नलाई यस अध्ययनले गम्भिरतापूर्वक लिएको छ । चेतनाको अभाव, सामुहिक भावनाको कमि र व्यक्तिगत स्वार्थका कारण नगरवासीहरु टोल विकास संस्थाप्रति सकरात्मक हुन नसक्नुको कारण के हो ? टोल विकास संस्थाको आवश्यकता किन ? गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले के कस्ता कार्य गर्दै आएको छ ? सहरी सुशासनमा टोल विकास संस्थाको कस्तो भूमिका रहन्छ ? टोल विकास संस्थाको सामाजिक प्रभावलाई नगरवासीहरुले कसरी लिएका छन् ? भन्ने प्रश्नहरुको केन्द्रीयतामा यो अध्ययन अनुसन्धान गरिएको छ । टोल विकास संस्था गठनदेखि नीति निर्माण र कार्यक्रम कार्यान्वयनका अवधिमा देखापरेका समस्याहरुलाई पनि यस शोध अध्ययनले महत्व दिएको छ ।

## १.३ अध्ययनको उद्धेश्य

पोखरा उपमहानगरपालिका, गाउँ नगर साझेदारी विकास कार्यक्रमको को चिनारी, महत्व, उद्धेश्य, लक्ष्य र भावी रणनीतिको बारेमा अध्ययन र विश्लेषण गर्दै टोल विकास संस्थाको गठन, कार्यविधि र यस संस्थाको आवश्यकताका बारेमा अध्ययन विश्लेषण गर्नु यस अध्ययन अनुसन्धानको सामान्य उद्धेश्य हो भने विशिष्ट उद्धेश्यहरु निम्न रहेका छन् :–

१. गाउँ नगर साझेदारी विकास कार्यक्रमको पहिचान गराउनु ।

२. टोल विकास संस्था र गाउँ नगर साझेदारी विकास कार्यक्रमको अर्न्तसम्बन्ध प्रष्ट पार्नु ।

३. सहरी गरिबी न्यूनीकरण र सुशासन प्रवर्द्धनमा गाउँ नगर साझेदारी विकास कार्यक्रम र टोल विकास संस्थाले गरेका कार्यहरुको विश्लेषण गर्नु ।

४. टोल विकास संस्थाका विद्यमान चुनौतिहरुको विश्लेषण गर्नु ।

## १.४ अवधारणाको परिभाषा

यस अध्ययनमा पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रम, टोल विकास संस्था, सहरी सुशासन र गरिबी न्यूनीकरणजस्ता महत्वपूर्ण अवधारणाको व्याख्या निम्न अनुसार गरिएको छ -

### १.४.१ स्थानीय निकाय

केन्द्रीय सरकारले अधिकारहरु स्थानीय तहमा निक्षेप वा हस्तान्तरण गर्ने निकायलाई स्थानीय निकाय भनिन्छ । स्थानीय निकाय मार्फत शासनलाई स्थानीय तहसम्म निश्पक्ष, पारदर्शी, जवाफदेही, समान रुपमा पुऱ्याई सञ्चालन गर्नु हो । नेपालमा गाविस, नगरपालिका, जिविसहरुलाई स्थानीय निकायका रुपमा शक्ति प्रदान गरिएको छ । यी निकायहरु गरिब जनताका आवयकताहरुप्रति बढी सचेत र संवेदनशील हुन्छन् । पोखरा उपमहानगरपालिका पनि स्थानीय तहमा काम गर्ने स्वायत्त निकाय भएका कारण यस अध्ययनमा पोखरा उपमहानगरपालिकालाई स्थानीय निकायका रुपमा विश्लेषण गरिएको छ । नगर विकास, सुशासन प्रवर्द्धन, गरिबी न्यूनीकरणदेखि सहरका सबै समस्याहरु निराकरणमा नगरपालिका सक्रिय रहेको पाईन्छ ।

### १.४.२ साझेदारी विकास कार्यक्रम

गाउँ तथा नगरको आर्थिक एवं सामाजिक व्यवस्थालाई एक अर्काका परिपूरकका रुपमा विकशित नगर्नाले ती दुवै क्षेत्रमा बाहिरी प्रभाव र निर्भरता बढ्नुका साथै विकासका प्रतिफलहरु सन्तुलित रुपमा आउन सकेका छैनन् , जसका कारण दुवै क्षेत्रले आर्थिक तथा सामाजिक समस्याहरु झेल्नु परेको छ । त्यसैकारण सुशासन, गरिबी न्यूनीकरण तथा स्थानीय आर्थिक एवं सामाजिक विकासका लागि दुवै क्षेत्रको सन्तुलित विकास गर्नुपर्ने अपरिहार्य आवश्यकता छ । गाउँ र नगरको सन्तुलित विकासबाट नै देश विकशित हुन्छ भन्ने मूल मान्यताबाट सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रम पोखरा उपमहानगरपालिकाको सशक्त शाखाको रुपमा रहेको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा यस ऐनमा आधारित नियमावली

अनुसार सञ्चालित यस गाउँ नगर साझेदारी विकास कार्यक्रमलाई सहभागितात्मक विकेन्द्रित कार्यक्रम भन्न सकिन्छ किनकि यस कार्यक्रमले स्थानीय व्यक्तिहरुलाई विकास कार्यमा सक्रिय गराउँछ । यस गाउँ नगर साझेदारी विकास कार्यक्रम तथा पोखरा उपमहानगरपालिका बीच २९ जून १९९८ मा सम्झौता भएको हो । सोही सम्झौता अनुरुप सहरी गरिबी न्यूनीकरण र सुशासनका लागि स्थानीय स्तरबाट पहल गरिनुपर्नेमा विशेष जोड दिइएको छ । सामाजिक तथा आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनको परिचालनमा जोड दिने यस सहयोगी संस्थाको लक्षित वर्ग गरिब तथा न्यून आय भएका जनसमुदाय, जनजाति तथा पिछडिएका वर्गहरु पर्दछन् ।

### १.४.३ सुशासन

सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, आदिको समानुपातिक वितरण, सामाजिक विभेदको अन्त्य, कुरीति, कुप्रथा, अन्धविश्वास, शोषणको व्यवहारिक अन्त्य, सबै धर्म, भाषा र संस्कृतिको संवर्द्धन र विकास, सामाजिक अपराध नियन्त्रण, बालश्रम शोषणको उन्मूलन, अव्यवस्थित सहरीकरण र बसोबासको उचित व्यवस्था गर्ने कार्य नै सुशासन हो । स्थानीय स्तरबाट नै स्थानीय समस्याहरु समाधान गर्न सकिन्छ तसर्थ विकासका हरेक कार्यमा स्थानीय जनसमुदायलाई सक्रिय रुपमा परिचालन गर्दै जन सहभागितामूलक कार्यक्रमहरुको सक्रियतामा जनमानसलाई विकासको मूल प्रवाहमा प्रत्यक्ष संलग्न गराउनु सुशासनको सबल पक्ष मानिएको छ ।

### १.४.४ गरिबी न्यूनीकरण

गरिब तथा पिछडिएको वर्गलाई स्वावलम्बन, आत्मनिर्भर र राष्ट्रिय पहुँचमा वृद्धि गराउन सकियो भने गरिबी न्यूनीकरणमा टेवा पुग्छ । पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहरी गरिबी न्यूनीकरणका लागि स्थानीय तहमा सीप विकास, नागरिक हकको सुरक्षा, क्षमता अभिवृद्धि, व्यक्तिगत रुचि अनुसार छनोटको अवसर र नागरिक अधिकार अनि स्वतन्त्रता प्रवर्द्धनमा जोड दिएको छ । यसलाई गरिबी न्यूनकिरणका लागि गरिएको पहलका रुपमा लिईएको छ, जुन कार्य प्रभावकारी पनि देखिन्छ ।

### १.४.५ टोल विकास संस्था

नगरपालिकाको गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामजिक तथा आर्थिक विकासका साथै सहरी सुशासन प्रवर्द्धन गर्न नगरपालिकामा गाँउ नगर साझेदारी विकास कार्यक्रमको संयोजकत्वमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरधुरी समेटिने गरी एक घर एक सदस्यको नीति अनुरुप स्थानीय स्तरमा गठित बहुउद्धेश्यीय संस्थालाई टोल विकास संस्था भनिन्छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमको 'सहरी सुशासन, गरिबी न्यूनीकरण र दिगो विकासका लागि स्थानीय जनसमुदायको सशक्तीकरण' भन्ने मूल लक्ष्य अनुसार नै टोल विकास संस्थाको गठन हुन्छ । आ-आफ्ना टोलका समस्याहरु पहिचान गरी समस्या समाधानमा टोल विकास संस्थाका प्रतिनिधिहरु लागिपरेका हुन्छन् । गरिबी न्यूनीकरण तथा दिगो विकासका लागि टोल विकास संस्थाले टोलवासीहरुको उद्यमशीलतामा जोड दिन्छ । निश्चित समय तोकी बसेको टोल विकास संस्थाको बैठकले सदस्य चयन र टोल विकास योजनाको तर्जुमा गर्दछ । उनीहरुलाई आवश्यक तालिम तथा प्राबिधिक सहयोग नगरपाकिाको गाउँ नगर विकास शाखाले गर्दछ ।

### १.४.६ उद्यम विकास

पोखरा उपमहानगरपालिका गाउँनगर साझेदारी विकास कार्यक्रमले गरिबी न्यूनीकरण र सुशासनमा जोड दिई जनतालाई आत्मनिर्भर तथा सक्षम बनाउने उद्धेश्यका साथ टोल विकास संस्थामार्फत प्रस्ताव भई आएका आयआर्जनमूलक व्यवसायहरुलाई लघु उद्यम भनिएको छ । यसको प्रमुख उद्धेश्य गरिबी न्यूनीकरण नै हो । उद्यम सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकासमा गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहयोग गर्दछ । त्यसपश्चात आवश्यकता अनुरुप ऋण तथा बीउ पूँजी प्रदान गरेको पाईन्छ । ग्रामिण बजार केन्द्रहरु तथा टोल विकास संस्थामा आवद्ध व्यक्तिहरुले यस्ता आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरेका छन् ।

### १.४.७ ऋण पूँजी

टोल विकास संस्थामा आवद्ध तर निम्न आयआर्जन भएका व्यक्तिहरुले थोरै पूँजीमा आयआर्जनमूलक काम गर्न चाहेमा त्यस्ता व्यक्तिहरुलाई गाउँ नगर साझेदारी विकास कोष मार्फत ऋण प्रदान गर्ने गरेको छ । आयमूलक क्रियाकलाप सञ्चालन गर्न तोकिएको अवधिका लागि तोकिएको दरमा ब्याज लिने गरी ऋण दिने रकमलाई ऋण पूँजी भनिएको छ ।

### १.४.८ बीउ पूँजी अनुदान

टोलमा आवद्ध सदस्यहरुको आयआर्जन वृद्धि गराएर जीवनस्तर सहज बनाउनका लागि प्रदान गर्ने रकमलाई बीउ पूँजी भनिन्छ । यसबाट टोलको सामाजिक तथा आर्थिक पूर्वाधार विकासमा टेवा पुग्छ । कोषले २५ प्रतिशत बीउ पूँजी अनुदान महिला तथा दलितहरुलाई प्रदान गर्दैआएको छ ।

### १.४.९ बचत संकलन र परिचालन

नगरपालिकाभित्र सामाजिक परिचालन प्रक्रिया पूरा गरी गठन गरिएका टोल विकास संस्थालाई टोलस्तरमा नै पूँजी संकलन तथा परिचालन गर्नका लागि आरम्भ गरिएको कार्यक्रम हो, बचत परिचालन। टोलमा आवद्ध सदस्यहरुबाट बचत रकम टोलमा नै परिचालन गरिन्छ । जसबाट निम्न टोलका सदरुयहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यसबाट लघु उद्यम सञ्चालनमा टेवा पुग्दछ । पोखरा उपमहानगरपालिकाका सबै वडाका टोलहरुमा यो कार्यक्रम सफलताका साथ सञ्चालित छ ।

### १.४.१० स्वरोजगार

कुनै पनि व्यक्तिमा निहित सीप वा क्षमताको आधारमा स्वतन्त्ररुपले काम गरी आफूलाई व्यस्त राख्ने र त्यसको आधारमा आफ्नो खर्च टार्नुलाई स्वरोजगार भनिन्छ । स्वारेजगार पनि एक प्रकारले व्यवसाय नै हो । स्वरोजगार गर्न चाहने व्यक्तिलाई टोलको सिफारिसमा गाउँ नगर साझेदारी विकास कार्यक्रमबाट ऋण प्रदान गरिएको

छ । यसमा उत्पादनमूलक उद्योग, ऊर्जामूलक उद्योग, कृषिकार्य, पर्यटन उद्योगहरु पर्दछन् ।

## १.५ अध्ययन क्षेत्र

नेपालको दोस्रो राजधानीका रुपमा चिनिने पोखरा विश्वकै सुन्दर सहरहरु मध्येको एक हो । प्राकृतिक सुन्दरताले शोभायमान पोखरा नेपालको गौरव हो । हिमाल, पहाड, मैदान, नदी नाला, ताल तलैया, छहरा र गुफाहरुको अनुपम संगम स्थल पोखरा प्रकृतिप्रेमीहरुको क्रिडा स्थल पनि हो । यो सहर समुद्र सतहबाट ८२७ मिटर उचाईमा अवस्थित छ । यस उपत्यकाको क्षेत्रफल १२३ वर्ग कि. मि. छ । बढ्दो भौतिक विकास, अनुकूल प्राकृतिक वातावरण, व्यापार व्यवसायका लागि उपयुक्त स्थल, शिक्षा, स्वास्थ्य, सञ्चारको सुविधाका कारण यहाँको जनसंख्या वृद्धिदर तिव्र छ । विक्रम संवत् २००९-११ मा ३,७५५ जनसंख्या भएको यस क्षेत्रमा २०१८ मा ५,४१३, २०३८ मा ४६,६४२, वि.सं २०४८ को गणना अनुसार ९५,२६८ र २०५८ को गणना अनुसार १,५६,३१२ पुग्न गएको छ र जनसंख्या वृद्धिको क्रम बढ्दो छ ।

विभिन्न जातजाति, भाषा संस्कृति, वर्ग र तहका मानिसहरु यहाँ रहेका छन् । प्राकृतिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक दृष्टिले महत्वपूर्ण पोखरा पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र पनि हो । यति मात्र नभई पोखरा नेपालको प्रसिद्ध पर्यटकीय क्षेत्रका रुपमा पनि त्यत्ति कै परिचित छ । नगरपालिकाको गाउँ नगर साझेदारी विकास शाखाले नगरपालिका आसपासका भरतपोखरी, दुलेगौडा, ढुकुरपोखरी, अर्मला, हेम्जाजस्ता गाउँ विकास समितिहरुमा ग्रामिण बजार केन्द्र स्थापना गरी साझेदारी विकासका कामहरु गरेको छ । नगर पालिकाका १८ वटै वडामा आवश्यकता अनुसार टोल विकास संस्थाहरु गठन भएका छन् । व्यापक र विस्तृत रुपमा कार्य क्षेत्र बिस्तार गरी सहरी सुशासन र गरिबी न्यूनीकरणमा लागेको गाउँ नगर साझेदारी कार्यक्रमको समग्र पक्ष यस अध्ययनमा समेट्न नसकिने हुँदा अध्ययन छनोटमा पोखरा वडा नं ३ र वडा नं १८ मा गठित टोल विकास संस्थाहरुलाई प्रमुख अध्ययन क्षेत्रका रुपमा लिईएको छ । अध्ययन छनोटमा परेका टोल विकास संस्थाहरु :-

**पोखरा उपमहानगरपालिका वडा नं ३ का टोल विकास संस्थाहरु**

- भि.सी.मार्ग टोल विकास संस्था
- कन्यामार्ग टोल विकास संस्था
- बालमन्दिर टोल विकास संस्था
- नदीपुर टोल विकास संस्था
- शान्तिवारी टोल विकास संस्था
- बुद्धविहार टोल विकास संस्था
- ज्ञानमार्ग टोल विकास संस्था
- तेर्सापट्टी टोल विकास संस्था
- निलगिरी टोल विकास संस्था
- कोपिलढुङ्गा टोल विकास संस्था

**पोखरा उपमहानगरपालिका वडा नं १८ का टोल विकास संस्थाहरु**

- तल्लो शान्ति टोल विकास संस्था
- काजीपोखरी टोल विकास संस्था
- हवेली टोल विकास संस्था
- दुर्गा भगवती टोल विकास संस्था
- शुभकामना टोल विकास संस्था
- राधाकृष्णटोल विकास संस्था
- खाल्टे टोल विकास संस्था
- प्रगती टोल विकास संस्था
- नागिनी टोल विकास संस्था
- खाल्टे गैह्रीगाउँ टोल विकास संस्था
- उपल्लो शान्ति टोल विकास संस्था
- शिवालय टोल विकास संस्था
- देउराली टोल विकास संस्था

यसरी अध्ययन छनोटमा दुई वडाका जम्मा २४ वटा टोल विकास संस्थाहरु परेका छन् । यी संस्थाहरुले आ-आफ्नो टोलमा विकास निर्माणदेखि सुशासन प्रवर्द्धन, गरिबी न्यूनीकरण, आर्थिक सन्तुलन, भाइचाराको सम्बन्ध र आपसी समन्वय, समझदारीदेखि लिएर राजनैतिक, समाजिक, आर्थिक, नैतिक सचेतना, अपराध नियन्त्रण लगायत अन्य धेरै कार्यहरु गर्दैआएका छन् । यस शोध अध्ययनले सहरी सुशासन विकास र गरिबी न्यूनीकरणमा उक्त संस्थाहरुले गरेका कार्यहरुको विश्लेषणलाई प्राथमिकता दिएको छ । टोल विकास संस्थाहरुले समाज परिचालनलाई संस्थाको संस्थागत आवश्यकताका रुपमा स्वीकार गरेका छन्, जुन प्रक्रियालाई यस अध्ययनले सकारात्मक रुपमा विश्लेषण गरेको छ । अध्ययन छनोटमा परेका टोलहरुलाई निम्न तालिकाले प्रष्ट पारेको छ :-

**तालिका नं १.१**

**अध्ययन क्षेत्र**

| वडा नं | टोल विकास संस्था सख्या | घरधुरी | सदस्य संख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १. | १२ | ३१६८ | ५४७३ | ६५६४ | |
| २. | ४ | ११४६ | २३९५ | २४६४ | |
| ३. | १० | १७३९ | ३६३० | ३३३२ | ® |
| ४ | ३ | १४२५ | २७३४ | ३२५४ | |
| ५. | १३ | १६१५ | ३३९१ | ३४३८ | |
| ६. | ९ | २६०४ | ४८८१ | ५७८१ | |
| ७. | १३ | २०४४ | ३९७५ | ४२६६ | |
| ८. | १६ | ३८६४ | ७७२१ | ८३९१ | |
| ९ | ११ | २७८७ | ५७७३ | ६३३८ | |
| १०. | १२ | २९३६ | ६३२७ | ६१०७ | |
| ११. | १० | १७७६ | ३७३९ | ३६६९ | |
| १२. | ९ | १७६९ | ३८६८ | ३५०१ | |
| १३. | १३ | १४६७ | ३६६१ | ३०७८ | |
| १४ | ९ | ५२० | १११६ | ११५४ | |
| १५. | १४ | २२६० | ५२१६ | ४८८३ | |
| १६. | ७ | २४९६ | ४९५१ | ५११७ | |
| १८. | १४ | ६९८ | १७८९ | १५८५ | ® |

® नमूना छनोटमा परेका वडा र टोल विकास संस्थाहरु,

*स्रोत:-गाउँ नगर साझेदारी विकास कार्यक्रमको*

## १.६ अध्ययन सिमा

पोखरा उपमहानगरपालिका पोखराको मात्र नभई नेपाल कै बृहत स्थानीय निकाय हो । यस निकायको काम, कर्तब्य र अधिकार पनि व्यापक छ । यससँग आवद्ध धेरै संस्थाहरु क्रियाशील छन् । यी सबैलाई यस अध्ययनमा समाहित गर्न नसकिने हुँदा विषयगत रुपमा पोखरा उपमहानगरपालिका गाउँनगर साझेदारी विकास कार्यक्रम अन्तर्गत पर्ने टोल विकास संस्थाले सहरी गरिबी न्यूनीकरण र सहरी सुशासन विकासमा गरेको कार्य र यस संस्थाका विद्यमान चुनौतिहरु अध्ययन विश्लेषणको दायरामा परेका छन् । टोल विकास संस्थाले गरेका कार्यहरु, टोलको गठन, विकास र विस्तारका साथै स्थानीय समाज परिचालन रणनीतिलाई अध्ययनमा समाहित गरिएको छ । वडा स्तरीय कार्यबीचको तुलनालाई पनि यस अध्ययनले महत्व दिएको ।

## १.७ अनुसन्धानको औचित्यता

गाउँ नगर साझेदारी विकास कार्यक्रमको लक्ष्य, नीति र निर्देश अनुसार गठित टोल विकास संस्थाको गठन, त्यसको कार्य, सामाजिक प्रभाव, विकास सम्बन्धि नीति, संस्थामा समेटिएका घरधुरी, संस्थामा संलग्न संख्या र समुदायको क्रियाशीलता जस्ता पक्षको खोज र स्तरीयताको मापन यस अनुसन्धानमा गरिएको हुँदा यस शोध अध्ययनले सम्बन्धित संस्था र संस्थामा आवद्ध व्यक्तिहरुलाई आवश्यक मार्गनिर्देश गर्नेछ । पोखरा उपमहानगरपालिकाका प्रतिनिधिलगायत अन्य कर्मचारीहरुलाई नगरपालिकाको वास्तविक अवस्था जान्न र बुझ्नका लागि यस शोध अध्ययनले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यो शोधपत्र समाज परिचालन, विकास, सुशासन र गरिबी न्यूनीकरणसम्बन्धि रणनीतिका बारेमा जान्न चाहने सबैका लागि सहयोगी अध्ययन सामग्री हुन सक्नेछ । यस अध्ययनले एकातिर सहरी सुशासन प्रवर्द्धनमा जोड दिएको र अर्कातिर टोल विकास संस्थाको सबल र दुर्बल पक्षको खोज गरेका कारण टोलवासीहरुलाई टोल विकासका बारेमा जानकारी गराउने छ । सुशासन, विकास र गरिबी न्यूनीकरणका

लागि स्थानीय जनसमुदायलाई सक्रिय बनाउने टोल विकास संस्थाको स्थायित्वलाई यस अनुसन्धानले जनसामु पस्केको छ । तसर्थ नगरपालिका, गाउँ नगर साझेदारी विकास कार्यक्रम र टोल विकास संस्थाबारे जानकारी राख्न चाहने सबैका लागि सहयोगी सामग्री हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद दुई

# साहित्य–समीक्षा

## २.१ विकेन्द्रीकरणको अवधारणा

स्थानीय तहका स्थानीय निकायलाई राज्यका लागि आवश्यक सबै अधिकार प्रदान गराउने संयन्त्रलाई विकेन्द्रीकरण भनिन्छ । "विकेन्द्रीकरण प्रजातान्त्रिक शासन पद्धतिको महत्वपूर्ण आधारशीला हो । नीति निर्माण तहमा जनताको सशक्त भूमिका रहनुपर्दछ भन्ने मान्यताको व्यवहारिक पुष्टि विकेन्द्रीकरण अवलम्वन गरेको शासन व्यवस्थामा मात्र गर्न सकिन्छ *(आचार्य, २०६० : १३५)* ।" त्यसैले राज्य सञ्चालक शक्ति बाँडफाड, शक्ति हस्तान्तरण र प्रत्यायोजन विकेन्द्रीकरणका मूलभुत सिद्धान्त मानिएका छन् । "विकेन्द्रीकरणले अधिकार प्रत्यायोजन वा कार्यालयहरुको विस्तार वा छनोटको सिद्धान्तको सट्टा निक्षेपणलाई बढी जोड दिएको पाईन्छ । निक्षेपणअन्तर्गत निर्वाचित स्थानीय निकायहरुलाई संसदद्वारा निर्मित कानूनको माध्यमद्वारा अधिकार तथा जिम्मेवारीहरुको हस्तान्तरण गरिन्छ । यस प्रकारको विकेन्द्रीकरण परिपूरकताको सिद्धान्तमा आधारित छ । यस्तो सिद्धान्तअनुसार दक्षता र प्रभावकारिता कायम हुने गरी सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकाय अर्थात स्थानीय निकायद्वारा सेवाको प्रबन्ध, उत्पादन र प्रवाह गरिन्छ *(स्थानीय विकास मन्त्रालय, गानसाविका, २०६२ : १३)* ।" सेवा प्रवाहको यही प्रक्रिया विकेन्द्रीकरणको पूर्वाधार हो । स्थानीय विकास, स्थानीय स्रोत परिचालन, स्थानीय आवश्यकताको पहिचान र आवश्यकता परिपूर्तिमा स्थानीय नागरिकहरुलाई परिचालन गरिएको हुन्छ ।

स्थानीय निकायलाई सक्षम बनाउन स्थानीय स्रोत, साधन, अधिकार र जिम्मेवारी निक्षेपण गर्ने व्यवस्था विकेन्द्रीकरणले गर्दछ । स्थानीय नागरिकहरुलाई जवाफदेहिता वहन गर्ने, जिम्मेवार ग्रहण गर्न सक्षम बनाउने, प्रजातान्त्रिक प्रक्रियामा संलग्न गराउनेजस्ता परिपाटीको विकास विकेन्द्रीकरणले गर्दछ । नेपालको हरेक क्षेत्र र स्थानमा बस्ने सबै जात, वर्गका जनताहरुलाई अधिकार सम्पन्न गराउनु, राज्यका

लागि आवश्यक नीति निर्माणमा जनताको सशक्त भूमिका लाई स्वीकार गर्नु, स्थानीय तहलाई त्रढी सक्षम, सवल र प्रभावकारी बनाउनु विकेन्द्रीकरणको प्रमुख अभिप्राय हो ।

विकेन्द्रीकरणका लागि नेपालमा विभिन्न समयमा विविध नीति, ऐन, नियमावली, आयोग निर्माण भएको पाईन्छ । "उच्चस्तरीय प्रशासन शक्ति विकेन्द्रीकरण आयोग २०२०, विकेन्द्रीकरण योजना २०२२, स्थानीय प्रशासन व्यवस्था ऐन २०२२, एककाइस सदस्सीय विकेन्द्रीकरण समिति २०२४, प्रशासन सुधार आयोग २०२५, स्थानीय प्रशासन अध्यादेश २०२८, जिल्ला प्रशासन योजना २०३१, प्रशासन सुधार आयोगको प्रतिवेदन २०३२, एकीकृत पञ्चायत विकासको प्रारुप २०३५, छ सदस्सीय विकेन्द्रीकरण उप समिति २०३८, नेपाल अधिराज्यको संविधन २०४७, प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८, स्थानीय विकास सम्बन्धि ऐनहरु १०४८, विकेन्द्रीकरण कार्ययोजना २०५२, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन सम्बन्धि प्रतिवेदन २०५३ र स्थानीय स्वायत्त शासन ऐन २०५५ नेपालमा विकेन्द्रीकरणका लागि गरिएका प्रयास र कार्यहरु हुन् *(ज्ञवाली (सं.), २०६० असार :२३ ।"* स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाविस, नपा र जिविससम्बन्धि सम्पूर्ण व्यवस्था एउटै ऐनमा गरेको छ । यसले शासन पद्धतिको स्वाधिनतामा विषेश जोड दिएको हुन्छ । यही स्वाधिनतालाई प्रमुख आधार मानेर टोल विकास संस्थाको गठन गरिएका छन् ।

## २.२ स्थानीय स्वायत्त शासन र स्थानीय निकाय

स्थानीय स्वायत्त शासन भन्ने वित्तिकै शक्तिको विभाजन केन्द्रीय र स्थानीय सरकारका पदाधिकारी बीच हुन्छ भन्ने बुझिन्छ । आधारभूत विषय जस्तै विदेश नीति, मौद्रिक नीति, सुरक्षा इत्यादिको निर्णय केन्द्रले दिन्छ भने संस्कृति, वातावरण, स्थानीय स्रोत परिचालन र व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता विषयहरुको निर्णय स्थानीय सरकारले दिन्छ *(आचार्य, २०६० : १४०-१४१)* । त्यसैले स्थानीय निकायलाई स्थानीय सरकार भनिन्छ । शक्ति, स्रोत, नीति निर्माण र कार्यान्वयनका आधारमा हेर्दा नेपालमा स्थानीय निकाय स्थानीय सरकार बन्न सकेका छैनन् । केन्द्रीय निर्देशअनुसार स्थानीय कार्य सम्पादन गर्नुपर्ने हुँदा यस्तो समस्या आएको धारणा नगरपालिका प्रमुख बताउनुहुन्छ ।

"नेपालमा वि. सं २०१८ सालमा पहिलो पटक विकेन्द्रीकरणको मान्यतामा आधारित स्थानीय निकायको माध्यमद्वारा स्थानीय जनताको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गरी स्थानीय प्रशासनमा स्थानीय जनतालाई सरिक गराउन गाउँ पञ्चायत ऐन २०१८, नगर पञ्चायत ऐन २०१९ तथा जिल्ला पञ्चायत ऐन २०१९ लागू गरिएको थियो *(ज्ञवाली(सं.), २०६० असार :२३)* ।" त्यस्तै राज्य व्यवस्थाको तल्लो तहदेखि प्रजातान्त्रिक अभ्यास र स्थानीय क्षेत्रको विकासका लागि जिम्मेवार र जवाफदेहिता वहन गर्न सक्ने स्थानीय पञ्चायतको संस्थागत विकासका लागि वि. सं २०३९ सालमा विकेन्द्रीकरण ऐन जारी गरिएको थियो । जुनसुकै उद्धेश्य र लक्ष्यका लागि यो ऐन जारी गरे पनि स्थानीय स्वायत्तताको थालनीका लागि यस ऐनलाई महत्वपूर्ण मानिएको छ । वि. सं २०४६ सालको राजनैतिक परिवर्तन पश्चात निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले राज्यको निर्देशक सिद्धान्तका रुपमा विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई अधिकार प्रदान गरेको छ । "स्थानीय निकायहरुलाई शक्ति हस्तान्तरणका लागि वि.सं २०४८ सालमा गाविस ऐन, नगरपालिका ऐन, जिल्ला विकास समिति ऐनसमेत जारी गरेको छ तर पनि स्थानीय तहका काम भने निश्पक्ष, पारदर्शी र जवाफदेही रुपमा भएको पाईदैन *(ऐ.)* ।"

तत्पश्चात वि. सं २०५५ सालमा पूर्ववत् सबै स्थानीय ऐनहरु खारेज गरी स्थानीय स्वायत्त ऐन २०५५ आएको हो । यस ऐनले शासन पद्धतिमा स्थानीय निकायको स्वाधिनतालाई विशेष जोड दिएको छ । विकेन्द्रीकरण तथा अधिकार प्रत्यायोजन, सक्षम, स्वाभिमान स्थानीय शासनद्वारा स्थानीय क्षेत्रको दिगो विकासजस्ता लोकतान्त्रिक मान्यता यसमा रहेका छन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा स्थानीय निकायले विकास निर्माण तथा मानव विकास संसाधनका लागि सरकारी तथा गैरसरकारी विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी कार्य योजना निर्माण गर्न पाउने व्यवस्थासमेत गरिएको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रम पनि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगबाट आरम्भ भएको स्वायत्त कार्यक्रम हो ।

यस कार्यक्रमले स्थानीय विकासमा स्थानीय नागरिकहरुको भूमिकामा बढी जोड दिएको छ । सुशासनको प्रवर्द्धन र गरिबी न्यूनीकरणका लागि स्थानीय स्तरमा

विकेन्द्रीत सिद्धान्त अनुरुपकको काम यस कार्यक्रमले गर्दैआएको छ । टोल विकास संस्थालाई विकेन्द्रीकरणको सिद्धान्त अनुरुप गठन भएका स्थानीय निकाय मानिन्छ किनकि यी संस्थाहरुले स्थानीय स्तरमा दिगो विकासको पहल गरेका छन् । यसका लागि सबै जनतालाई नागरिक हक र अधिकार प्रदान गराउने प्रयाश टोल विकास संस्थाले गर्दैआएको छ । यसरी स्थानीय निकायको अध्ययन विकेन्द्रीकरणको सिद्धान्तभन्दा भिन्न राखेर गर्न सकिदैन । "स्थानीय स्वायत्त शासन ऐन २०५५ का २३४ देखि २३९ सम्मका दफाहरुले स्थानीय निकाय र केन्द्रीय सरकारका बीचको सम्बन्धलाई निरुपण गरेको छ । नगरपालिका जस्ता स्थानीय निकायहरुको गुनासो के छ भने केन्द्रीय सरकारले उनीहरुलाई दफा २४३ ले व्यवस्था गरे अनुसारको अधिकार हस्तान्तरण गरेको छैन । नेपालको अन्तरिम संविधान २०६३ को भाग १७ मा राज्यको ढाँचा र स्थानीय स्वायत्त शासनका बारेमा उल्लेख गरिएको छ *(किलिङ, २०५८ : ३३)।"* संविधानमा भनिए अनुसार अधिकार निक्षेपण हुन भने अफै सकेको छैन । त्यसकारण स्थानीय निकायको कार्य छिटो छरितो हुनसकेको पाईदैन ।

## २.३ विकासको अवधारणा

विकास एक निरन्तर प्रक्रिया हो । समय चक्रलाई हेर्ने हो भने विकासको आदि, मध्य र अन्त्य छैन । समय अनुसार विकासको अवस्था, गति, संरचना, ढाँचा र मापदण्ड फरक होला तर विकास निरन्तर रुपमा नै भएको हुन्छ । विकासको अर्थ सापेक्ष हुन्छ र यसलाई पूर्ण विराम पनि लगाउन सकिदैन । मानव समुदायमा भएका र हुदै आएका भौतिक परिवर्तनलाई मात्र आजको सन्दर्भमा विकास मान्न सकिदैन । विकासले भौतिक परिवर्तनका साथै समाजको सामाजिक आर्थिक, राजनैतिक, साँस्कृतिक, धार्मिक र व्यक्तिको वैयक्तिक अथवा मानव संसाधनमा भएका परिवर्तनहरुलाई दर्शाएको हुन्छ । "विकास एउटा आर्थिक सामाजिक, राजनैतिक र सांस्कृतिक प्रकृया हो, जहाँबाट मानव आवश्यकताहरु आर्थिक तथा राजनैतिक क्तिमाथि पहुँच वृद्धि गरी पूर्ति गर्न सकिन्छ *(सहकार्य, २०६३ श्रावण : १५)*।"

विकाससम्बन्धि रणनीति दोस्रो विश्व युद्धपश्चात तय भएको हो । सन् १९५०-१९६० को दशकमा विकासलाई आर्थिक वृद्धिका रुपमा विश्लेषण गरिएको थियो । सन्

१९७० सम्म विकासलाई जनताको पहुँचका आधारमा र १९९० पछि मानव विकासको अवस्थालाई विकासको प्रमुख सूचक मानिएको पाईन्छ । राष्ट्रसंघीय विकास कार्यक्रमले १९९०मा मानव विकास प्रतिवेदन समेत तयार पारेको छ । "जनताको स्वास्थ्य, दीर्घायू र रचनात्मक जीवन शैलीगत परिवर्तन नै विकास हो (*यूएनडिपि १९९५* )।" जुन समयमा जसले जे भने पनि विकासको गतिमा अवरोध सिर्जना गर्ने प्रमुख कारक तत्व विद्यमान गरिबीलाई मान्न सकिने अवधारणा विश्वका महान् समाजशास्त्रीहरुले व्यक्त गरेका छन् । पाश्चात्य विद्वान *मिकाल टोडारोले* विकासलाई संस्थागत परिवर्तन र गरिबी न्यूनीकरण अनि आर्थिक वृद्धिका रुपमा प्रष्ट्याएका छन् । *जी.म्याड्रल (१९६८* ले विकासलाई अविकासबाट मुक्त गर्ने सन्दर्भमा व्याख्या गरेका छन् । *विश्व बैंकको विकास प्रतिवेदन १९९१* मा भौतिक उपभोग, शिक्षा, स्वास्थ्य र वातावरण संरक्षणलाई आवद्ध गर्दै मानवीय जीवनस्तरमा दिगो विकास अभिवृद्धि नै विकास हो भनी व्याख्या गरिएको छ । विकासवादी सिद्धान्तको व्याख्या सँगै नयाँ नयाँ अवधारणाहरु जन्मेका छन् । आर्थिक विकास, सामाजिक विकास, वातावरणीय विकास, मानव संसाधनको विकास, दिगो विकास, लैङ्गिक विकास विकासवादी क्षेत्र र आयामहर हुन् । पाश्चात्य समाजशास्त्री *डि.कार्टन (१९९५)का* अनुसार विकास एक प्रक्रिया हो, जसमा स्रोत र साधनको सही परिचालन मार्फत मानिसको व्यक्तिगत र संस्थागत विकास होस् । यसबाट दिगो विकासका साथै व्यक्तिको जीवनपद्धतिमा सुधार आउन सकोस् । विकास सम्बन्धि उनको यस मान्यताले समानुपातिक आर्थिक विकासद्वारा गरिबी न्यूनीकरणलाई जोड दिएको छ । वर्तमान विश्व परिवेशमा विकासलाई गरिबी न्यूनीकरण, मानव अधिकारको प्रत्याभूति, भौतिक, सामाजिक, सांस्कृतिक, राजनैतिक परिवर्तनको सापेक्षमा प्रष्ट पारेको पाईन्छ । सन् १९९० भन्दा अगाडि विकासलाई भौतिक परिवर्तन र आर्थिक अवस्थाको सुधारका दृष्टिले हेरिदै आए पनि ९० को दशकमा विकासलाई मानवीय विकासका आधारमा व्याख्या गर्नेहरु धेरै छन् ।


## २.४ सुशासन प्रवर्द्धन

"शासन भनेको निर्णय लिने र त्यसलाई कार्यान्वयन गर्ने प्रक्रिया हो असल शासन भनेको जनइच्छा, चाहाना, आवश्यकता र आकांक्षामा आधारित योजना

बनाउने, त्यसलाई कार्यान्वयन गर्ने, नियम र प्रक्रियालाई सुधार गर्दै लैजाने प्रक्रिया हो (*दाहाल, २०६४ : २४* )।" प्रसिद्ध समाजशास्त्री *लर्ड ब्रयासले* स्थानीय स्वशासनलाई प्रजातान्त्रिक प्रशिक्षणको आधार भनी व्याख्या गरेका छन् । "सहमति उन्मुखता, सहभागितामूलक, कानूनी शासन, प्रभावकारी र सक्षम, समतामुखी र समावेशी पारदर्शी, उत्तरदायी र जवाफदेही असल शासनका विषेशताहरु हुन् *(ऐ : २५ )।"* जसलाई निम्न चित्रद्वारा प्रष्ट पार्न सकिन्छ ।

**चित्र नं २.१**

**असल शासनका विशेषताहरु**




माथि उल्लेखित विशेषताले सुशासनलाई चिनाउँछ । प्रजातान्त्रिक प्रक्रियाको आधार पनि सुशासन हो । "जनताको उच्चतम् भलाई र कल्याणका लागि सञ्चालन गरिने शासन शैली नै असल शासन अर्थात सुशासन हो । यस्तो शासन व्यवस्थाले सबै नागरिकहरुलाई समान हक र अधिकार प्रदान गर्दछ । थानीय स्तरमा प्रभावकारी ढंगले सेवा सुबिधा पुऱ्याउनु, मानव संशाधनको उचित प्रयोग गर्नु, लैङ्गिक समानतामा जोड दिनु, सामाजिक र आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनको परिचालन गराउनु जस्ता कार्यलाई सुशासन भनिन्छ (*दाहाल, २०६४ : २५* )।"

*शासकीय सुधार समन्वय इकाई, शासकीय सुधार कार्यक्रम*अनुसार असल शासनका तत्वहरु कार्य संचालनप्रति उत्तरदायी, कार्य संचालनमा पारदर्शिता, कार्य संचालनमा सहभागिता, कानूनको राज, जवाफदेहीपन, सहमतिको धारणा, समानता, प्रविणता र मितव्ययिता, सदाचार, वस्तुगतता, अन्दाज गर्न सकिने, विकेन्द्रीकरण, शक्तिको उचित प्रयोग, नेतृत्व, इमान्दारिता, आत्मशुद्धी, अल्पसंख्यकको अधिकार र सूचनाको हक भनी व्याख्या विश्लेषण गरेको छ ।

"स्थानीय निकायमा जनताका लागि सोच्ने, जवाफदेहिता वहन गर्न सक्ने, संस्थागत संयन्त्रको विकासमा जोड दिने, जनउत्तरदायी र पारदर्शी नागरिक समाज स्थापना गर्दै प्रजातान्त्रिक प्रक्रिया अनुरुपको कार्य गर्ने सेवामुखी संस्थाहरु पर्दछन् ( *स्थानीय स्वायत्त शासन ऐन, २०५५* ) ।" नेपालको ग्रामिण र सहरी दुवै क्षेत्रहरुमा यस्ता संस्थाहको गठन गरिएका छन् । "केन्द्रीकृत शासन प्रणालीबाट राज्यका सबै क्षेत्र, वर्ग, तह र जातजातिहरु समान रुपमा न त लाभान्वित हुन्छन् न त सामाजिक समस्याहरु नै निराकरण हुन्छन् । केन्द्रबाट स्थानीय समस्या पहिचान हुन सक्दैनन् तसर्थ विकेन्द्रीकरणको सिद्धान्त अनुरुप शासन सञ्चालन गर्दा राष्ट्रिय उत्थानमा टेवा पुग्दछ *(आचार्य, २०६० : १३७ )* ।" स्थानीय समस्या पहिचान गरी उक्त समस्या समाधानका लागि स्थानीय निकाय, स्थानीय जनसमुदाय नै सक्रिय हुनुपर्दछ । यसका लागि केन्द्रीय सरकारले शक्तिको बाँडफाँड पारदर्शी र निश्पक्ष रुपमा गर्नुपर्दछ ।

"केन्द्रीय सरकारका अधिकारहरु, स्थानीय तहमा निक्षेप गर्नुको मुख्य उद्धेश्य शासनलाई स्थानीय गरिब जनताका आवश्यकताहरुप्रति बढी सचेत र संवेदनशील बनाउनु हो *(किलिङ्, २०५८ : ३१)* ।" प्रजातान्त्रिक शासन व्यवस्थाले सुशासनको यस सिद्धान्तलाई स्वीकार गरेको हुन्छ । नगरपालिकाहरु पनि स्थानीय स्वायत्त निकाय हुनाले स्थानीय विकासका लागि सवल मानिन्छन् । "नगरपालिकाका विकास शाखाहरु मध्येको जनसहभागितामूलक, साझेदारी विकास सिद्धान्तमा आधारित गाउँ नगर साझेदारी विकास शाखाको प्रमुख लक्ष्य गरिब, विपन्न र पिछडिएका समुदायलाई सक्षम, सबल, स्वावलम्बी र सशक्त बनाउनु हो *(शर्मा, २०६२ माघ २५*" यसका लागि गाउँ नगर साझेदारी विकास कार्यक्रमले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरी स्थानीय समाज परिचालन गरेको छ । आजको अस्तव्यस्त सहरी समाजका

समस्याहरु निराकरण गर्दै समृद्ध, विकशित, समानतामूलक र सभ्य सहर निर्माणका लागि टोल विकास संस्थाको दीर्घकालिन सोचमा सबै सहरबासी लाग्नुपर्ने देखिन्छ । अर्थात सहरी सुशासनका लागि स्थानीय टोल विकास संस्थाको आवश्यता विद्यमान छ । *'असल सहरी शासन'* विषयक प्रतिवेदनमा सहभागितात्मक नगरपालिका योजना तर्जुमा प्रक्रिया अन्तर्गत टोल विकास संस्थालाई आबाधिक योजनामा समावेश गर्ने, स्थानीय समाज परिचालन गरी प्रत्येक घरधुरीलाई यस संस्थामा सदस्य बनाई चेतनाको अभिवृद्धि गर्ने, नगरपालिकाका समस्याहरु समाधानका लागि स्थानीय जनमानसलाई सुसूचित पार्ने, पारदर्शी, दूरगामी, निश्पक्ष र सहभागितामूलक विकासमा जोड दिनुपर्ने तथ्य विश्लेषण गरिएको छ । यसका आधारमा पनि टोल विकास संस्थालाई सुशासनमुखी संस्था मान्न सकिन्छ । वर्तमान समयको मागलाई मध्यनजर गर्दै टोल विकास संस्थाको संस्थागत विकासमा सचेत हुनुपर्दछ । त्यस्तै गरी *भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि (नेपाली अनुवाद)* का कतिपय धारा र उपधाराहरुमा सुशासनका लागि सामाजिक सहभागितालाई नै प्रमुख आधार मानेको छ । सामाजिक सहभागिताबाट नै समाजका समस्याहरु निराकरण गर्न सकिने हुँदा सामाजिक परिचालन गर्ने संस्थाहरुलाई प्रोत्साहन गर्न सक्नुपर्दछ । *अधिकारमा आधारित सेवा प्रवाहमा टोल विकास संस्था तथा नागरिक समाजको भूमिका र दायित्व (एक दिवसीय अनुशिक्षण दिग्दर्शन) २०६२* ले विकेन्द्रीकरणको सिद्धान्तलाई जोड दिएको छ । विकेन्द्रीकरणको सिद्धान्त अनुरुप सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकाय अर्थात स्थानीय निकायद्वारा सेवाको प्रवन्ध, उत्पादन र प्रवाह गरिन्छ । यसले जनभावना अनुरुप कार्य गर्दछ र दिगो विकासमा जोड दिन्छ । साथै स्थानीय सहभागिताबाट दुर्लभ स्रोतसाधनको अत्युक्त प्रयोग गर्न, सेवाको गुणस्तर अभिवृद्धि गर्न एवं सेवा प्रवाहमा पारदर्शिता अभिवृद्धि गराउनसमेत सहयोग पुग्दछ । यही नीति अनुरुपको कार्य स्थानीय टोल विकास संस्थाले गर्दै आएको छ । संगठित समूह, सामाजिक परिचालन, समावेशीकरण र सशक्तीकरण मार्फत स्थानीय समस्याहरु पहिचान गरी समाधानमा सचेत हुनु, स्थानीय स्रोत र साधनको समुचित प्रयोग गरी उद्यमशीलताको विकासका साथै एचआइभी र एड्स विरुद्ध जनचेतना अभिवृद्धि गर्न टोल विकास संस्था सक्रिय रुपमा लागेको छ । टोल विकास संस्थाको यस्तै जनमुखी

कार्यलाई वास्तवमा सुशासन भन्न सकिने अवधारणा पोखरा उपमहानगरपालिका कार्यालय (सूचना तथा सञ्चार ट्रष्ट) बाट प्रकाशित *पोखरा दर्पण*का विभिन्न अङ्कहरुमा प्रकाशित गरिएको छ ।

## २.५ गरिबी न्यूनीकरण अवधारणा

समाजशास्त्रीय *कोलिन्स शब्दकोश*मा जिविकोपार्जनका लागि पर्याप्त भौतिक र साँस्कृतिक स्रोतहरुको अभाव हुनु नै गरिबी हो भनी व्याख्या गरिएको छ । भारतीय अर्थशास्त्री *डा. अमर्त्य सेन*ले साक्षरता, घुमफिर, लामो आयु, स्वास्थ्य जस्ता सामाजिक अवस्थाको अभावलाई गरिबी भनेका छन् । त्यस्तै गरी *विश्व बैंकले* गरिबीलाई जीवन यापनका लागि न्यूनतम् स्तर प्राप्त गर्ने क्षमताको अभावजन्य अवस्था भनी व्याख्या गरेको छ । “गरिबी एउटा प्राविधिक अवस्था होइन, यो त समग्र राजनैतिक, सामाजिक एवं आर्थिक कार्यको परिणाम हो । यो जटिल व्यक्तिगत एवं सामाजिक मनोविज्ञानको परिणति र निरन्तरता दुवै हो *(न्यौपाने, १९९९ : २१) ।”* यसरी बाँच्नका लागि आवश्यक न्यूनतम् साधन, स्रोत र अवस्थाको अपर्याप्तता नै गरिबी हो भन्ने पक्षको स्वीकार सबै क्षेत्रबाट भएको पाईन्छ ।

“कुनै पनि देशको सामाजिक, आर्थिक, भौगोलिक अवस्था, जनसंख्याको चाप, ज्ञान विज्ञान र नयाँ नयाँ प्रविधिको विकास, रोजगार र प्रतिव्यक्ति आय आम्दानीको अवस्था अनुसार गरिबीको पहिचान हुनसक्छ । विकशित र अविकशित देशमा गरिबीको परिभाषा, मापन र स्तरीकरण प्रक्रिया फरक हुन्छ *(अधिकारी अवधारणपत्र) २०६०, २-३)* ।” त्यसैले गरिबी न्यूनीकरण रणनीति पनि राष्ट्र अनुसार फरक फरक प्रक्रियाको हुन्छ । *वालेरस्टाइन(सन् १९७२)* ले विश्वलाई केन्द्र, अर्धपृष्ठ र पृष्ठ गरी तीन क्षेत्रमा वर्गीकरण गरेका छन् । उनको यो वर्गीकरणलाई आधार मानेर हेर्दा नेपाल पृष्ठ क्षेत्रमा पर्दछ । नेपालजस्ता विकासोन्मुख देशहरुमा परनिर्भरता, कमजोर उत्पादन प्रणाली, असन्तुलित आर्थिक नीति नै गरिबीको चाप बढ्दै जानुको प्रमुख कारण हो भन्ने धारणा समाजशास्त्रीहरुको छ । “नेपालमा ४२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् । जस अन्तर्गत ग्रामिण क्षेत्रमा ४४ प्रतिशत, सहरी क्षेत्रमा २३ प्रतिशत रहेको छ । यसमा पनि काठमाडौं उपत्यकामा ४ प्रतिशत र अन्य सहरी इलाकामा ३४

प्रतिशत रहेको छ । भौगोलिक रुपमा हेर्दा तराईमा ४२ प्रतिशत, पहाडमा ४१ प्रतिशत र उच्च पहाडी भागमा ५६ प्रतिशत रहेको छ *(विश्व बैंक प्रतिवेदन १९९८)* ।" "नेपालमा गरिएको जीवनस्तर सर्वेक्षण २०५८ अनुसार करिब ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी बाँचेका छन् । नेपालको कुल जनसंख्याको ४५ प्रतिशत जनता गरिब छन् भने अति गरिबको संख्या १७.१ प्रतिशत रहेको देखाइएको छ *(जीवनस्तर सर्वेक्षण प्रतिवेदन १९९८* ) ।" ग्रामिण क्षेत्रमा गरिबीको संख्या बढी भएपनि सहरी क्षेत्रमा यसको संख्या बढ्ने क्रम तिव्र रहेको छ । सहरी गरिबीलाई न्यूनीकरण गर्नका लागि नगरपालिकाले लघु उद्यम, व्यवसाय, ऋण लगानीका साथै शसक्तीकरणका लागि तालिम प्रदान गर्दै आएको छ । यसबाट गरिबीको संख्या न्यूनहुने अपेक्षा समेत गरेको पाइन्छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमले नगरपालिकाको यो अवधारणालाई सहयोग गरिरहेको छ ।

सन् *१९८० मा विश्व बैंक*को प्रतिवेदनले नेपाल गरिब राष्ट्रहरुको चौंथो पंक्तिमा पर्छ भनी उल्लेख गरेको थियो । "नेपालको करिब ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको देखाएको छ । यसमा पनि ग्रामिण क्षेत्रमा झण्डै ३५ प्रतिशत, त्यसमा पनि हिमाली क्षेत्रमा ४५ प्रतिशतभन्दा बढी मानिसहरु रहेका छन् । सहरी गरिबीको प्रतिशत १० रहेको देखाईएको छ । काठमाडौंमा ३.३ र अन्य सहरी क्षेत्रमा १३ प्रतिशत रहेको छ (*नेपाल जीवनस्तर सर्वेक्षण २०६०-६१)* ।" गरिबी न्यूनीकरण सम्बन्धि कार्यपत्रहरुमा बताए अनुसार गरिबीका साझा कारण निम्न भनी व्याख्या गरिएको छ -

- चल अचल सम्पत्तिमा कम पहुँच
- आयमा कमि
- गैर बैंकिङ् ऋण
- बेरोजगार
- श्रमको माग र आपूर्तिमा असन्तुलन
- दास, हलियाजस्ता सामन्ती प्रथाहरु
- सीप र स्रोतको कमि

- फितलो सरकारी नीति
- भौतिक, सामाजिक, मानवीय विकासमा कमि
- भौगोलिक अवस्था र दैवी प्रकोप
- कुरीति, अन्धपरम्परा
- जनसंख्यामा तिव्र वृद्धि

गाउँ नगर साझेदारी विकास कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यपत्रहरुमा प्रस्तुत भएअनुसार सहरी गरिबहरुले जीवन लागत, सुरक्षा, लैङ्गिक अवस्था, कानुनी अवस्था, वातावरण, सशक्तीकरण, जस्ता समस्याहरु झेल्नुपरेको छ । साथै यिनै कार्यपत्रहरुमा प्रस्तुत छ की गरिबी न्यूनीकरणका लागि बजार व्यवस्था, उत्पादन व्यवस्था, सुचना तथा सञ्चारको पहुँच, उद्यम विकास, संस्थागत अन्तर सम्बन्ध, सामाजिक सम्बन्ध, समान र गुणस्तरीय सेवा प्रवाह जस्ता पक्षहरुमा जोड दिनु पर्दछ । गरिबीको साझा कारण आर्थिक अभाव, बेरोजगार, दास हलिया जस्ता प्रथाहरु, त्रुटिपूर्ण शिक्षा र सरकारी नीतिहरु पर्दछन् तसर्थ गरिबी न्यूनीकरणका लागि प्रथम त गरिबीको कारण पहिचान गरी सोही अनुरुपको आयमूलक कार्यमा जोड दिनुपर्ने तर्क *डा. चन्द्रमणि अधिकारीको "गरिबी न्यूनीकरण रणनीति"* विषयक कार्यपत्रमा उल्लेख गरिएको छ ।

यसरी हेर्दा के देखिन्छ भने विकासको बाधक गरिबी नै हो । विकासको उद्धेश्यहरुमा गरिबीको अन्त्य गर्ने, उत्पादनशील रोजगारी उपलब्ध गराउने र सम्पूर्ण जनताका आधारभूत आवश्यकता पूरा गर्ने, समाजका सदस्यहरुका वैयक्तिक र संस्थागत क्षमतालाई बढाउने र उपयुक्त सामाजिक जीवन तथा त्यसको अनुकूल हुने गरी भौतिक आधार तयार गर्ने विषयहरु समावेश हुन्छन् । त्यसले न्यायपूर्ण वितरण र जीवन निर्वाहको भौतिक स्तर मात्र होइन जीवनको गुणस्तरमा जोड दिन्छ । जबसम्म गरिबी न्यूनीकरण गर्न सकिदैन तबसम्म विकासको गति अगाडि बढ्न सक्दैन अर्थात सशक्तीकरण र गरिबी न्यूनीकरणलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले मानव विकासको बहुआयामिक अवधारणका रुपमा लिएको छ । राष्ट्रसंघीय विकास

कार्यक्रमले सहश्राब्दी विकास लक्ष्य १९९० मा नेपालको गरिबी न्यूनीकरणका लागि निम्न लक्ष्यहरुको घोषणा गरेको थियो :-

- अति गरिब तथा भोकको उन्मूलन
- प्राथमिक शिक्षालाई सर्वसुलभ
- लैङ्गिक समानता तथा महिला शक्तीकरणको प्रवर्द्धन
- शिशु मृत्युदरमा न्यूनीकरण
- मातृ स्वास्थ्य सुधार
- एच. आई. भी. एड्स, मलेरिया जस्ता रोग नियन्त्रण
- वातावरणीय दिगोपनाको सुनिश्चिता र संरक्षण
- विकासको लागि विश्व साझेदारीको विकास तथा प्रवर्द्धन

नेपालको सरकारी नीति तथा कार्यहरु गरिबी न्यूनीकरणमा केन्द्रित भएको पाईन्छ तर फितलो कार्यान्वयनका कारण नीति अनुसारका योजनाहरु लक्ष्यसम्म पुग्न सकेका छैनन् । त्यसैले ग्रामिण होस् वा शहरी गरिबीको अवस्थामा प्रयाप्त सुधार आएको पाईदैन । नेपालको नवौं विकास योजनाको प्रमुख एजेण्डा गरिबी न्यूनीकरण बनेको थियो । दशौं विकास योजना पनि सो लक्ष्यमा केन्द्रित छ तर नीति निर्माणभन्दा पनि त्यसको कार्यान्वयन पक्ष सवल नहुँदा गरिबीको अवस्थामा सुधार भएको छैन ।

संख्यात्मक रुपमा ग्रामिण गरिबीको जीवनस्तर निकै दयनीय देखिएता पनि सहरी गरिबीको मापदण्ड पहिल्याई वास्तविक सर्वेक्षण गर्नु चुनौतिपूर्ण र अप्याठ्रो पनि रहेको बताइएको छ किनकि ग्रामिण गरिबीको तुलनामा सहरी गरिबीको अवस्था असोचनीय, विकराल र कहालीलाग्दो छ । "सहरी क्षेत्रका गरिबहरु जीवन जीउनका लागि महङ्गो, असुरक्षित, लैङ्गिक विभेद र बढ्दो सहरी प्रदुशित वातावरणजस्ता पक्षहरुसँग जुध्नुपर्दछ, *(अधिकारी अवधारणपत्र) २०६०, २-३)* ।" जुन कार्य सहज र सरल छैन ।सहरी क्षेत्रमा बसोबास गर्ने तर मानव विकास सूचकाङ्कभन्दा तल रहेर जीवन व्यतित गरी रहेका, आधारभूत आवश्यकताबाट वञ्चित व्यक्तिहरुलाई सहरी गरिबको सूचिमा राखिएको पाईन्छ । स्वशासन अध्ययन प्रतिष्ठानका लागि डा.

चन्द्रमणि अधिकारीले प्रस्तुत गर्नुभएको कार्यपत्रमा सहरी गरिबीका निम्न पाँच कारण देखाइएको छ :-

- आयको कमिले भएको गरिबी
- स्वास्थ्य र शिक्षामा पहुँचको कमिले निम्त्याएको गरिबी
- रोजगारीमा स्थायित्व नभएका कारणले सृजित गरिबी
- सशक्तीकरण तथा सीपको कमिले भएको गरिबी
- चेतनाको कमिले सृजित गरिबी

यी सम्पूर्ण कारणलाई केलाउँदा सहरमा आर्थिक, सामाजिक, मानवीय गरिबीको अवस्था व्यापक रहेको पाईन्छ । त्यस्तै ग्रामिण गरिबी र सहरी गरिबी बीचको भिन्नता पनि व्यापक छ । सहरी क्षेत्रमा बसोवास गर्ने गरिबहरु स्वास्थ्य, शिक्षा, सुरक्षा, सशक्तीकरण, पहुँचजस्ता आधारभूत आवश्यकताबाट वञ्चित छन् ।"सहरको गरिबीलाई आर्थिक गरिबी, पहुँचको गरिबी, अधिकारको गरिबी गरी छुट्याउन सकिन्छ। सहरी श्रमिक, महिलाहरु, वृद्ध-वृद्धाहरु, सडक बालबालिकाहरु, विद्यार्थीहरु गरिबीको मारमा पर्दछन् । उद्योग धन्दा, कलकारखाना, होटल रेष्टुरेण्ट, निर्माण कार्यहरु, सवारी साधन चालक, सडक बालबालिका, घरेलु कामदार, एकल महिलाहरुमा सहरी गरिबी रहेको पाईन्छ । सहरमा बस्ने सम्पूर्ण प्रकारका गरिबहरुलाई बाँच्नका लागि सक्षम, सवल र सशक्त बनाउनु नै गरिबी न्यूनीकरणको ढोका खोल्नु हो । यसका लागि "गरिबीको पहिचान, सशक्तीकरणमा जोड, उद्यम विकास, आयआर्जनको नयाँ विकल्पको खोज, शिक्षामा जोड, चेतना विस्तार अनिवार्य हुन्छ, जुन पक्षमा गाउँ नगर साझेदारी विकास कार्यक्रम सकारात्मक छ *(शर्मा, २०६२ : ८)* ।"

## २.६ पूर्व अध्ययनको समीक्षा

"विकन्द्रीकरणको सिद्धान्तले स्थानीय निकायहरुलाई अधिकार र जिम्मेवारीहरु हस्तान्तरण गर्नुका साथै दक्षता र प्रभावकारिता कायम हुने गरी सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकायद्वारा नागरिक सेवाको प्रबन्ध मिलाएको हुन्छ । यस्तो सेवा लक्षित वर्गसम्म सहज रुपमा पुग्छ जब स्थानीय समुदाय स्थानीय विकासमा

सक्रिय हुन्छन् *(पौडेल, २०५९ माघ-६०असार : १७ ।"* सक्रिय, क्रियाशील, कर्तब्यनिष्ठ नागरिक समाज निर्माणमा राज्यका हरेक अङ्गहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ त्यसैले स्थानीय स्वायत्त शासन ऐनले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई स्थानीय निकायका रुपमा परिभाषित गरेको छ ।

"पोखरा उपमहानगरपालिकामा सुशासन प्रवर्द्धनका लागि गाउँ नगर साझेदारी विकास कार्यक्रमको नेतृत्वमा स्थानीय स्तरमा टोल विकास संस्थाहरु गठन भएका हुन् *(शर्मा, २०६२ साउन : १९)* ।" टोल विकास संस्थाको विकास सुशासन र गरिबी न्यूनीकरणका लागि भएको हो । टोल विकास संस्थाले स्थानीय वासिन्दाहरुलाई स्थानीय विकासमा सरोकार राख्नु नै नागरिक कर्तब्य हो भन्ने पाठ सिकाएको छ । टोल विकासका संस्थाका लागि नागरिक समाजको महत्वपूर्ण भूमिका हुन्छ ।

"घर परिवारभन्दा व्यापक तथा राज्य वा सरकारभन्दा अलग अस्तित्व भएका सामाजिक कार्यमा संलग्न, निस्वार्थ एवं स्वयंसेवी व्यक्तिहरुको समूह, समाजको मानवीय संवेदनशीलतासँग आवद्ध, सामाजिक जागरण र चेतनाको संवाहकको रुपमा क्रियाशील, समाजसेवाप्रति प्रतिवद्ध तथा पारस्पारिक समन्वय र एकतामा आधारित एवं सरकार र बजार संयन्त्रभन्दा बाहिर रहेको समूह वा आन्दोलन नै नागरिक समाज हो *( स्थानीय विकास मन्त्रालय, गानसाविका, २०६२ : २९) ।"*

यो परिभाषा अनुसार नागरिक समाजभित्र देहाय अनुसारका संघ संस्था, निकाय तथा समूहहरु पर्दछन्*( स्थानीय विकास मन्त्रालय, गानसाविका, २०६२ : ३०)* -

- टोल विकास संस्था
- पेसागत संघ संस्थाहरु
- जातिगत संस्थाहरु
- मानवअधिकारवादी संस्थाहरु
- धार्मिक, सहकारी, गैरसरकारी, मानव अधिकारवादी संघ संस्थाहरु
- सञ्चारमाध्यम
- आमा समुह, क्लबहरु
- उद्योग वाणिज्य संघ संस्थाहरु

"नगरपालिकाले स्थानीय संस्थाहरु गठन मात्र नगरी विकास र सुशासनका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, जि.टि.जेड, जाईका जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग हातेमालो गर्दै आफ्ना गतिविधि अगाडि बढाएको छ *(पौडेल, २०५९जेठ-असार : २८)।"*

पोखरा उपमहानगरपालिका र गाउँ नगर साझेदारी विकास कार्यक्रम बीच सम्झौता भए अनुरुप सहरी गरिबी न्यूनीकरण र सहरी सुशासनका लागि स्थानीय पक्षलाई क्रियाशील गरिनुपर्नेमा विशेष जोड दिदैं स्थानीय तहमा टोल विकास संस्थाको गठन गरिएको हो । "सामाजिक तथा आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनको परिचालनमा जोड दिने यस सहयोगी संस्थाको लक्षित वर्ग गरिब तथा न्यून आय भएका जनसमुदाय, जनजाति तथा पिछडिएका वर्गहरु पर्दछन् । गाउँ नगर साझेदारी विकास कार्यक्रमको सर्वोपरी लक्ष्य : सहरी तथा ग्रामिण क्षेत्रका गरिब जनताको दिगो जिविकोपार्जन अधिकारको सुनिश्चितता हो *(स्थानीय विकास मन्त्रालय, गानसाविका, २०६१ जेठ : १-२)* ।" यसबाट के प्रष्ट हुन्छ भने गाउँनगर साझेदारी विकास कार्यक्रमले गरिब जनताका पक्षमा कार्यक्रमहरु सञ्चालन गर्दैआएको छ र उनीहरुलाई अगाडि बढाउने रणनीति अपनाएको छ । पोखरा उपमहानगरपालिका र गाउँ नगर साझेदारी विकास कार्यक्रमको आपसी सम्बन्धका बारेमा विभिन्न व्यक्ति र संघ संस्थाहरुले अनुसन्धान गरे तापनि गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले गरेको काम र खेलेको भूमिकाका बारेमा प्रभावकारी अवधारण आएको पाइदैन । त्यसैले यस अध्ययन अनुसन्धानमा सहरी सुशासन र गरिबी न्यूनीकरणमा टोल विकास संस्थाले गर्दै आएको कार्य र यसका कमजोरीलाई जनसामु प्रस्तुत गर्ने प्रयास गरेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमको प्रमुख क्रियाकलाप समाज परिचालन, उद्यम विकास, गाउँ नगर अन्तरसम्बन्धको विकास र सुदृढीकरण, सार्वजनिक सेवा प्रहारमा सुधार रहेको छ *(ऐ : ३)* । यसबाट पनि गरिबी न्यूनीकरणका लागि गाउँ नगर साझेदारी कार्यक्रम सक्रिय छ भन्न सकिन्छ । यस कार्यक्रमकै पूर्ण सक्रियता र समर्थनमा गठित टोल विकास संस्था पनि सहरी गरिबी न्यूनीकरण गर्न विपन्न र गरिब वर्गहरुलाई समेटी आयमूलक कार्य सञ्चालनमा लागेको छ । "यस संस्थाका सम्पूर्ण कार्यहरु पारदर्शी र निश्पक्ष रुपमा सञ्चालित भएका कारण प्रत्येक

टोलका घरधुरीहरु टोल विकास संस्थामा आवद्ध भएर स्थानीय विकासमा जुटेका छन् ( *अधिकारी, २०५९ : ४-५)* ।" त्यसै गरी गाउँ नगर साझेदारी विकास कार्यक्रम को *बचत कार्यक्रम संचालन निर्देशिका २०५९मा यसै निर्देशिकाका लेखक श्री रमेश अधिकारीले* पनि सहरी सुशासन कायम गरी सामूहिक बचत र आपसी सहयोगबाट आर्थिक समस्या समाधान गर्न सकिने अवधारणा व्यक्त गरेका छन् । जुन अवधारणाले सहरका बासिन्दाहरुमा भाइचाराको सम्बन्ध विकासलाई उत्साहित पारेको छ । पोखरा उपमहानगरपालिका र गाउँ नगर साझेदारी कार्यक्रमका बारेमा विभिन्न पत्रपत्रिकाहरुले लेख, रचना, टिपोट र विश्लेषण गरेका छन् । उक्त विश्लेषणहरुमा गाउँ नगर साझेदारी विकास कार्यक्रमलाई नगरपालिकाको अभिन्न अङ्का रुपमा दर्शाएका छन् । पोखरा उप महानगरपालिकाबाट प्रकाशित हुने *पोखरा दर्पणका* प्रायः सबै अङ्कहरुमा गाउँ नगर साझेदारी विकास कार्यक्रमलाई सहरी सुशासनको दरिलो खम्बा र स्थानीय गरिबी न्यूनीकरणका लागि सक्रिय संस्थाका रुपमा चिनाइएको छ ।

# परिच्छेद तीन

## अनुसन्धान विधि

### ३.१ अनुसन्धान ढाँचा

"सहरी गरिबी न्यूनीकरण र सुशासन प्रवर्द्धनमा टोल विकास संस्थाको भूमिका" विषयक यस अध्ययनका लागि आवश्यक सामग्री स्थलगत भ्रमणबाट संकलन गरिएका छन् । खासगरी गरिबी न्यूनीकरण र सुशासन विकासका सम्बन्धमा भए गरेका कामहरु क्रमवद्ध रुपमा विश्लेषण गरिएको छ । यस शोध पत्रमा सुशासनका लागि समाज परिचालन, सामाजिक आवश्यकताको सामूहिक पहिचान, टोलका सबै जात, वर्गका व्यक्तिहरुको संगठन, गरिबी न्यूनीकरणका लागि उद्यम विकास, तालिम, सशक्तीकरण अभियान जस्ता पक्षहरुको वर्णन क्रमवद्ध रुपमा गरिएको छ । अनुसन्धान गरिएका तथ्यहरुलाई चरणवद्ध रुपमा तुलना, वर्गीकरण, विश्लेषण गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ३.२ नमूना छनोट

पोखरा उपमहानगरपालिकाका १८ वटै वडाहरुमा टोल विकास संस्थाहरुले प्रभावकारी रुपमा टोल विकास, सुशासन प्रवर्द्धन र गरिबी न्यूनीकरणसम्बन्धि कार्य गर्दैआएका छन् । यस अध्ययनमा सबै वडाका सबै टोल विकास संस्थाहरुलाई समेट्न सकिएको छैन । प्रतिनिधिमूलक क्षेत्रका रुपमा पोखरा उपमहानगरपालिका वडा नं ३ का १० वटा टोल विकास संस्थाहरुलाई नगरको केन्द्रका रुपमा छनोट गरिएको छ । यस वडालाई अध्ययनको केन्द्र छनोट गर्नुको प्रमुख कारण नगरपालिकाको नजिक रहनु, पुरानो बजार क्षेत्रका रुपमा चिनिनु, जनसंख्याको चाप बढ्नु, बसाई-सराईमा व्यापकता रहनु र भौतिक विकासका दृष्टिले अग्र रहनु हो । यस नगरपालिकाका वडा नं १८ का १४ वटा टोल विकास संस्थहरुलाई पृष्ठ क्षेत्रमा राखी अध्ययन गरिएको छ । यो क्षेत्र नगरपालिकाको कार्यालयबाट टाढा रहनु, भौतिक विकासमा कमि

हुनु,नगरपालिको पहुँच कम भए पनि टोलवासीहरुको क्रियाशीलता नै अध्ययन क्षेत्र छनोटको अर्को आधार हो । यसरी दुवै टोलमा आवद्ध सदस्य संख्या, उनीहरुको स्थलगत कार्य निरीक्षण, छलफल, अन्तर्वाता र क्रियाशीलतालाई अध्ययनको आधार मानिएको छ । यी दुवै वडाहरुमा भएका कार्यहरुलाई तुलनात्मक रुपमा विश्लेषण गर्दै यो शोधपत्र तयार पारिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका स्रोतहरु

यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरु पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास शाखा, नमूना छनोटमा परेका वडाहरु,उक्त वडाहरुमा गठित टोल विकास संस्थाहरुबाट गएिको छ । त्यस्ते गरी मानव विकास प्रतिवेदन २००१/२००३/२००४गरिबी न्यूनीकरण कार्यक्रम सम्बन्धि कार्यपत्रहरु, विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित लेख रचनाका साथै यस कार्यक्रमसँग सम्बन्धित व्यक्तिहरुलाई प्रत्यक्ष भेटेर वार्तालापलाई यस शोध अध्ययनका लागि सामग्री छनोटका माध्यमका रुपमा लिईएको छ । साथै वर्तमान समयको माग र आवश्यकता अनुसार यस अध्ययनको विषय र उद्धेश्यसँग सम्बन्धित छनोट गरिएका कार्यक्रम, सुशासनका कार्य र गरिबी न्यूनीकरणका लागि भएका कार्यहरुलाई समेटी श्रव्य दृश्य सामग्रीलाई डिजिटल क्यामराको प्रयोग गरी दृश्यहरु छायाङ्कन गरेर पनि तथ्याङ्क संकलन गरिएको छ । पोखरा उपमहानगरपालिका सूचना तथा सञ्चार ट्रष्ट्रबाट प्रकाशित पोखरा दर्पणका विभिन्न अङ्कहरुलाई अध्ययनको प्रमुख स्रोत बनाईएको छ ।

## ३.४ तथ्याङ्क संकलनका विधिहरु

पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रम पूर्ण रुपमा जनकेन्द्रित कार्यक्रम हो । यस कार्यक्रमले स्थानीय स्रोत र साधनको परिचालन गरी स्थानीय विकास गर्ने लक्ष्य राखेको छ । सोही लक्ष्य पूरा गर्नका लागि यस गाउँ नगर साझेदारी विकास कार्यक्रमले पोखरा उपमहानगरपालिकाका १८ वटै वडामा टोल विकास संस्थाहरु आवश्यकता अनुसार गठन गरेको छ । सहरी गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले आआफ्ना टोलमा आय आर्जनमूलक उद्यम सञ्चालन

गरेको छ । टोल विकास संस्थाको गठन, कार्य, सामाजिक प्रभाव र यसका कमि कमजोरीका अनि विद्यमान चुनौतिका बारेमा तथ्याङ्क सङ्कलन निम्न विधिहरुको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

**अ) प्रश्नोत्तर**

नमूनाको रुपमा छनोट भएका वडा र ती वडामा गठित टोल विकास संस्थाका सदस्यहरुलाई भेटी आवश्यक प्रश्नहरु सोधिएको छ ।

**आ) समूह छलफल**

टोल विकास संस्थाका सदस्यहरु र लाभान्वित वर्गहरुलाई केन्द्रीकृत गरी गरिबी, जनचेतना, उद्यमशीलता, सामाजिक समस्या आदिका बारेमा समूह छलफल गरिएको छ ।

**इ) अवलोकन**

गरिबी न्यूनीकरण र सुशासन विकासका लागि अध्ययन छनोटमा परेका वडाहरुको वस्तुस्थिति प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

**ई) अर्न्तवार्ता**

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क पोखरा उपमहानगरपालिका प्रमुख, गाउँ नगरसाझेदारी विकास कार्यक्रम प्रमुख, गाउँ नगर साझेदारी विकास कार्यक्रमका कर्मचारीहरु र टोलवासीहरु सँग अर्न्तवार्ता गरी संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि

टोल विकास संस्थामा समेटिएका टोल विकास संस्था, सदस्य संख्या, गरिबीको अवस्था, कारण र प्रभाव, सुशासनआवद्ध कार्यहरुको खोज गरी अध्ययन व्लिेषण गर्दै वैध र वस्तुनिष्ठ सामग्री छुट्टाईएको छ । उक्त तथ्याङ्कहरुलाई विषयगत अधारमा समूह विभाजन गर्दै एस.पी.एस.एस प्रयोग गरी आवश्यक चित्र, विवरण, तालिका निर्माणद्वारा तथ्याङ्क विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## गरिबी न्यूनीकरण र सुशासन प्रवर्द्धनका सन्दर्भमा
## पोखरा उपमहानगरपालिका

### ४.१ पृष्ठभूमि

कास्की जिल्लाको जिल्ला सदरमुकाम, गण्डकी अञ्चल तथा पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र पोखरा प्राकृतिक, भौतिक, साँस्कृतिक, भौगोलिक दृष्टिले महत्वपूर्ण सहर हो । यस सहरको स्थानीय स्वायत्त निकायका रुपमा पोखरा उपमहानगरपालिका रहेको छ । जनसंख्याको बढ्दो चापसँगै यस नगरपालिकामा प्रत्यक्ष अप्रत्यक्ष धेरै समस्याहरु देखापरेका छन् । नागरिक समस्याहरु समाधान गर्दै पोखरा विकासमा यस नगरपालिकाले आफ्ना राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरु सँग सम्बन्ध स्थापित गरी विकास निर्माणका कामहरु सुचारु गरेको छ । स्थानीय स्तरबाट निर्वाचित जनप्रतिनिधिहरु र सरकारी कर्मचारीहरुले नगरपालिकाको कार्य सम्पादन गर्दै आएका छन् । यस नगरपालिकाले “हाम्रो अभिभारा स्वच्छ, सुन्दर पोखरा” भन्ने नारालाई सार्थक पार्नका लागि नगरवासीहरुलाई नै क्रियाशील गराउने रणनीति अगाडि सारेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमजस्ता शाखाहरुको विस्तार गरी नगरपालिकाको कार्यलाई प्रभावकारी, निश्पक्ष र पारदर्शी बनाएको छ ।

नेपालका अन्य सहरहरुसँग हवाई तथा सडक सम्पर्कले गर्दा पोखराको भौतिक विकासमा टेवा पुगेको छ । पोखराको समग्र विकासका लागि सरकारी तथा गैर सरकारी क्षेत्रबाट प्रशस्त पहलहरु हुँदै आएका छन् । यी पहलहरुलाई स्थानीय वसीहरुले पनि आ-आफ्नो स्थानबाट सहयोग गरेका छन् । यो सहयोगलाई अझै प्रभावकारी बनाउने प्रयासमा पोखरा उपमहानगरपालिका क्रियाशील देखिन्छ । तिब्र जनसंख्या वृद्धि र भौतिक विकासको गतिसँगै पोखरामा सहरी समस्याहरु पनि दिनानुदिन बढ्दै गएका छन् । गास, बास र कपासमात्र आजको आवश्यकता होईन । शिक्षा, स्वस्थ्य, खानेपानी, सुरक्षा, सडक, ढल-नाला, व्यवस्थित बसाई, सुलभ कृषि

उपज, रोजगार लगायत सयौं आवश्यकताको पर्खालले नगरवासीहरुलाई घेरेको छ । आफ्नो एकल प्रयासबाट कसैको पनि समस्याहरु किनारा लाग्दैन । न त नगरपालिका मात्र यी समस्या हटाउने कडी हो । नगरपालिकाले आम नागरिकका समस्याहरु समाधानार्थ विभिन्न कार्यहरु गर्दैआएको छ । नगरवासीहरुले उक्त कार्यमा सहयोग गर्नुपर्दछ अन्यथा सहरको जीवन निकै कष्टकर हुन्छ भन्ने धारणलाई मध्यनजर गर्दै नगरपालिकाले स्थानीय समुदाय परिचालन गराउने कार्यक्रमहरुलाई प्राथमिकता दिएको पाईन्छ ।

प्राकृतिक सुन्दरता, भौतिक विकास र अन्य सहरी सुविधा पोखरामा भएता पनि तिव्र जनसंख्या वृद्धिले सहर भित्र प्रशस्तै समस्याहरु बढेका छन् । न्यूनतम् आधारभूत आवश्यकता परिपूर्ति गर्न नसक्नेहरुको संख्याले यस नगरपालिकालाई थप चुनौति सिर्जना गरिदिएको छ । नगरवासीहरुको चुनौतिपूर्ण जीवन शैली समायोजनका लागि पोखरा उपमहानगरपालिकाको कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नगरवासीहरुका समस्यालाई समाधान गर्दै  समयको माग यस नगरपालिकाले पूरा गराएको छ । बढ्दो सहरी गरिबी न्यूनीकरण र सहरी सुशासन विकासका लागि पोखरा उपमहानगरपालिकाले स्थानीय जनसमुदायलाई सशक्त रुपमा अगाडि बढाउने लक्ष्य लिएको छ । सो लक्ष्य परिपूर्तिका लागि यस कार्यालयले सुरक्षा तथा निरीक्षण शाखा, सरसफाई शाखा, कानुन शाखा, वातावरण तथा सरसफाई उपशाखा, आन्तरिक परिक्षण लेखा शाखा, सार्वजनिक सिफारिश शाखा, दर्ता चलानी शाखा, खर्च फाँटवरी शाखा, पञ्जीकरण, राजश्व शाखा, मुद्दा शाखा तथा अन्य विभिन्न उप शाखाद्वारा स्थानीय स्तरमा सेवा प्रवाह गरेको छ ।

## ४.२ स्थानीय स्वायत्त निकायका रुपमा

शासनमा पहुँचको नीति अनुरुप विकेन्द्रित सिद्धान्तलाई हेर्दा स्थानीय स्तरमा सेवा प्रवाह गर्ने स्वायत्त निकायलाई नै स्थानीय निकाय भनिन्छ । यस अन्तर्गत जिल्ला, गाँउ, नगर र यी निकाय भन्दा तल रहेका समुदाय, टोल, बस्तीहरु पर्दछन् । यस्ता निकायहरुले नै स्थानीय समस्याहरु पहिचान गरी विकास निर्माण गर्न सक्ने हुँदा स्वशासित र संगठित रुपमा स्थानीय सरकारको मान्यता दिनुपर्दछ । स्थानीय

जनप्रतिनिधिहरुबाट स्थानीय निकाय संचालित हुन्छन् । *स्थानीय स्वायत्त शासन ऐन, २०५५* ले स्थानीय निकायलाई प्रभावकारी बनाउन खोजेको छ । स्थानीय तहमा सुशासन र क्षमताको विकास गरी समृद्ध समाज निर्माण गर्नु स्थानीय निकायको दायित्व हो । यो दायित्वलाई पोखरा उपमहानगरपालिकाले निभाएको छ । तैपनि देशको शासन केन्द्रीय नीति अनुरुप सञ्चालन हुने हुँदा नगरको आवश्यकतालाई पूर्णता दिन नसकिएको गुनासो नगरपालिकाका कर्मचारीहरुको छ । भौतिक पूर्वाधारको निर्माण र मानव संसाधन विकासका लागि नगरपालिका जिम्मेवारी बन्नुपर्दछ । त्यस्तै स्थानीय स्रोत र साधनको समुचित प्रयोग गरी समुन्नत सहर निर्माणमा जनसहभागिता जुटाउन पनि नगरपालिका सक्रिय रुपमा लाग्नुपर्दछ भन्ने मान्यतालाई यस नगरपालिकाले शिरोधार्य गरेको छ । जनसंख्याको बढ्दो चापसँगै यस नगरपालिकामा प्रत्यक्ष अप्रत्यक्ष धेरै समस्याहरु देखापरेका छन् । नागरिक समस्याहरु समाधान गर्दै पोखरा विकासमा यस नगरपालिकाले आफ्ना राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरुसँग सम्बन्ध स्थापित गरी विकास निर्माणका कामहरु सुचारु गरेको छ । स्थानीय निकायका रुपमा स्थापित यस नगरपालिकाले नगरवासीहरुलाई निम्न सेवाहरु प्रदान गर्दै आएको छ ।

१. सार्वजनिक निर्माण सम्बन्धि :- यस अन्तर्गत सडक, ढल, पार्क, बगैंचा, पाटीपौवा, सामुदायिक भवन कल्भर्ट, पूल, रंगशाला आदि निर्माण सम्बन्धि सेवाहरु पर्दछन् । यी र यस्ता विविध सेवाहरु सम्बन्धित पक्षहरुसँग सहयोग र सहकार्यद्वारा गरिएका छन् ।

२. सेवा सुविधा सम्बन्धि :- यस अन्तर्गत नगर सरसफाई, फोहर मैला व्यवस्थापन लगाएत आवश्यक विभिन्न सिफारिसहरु, पञ्जीकरण, बिजुली-पानीको व्यवस्था, व्यवसाय दर्ता आदि पर्दछन् । यी कार्यहरु निश्चित मापदण्ड र नियममा रहेर गर्नुपर्ने हुन्छ । यस नगरपालिकाले पनि प्राथमिकताका यी सेवाहरु नगरवासीलाई प्रदान गरेको देखिन्छ ।

३. सूचना प्रवाह :- सञ्चारका माध्यमद्वारा सूचना प्रवाह, नगरका क्रियाकलापहरु सम्प्रेषण, पर्यटन सूचना केन्द्र सञ्चालन गर्नुका साथै नगरवासीहरुलाई आवश्यक सूचना प्रवाह गर्दैआएको पाईन्छ ।

४. संरक्षण र संवर्द्धन सम्बन्धि:-पोखरा उपमहानगरपालिकाका हरेक पहिचान जस्तै नगर क्षेत्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पूरातात्विक सम्पदाको संरक्षण गर्नु, प्राकृतिक-भौतिक साधन स्रोतको विकास र संरक्षण गर्नु, विभिन्न प्रकारका प्रदुषण, प्रकोप नियन्त्रण जस्ता कार्यहरु नगरपालिकाको प्राथमिकतामा परेका कार्यहरु हुन् ।

५. सामाजिक प्राथमिकता सम्बन्धि (सामाजिक सुरक्षा) :- गरिबी न्यूनीकरण, असहाय सहयोग, महिला सशक्तिकरण, एकल महिला उत्थान, बालबालिका विशेष, दलित तथा जनजाति हकहित सम्बन्धि विशेष कार्यक्रमहरु नगर क्षेत्रमा नगरपालिकाले प्रदान गर्दै आएको छ ।

६. समाज कल्याण सम्बन्धि :-मानव अधिकार, जनस्वास्थ्य संरक्षण, एम्वुलेन्स सेवा, वारुणयन्त्र, जनसुरक्षा, सार्वजनिक जीवन सुरक्षा आदि कार्यद्वारा नगरवासीहरुको रक्षामा पोखरा नगरपालिका क्रियाशील देखिन्छ ।

७. राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय-सहकार्य सम्बन्धि :- यस नगरपालिकाले राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सहकार्य गरी नगर विकासका योजनाहरु प्रभावकारी रुपमा सञ्चालन गरेको छ ।

**नगरपालिकाको पहिचान**

हाम्रो अभियान-स्वच्छ, सुन्दर पोखरा

यस नगरपालिकाले जवाफदेही र पारदर्शी रुपमा नगर विकास म्बन्धि कार्य सञ्चालन गरी सफल स्थानीय स्वायत्त निकायका रुपमा आफूलाई प्रस्तुत गरेको छ । नगरपालिकाका विभिन्न शाखाहरुले नगरपालिकालाई स्वायत्त निकायका रुपमा काम गर्ने वातावरण निर्माण गरेका छन् । यी शाखाहरु मध्ये गाउँ नगर साझेदारी विकास कार्यक्रम पनि नगरपालिकाको गरिमा वृद्धि गर्न सहयोग गर्ने महत्वपूर्ण शाखा हो । स्थानीय समाज परिचालन गर्न यस शाखाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । स्थानीय विकासका लागि नागरिक समाजलाई संगठित गर्न यस शाखाले पुऱ्याएको योगदानले गर्दा नै शाखालाई नागरिकहरुले विश्वास गरेका छन् । स्थानीय विकास गर्न, लघु उद्यम संचालन गर्न, गरिबी न्यूनीकरण गर्न यस कार्यक्रमले समाज परिचालन गरेको छ ।

## ४.३ गरिबी न्यूनीकरण र सुशासन विकासमा नगरपालिकाको भूमिका

यस नगरपालिकाले नगर विकासका लागि स्थापना कालदेखि विभिन्न चरणमा विभिन्न कार्यहरु गर्दैआएको छ । गरिबी न्यूनीकरण र सुशासन विकासका लागि वि.सं २०५५ सालदेखि केही भिन्न र व्यापक रणनीति अवलम्वन गरेको छ । स्थानीय स्वायत्त शासन अनुसार यस निकायले स्थानीय सरकारको भूमिका निभाएको छ । आफ्नो शाखा विस्तार, स्थानीय समाज परिचालन, स्थानीय स्रोत परिचालन र व्यवस्थापनजस्ता पारदर्शी कार्यलाई प्राथमिकताको सूचिमा राखेकको छ । राष्ट्रिय राजनीतिको प्रभावका कारण अझै यस निकायले पूर्ण अधिकार प्राप्त गर्न सकेको छैन ।

आजको अस्तव्यस्त सहरी समाजका समस्याहरु निराकरण गर्दै समृद्ध, विकशित, समानतामूलक, शान्त, सभ्य र सम्पन्न सहर निर्माणका लागि पोखरा उपमहानगरपालिकाले समाज परिचालन प्रक्रियालाई प्राथमिकता दिएको छ । जसका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरुसँग सम्झौता गरी आफ्नो जिम्मेवारी पूर्णत निभाएको छ । केन्द्रीकृत राज्यसत्ता एकात्मक चरित्र बोकेको हुन्छ । यस प्रकारको शासन प्रणालीबाट राज्यका सबै क्षेत्र, वर्ग, तह र जातजातिहरु समान रुपमा न त लाभान्वित हुन्छन्, न त सामाजिक समस्याहरु नै निराकरण हुन्छन् । स्थानीय समस्या पहिचान गरी उक्त समस्या समाधानका लागि स्थानीय निकाय, स्थानीय

जनसमुदाय नै सक्रिय हुनुपर्दछ । नगरपालिकाहरु पनि स्थानीय स्वायत्त निकाय हुनाले स्थानीय विकासका लागि सवल मानिन्छन् । सहरी सुशासन प्रवर्द्धनका लागि पोखरा उपमहानगरपालिका सक्रिय निकायका रुपमा कार्यरत छ ।

त्यस्तै पारदर्शी विकासका लागि सहरवासीहरुलाई सहयोग र सहकार्यका लागि अनुरोध गरेको छ । पोखरा उपमहानगरपालिकाले सहरी गरिबी न्यूनीकरण, सुशासन र समृद्ध सहर निर्माणका लागि निम्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छः-

- भौतिक निर्माण तथा मर्मत सुधार पूर्वाधार विकास कार्यक्रम ।
- वडास्तरीय कार्यक्रम
- फोहोर मैला व्यवस्थापन कार्यक्रम
- सार्वजनिक निजी साझेदारी कार्यक्रम
- शिक्षा विकास,स्वास्थ्य सम्बन्धि, वातावरण सम्बन्धि, खेलकूद विकास सम्बन्धि कार्यक्रमहरु
- सामाजिक विकास कार्यक्रम
- पर्यटन प्रवर्द्धनसम्बन्धि कार्यक्रम
- सूचना विकास सम्बन्धि कार्यक्रम
- सडक बत्ती व्यवस्थापन कार्यक्रम
- क्षमता विकास। सीप विकास, उद्यम विकाससम्बन्धि कार्यक्रम
- बजार निरीक्षण तथा छाडा चौपाया नियन्त्रण कार्यक्रम
- कृषि क्षेत्र प्रवर्द्धन कार्यक्रम
- नापी कित्ता कार्यक्रम
- जगेडा कोष कार्यक्रम
- फेवाताल संरक्षण कार्यक्रम
- अर्न्तराष्ट्रिय संघ संस्था साझेदारी विकास कार्यक्रम
- अन्य विविध

खासगरी गरिबीको पहिचान, कारण र प्रभावको खोज, आयआर्जनमूलक उद्यम र ऋण सहयोग, सशक्तीकरणमा जोड, जनसंख्या नियन्त्रण, सर्वसुलभ र व्यवहारिक शिक्षामा जोड र समग्रमा सुशासनको विकास गरिबी न्यूनीकरणका लागि सार्थक सिद्ध हुन्छन् ।

# परिच्छेद पाँच

# गाउँ नगर साझेदारी विकास कार्यक्रम

## ५.१ गाउँ नगर साझेदारी विकास कार्यक्रम

### ५.१.१ विषय प्रवेश

गाउँ तथा नगरको आर्थिक एवं सामाजिक व्यवस्थालाई एक अर्काका परिपूरकका रुपमा विकशीत नगर्नाले ती दुवै क्षेत्रमा बाहिरी प्रभाव र निर्भरता बढ्नुका साथै विकासका प्रतिफलहरु सन्तुलित रुपमा आउन सकेका छैनन् । जसका कारण दुवै क्षेत्रले विविध किसिमका आर्थिक तथा सामाजिक समस्याहरु झेल्नु परेको छ । त्यसैकारण सुशासन, गरिबी न्यूनीकरण तथा स्थानीय विकासका लागि दुवै क्षेत्रको सन्तुलित विकास गर्नुपर्ने अपरिहार्य आवश्यकता छ । सोही पृष्ठभूमिमा तत्कालिन सरकारले हेबिटाटको दोस्रो सम्मेलनमा व्यक्त प्रतिवद्धता अनुसार 'सन् १९९७, सेप्टेम्वर ७ अर्थात २०५४ भदौ २२ गते तत्कालिन सरकार (राष्ट्रिय योजना आयोग, भौतिक विकास तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालय), संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम र संयुक्त राष्ट्र संघीय मानव बसोवास विकास केन्द्रको संयुक्त प्रयासमा याउँ नगर साझेदारी विकास कार्यक्रम सञ्चालन गरिएको हो । पहिलो चरणको सफलतापछि  यस कार्यक्रमले सन् २००२ जनवरीदेखि २००३ डिसेम्वरसम्म दोस्रो चरणको अवधि पनि पार गरेको छ । "सन् २००४ जनवरीदेखि २००७ डिसेम्वरसम्म तेस्रो चरण कार्यन्वयन अन्तिम चरणमा पुगेको छ *(अधिकारी र श्रेष्ठ, २०६२ : २ )*।"

देशको सर्वाङ्गीण विकासका लागि गाउँ र नगरको सन्तुलित विकास हुनुपर्दछ भन्ने मूल मान्यताबाट सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रम पोखरा उपमहानगरपालिकाको सशक्त शाखाको रुपमा रहेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा यस ऐनमा आधारित नियमावली २०५६ अनुसार सञ्चालित यस गाउँ नगर साझेदारी विकास कार्यक्रमलाई सहभागितात्मक विकेन्द्रित कार्यक्रम भन्न

सकिन्छ किनकि यस कार्यक्रमले स्थानीय व्यक्तिहरुलाई विकास कार्यमा सक्रिय गराउँछ ।

### ५.१.२ कार्यक्रमको उद्धेश्य र लक्षित वर्ग

गाउँ नगर साझेदारी विकास कार्यक्रम तथा पोखरा उप महानगरपालिका बीच २९ जून १९९८ मा सम्झौता भएको हो । सोही सम्झौता अनुरुप सहरी गरिबी न्यूनीकरण र सुशासनका लागि स्थानीय स्तरबाट पहल गरिनुपर्नेमा विशेष जोड दिइएको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रम तेस्रो चरण कार्यान्वयनका मुख्य उद्धेश्यहरु निम्न रहेका छन्*(अधिकारी र श्रेष्ठ,२०६२ : ३-४ )* :-

१. समाज परिचालनद्वारा गाउँ तथा नगरको गरिबी न्यूनीकरण गरी जीवनस्तर सुधार गर्ने ।

२. आर्थिक-सामाजिक विकासका क्रियाकलाप तथा योजना प्रक्रियामा समन्वय तथा अन्तरसम्बन्ध कायम गरी गाउँ र नगरबीचको अन्तरसम्बन्ध सुदृढीकरण गर्ने ।

३. सहरी सुशासनमा सुधार गरी आधारभूत सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने ।

४. दशौं योजनाको सहरी विकास सम्बन्धि नीति कार्यान्वयन गर्न राष्ट्रिय स्तरका सरकारी निकाय तथा नागरिक समाजको संस्थागत सुदृढीकरणमा सहयोग गर्ने ।

माथि उल्लेखित उद्धेश्यहरु परिपूर्तिका लागि गाउँ नगर साझेदारी विकास कार्यक्रमले समाज परिचालन, उद्यम विकास, सार्वजनिक सेवा प्रवाह, ऋण प्रवाह र ज्ञानका लागि सूचना प्रणालीको स्थापना, समन्वयात्मक विकासका लागि बजार केन्द्रको स्थापना, नगरवासीहरुको दक्षता अभिवृद्धि, नेतृत्व विकास र सशक्तीकरणका लागि तालिम दिने कार्य सञ्चालन गरेको छ । पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमले आफ्नो स्थापना कालदेखि नगरका १८ वटै वडाहरुमा टोल विकास संस्थाहरुको गठन गरी स्थानीय समाज परिचालनद्वारा सहरी सुशासन र

गरिबी न्यूनीकरणमा जोड दिएको छ । समाज परिचालनद्वारा अशक्त र पिछडिएका जनसमुदायलाई अगाडि बढाउने काम गरेको छ ।

गरिब, विपन्न र पिछडिएको समुदाय यस कार्यक्रमको लक्षित वर्ग हुन् । यस्ता वर्गलाई सामाजिक र आर्थिक रुपमा सक्षम गराउन यो कार्यक्रम स्थापना कालदेखि क्रियाशील छ । सामाजिक तथा आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनको परिचालनमा जोड दिने यस सहयोगी संस्थाले न्यून आय भएका जनसमुदाय, जनजाति तथा पिछडिएका वर्गहरुलाई केन्द्र बनाई विकासको रणनीति अघि सारेको छ । "यस कार्यक्रमले नगर तथा ग्रामिण बजार केन्द्रको टोल संस्थाबाट प्रस्ताव भई आएका सामाजिक एवं आर्थिक उद्यम व्यवसाय वा सहरी सुशासनका लागि आवश्यक सहभागितामूलक कार्यमा जोड दिई स्थानीय समुदायलाई आत्मनिर्भर तथा सक्षम बनाउनका लागि लागत सहभागिताका आधारमा तालिमको व्यवस्था आवश्यक प्रविधिको प्रयोग, बीउँ पूँजी अनुदान तथा ऋण सुविधा दिने कार्यक्रमको व्यवस्था गर्नुका साथै चेतना प्रवाह, स्थानीय समस्या पहिचान, जीवनस्तर उकास्ने कार्यहरुलाई पनि प्राथमिकता दिएको छ *(अधिकारी , २०५९ : ५ )* । "

ग्रामिण क्षेत्रलाई नगरको र नगर क्षेत्रलाई गाउँको आवश्यकता अनुरुप उत्पादन गर्ने र बजार व्यवस्थाको उचित परिचालन गर्ने पद्धतिमा यस कार्यक्रमले विशेष जोड दिएको छ । गरिबी न्यूनीकरणका लागि स्थानीय रोजगारको प्रवर्द्धन गर्दै आय आर्जनमूलक सेवाको विकास समय, स्थान, परिवेश र अवस्था अनुसार गरेको छ । उपयुर्क्त अध्ययनबाट के प्रष्ट हुन्छ भने गाउँ नगर साझेदारी विकास कार्यक्रमले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरी सहरी सुशासन र गरिबी न्यूनीकरणका लागि कार्य गर्दै आएको छ । सन् २००७ डिसेम्वरसम्मका लागि आफ्नो कार्यनीति कार्यान्वयन गरेको यो संस्था सहरी विकासका लागि निरन्तर अपरिहार्य देखिन्छ । समृद्ध सहर निर्माण गर्न यस कार्यक्रमले नगरपालिकाका अन्य शाखाहरुसँग सहकार्य गर्दै अगाडि बढेको छ ।

### ५.१.३ कार्य पद्धति र प्रक्रिया

वर्तमान सुसूचित नागरिक समाज आफ्नो हक र हित प्राप्तिको दिशामा निरन्तर अघि बढिरहेको छ । स्थानीय समस्याहरु स्थानीय व्यक्तिहरुले नै पारदर्शी, निश्पक्ष र जवाफदेही रुपमा समाधान गर्न सक्दछन् । त्यसैले शासन प्रत्यक्ष जनकेन्द्रित हुनुपर्दछ । जनजीवन र जनसमस्या पहिचान गर्न नसक्ने कुनै पनि निकायले शासन सञ्चालन गर्न सक्दैनन् । विकेन्द्रीकरणको यही सिद्धान्त अनुरुप राष्ट्र विकासको मूल मेरुदण्ड स्थानीय निकायलाई मानिन्छ । स्थानीय स्तरबाट नै स्थानीय समस्याहरु समाधान गर्न सकिने हुँदा विकासका हरेक कार्यमा स्थानीय जनसमुदायलाई सक्रिय रुपमा परिचालन गर्नुपर्दछ ।

जन सहभागितामूलक कार्यक्रममार्फत स्थानीय समुदायलाई स्थानीय विकासको मूल प्रवाहमा प्रत्यक्ष संलग्न गराउन सकिन्छ । वास्तवमा सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, आदिको समानुपातिक वितरण, सामाजिक विभेदको अन्त्य, कुरीति, कुप्रथा, अन्धविश्वास, शोषणको व्यवहारिक अन्त्य, सबै धर्म, भाषा र संस्कृतिको संवर्द्धन र विकास, सामाजिक अपराध नियन्त्रण, बालश्रम शोषणको उन्मूलन, अव्यवस्थित सहरीकरण र बसोबासको उचित व्यवस्था गर्ने कार्य नै सुशासनमा पर्दछन् । लोकतन्त्रको आधारशीला पनि सुशासनको विकास नै हो । सुशासनको यही मूल मन्त्र अनुसार गाउँ नगर साझेदारी विकास कार्यक्रमले स्थानीय स्तरमा आफ्नो कार्य सम्पादन गर्दै आएको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रको सक्रियतामा गठित टोल विकास संस्थाका विकास निर्माण, उद्यमशील कार्य, सुशासनको पहल लाई यसको प्रत्यक्ष उदाहरण मान्न सक्छौं ।

पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहरी सुशासन प्रवर्द्धनका लागि निम्न कार्यहरु गर्दैआएको छ

१. मानव संसाधन केन्द्रको स्थापना ।

२. नगरपालिका वडास्तरीय प्रोफाईल निर्माण ।

३. पिछडिएको वर्ग, समुदाय, जातजातिलाई सुसूचित गर्न नगर सूचना केन्द्रको स्थापना गरी सूचना सम्प्रेषण ।

४. सहभागितात्मक नगरपालिका योजना तर्जुमा प्रक्रियाका लागि टोल विकास संस्थालाई आवधिक योजनामा समावेश गराउने ।

५. गठित टोल विकास संस्थालाई सूचिकृत गर्ने ।

६. टोल विकास संस्था समन्वय समिति सञ्चालन निर्देशिकालाई नगरपालिकाबाट स्वीकृत गराउने ।

७. नागरिक वडापत्र प्रकाशनमा नगरपालिकालाई सहयोग गर्ने ।

८. स्थानीय विकासमा स्थानीय व्यक्तिहरुलाई क्रियाशील गराउनु ।

९. निम्न स्तरका र पिछडिएको जनसमुदायलाई एउटै संस्थामा आवद्ध गरी उनीहरुलाई सक्रिय गराउनु ।

१०. समुदाय परिचालनलाई प्राथमिकता दिनु ।

११. पेशागत जनजाति सहयोग कार्यक्रलाई प्राथमिकता दिनु ।

त्यस्तै गरी सुशासनका लागि यस कार्यक्रमले विभिन्न चरणमा ८९८ जनालाई नेतृत्व विकास तालिम, ५९७ जनालाई सहभागितात्मक नगरपालिका योजना तर्जूमा तालिम, १२३५ जनालाई, एच.आई.भी. एड्स र जेण्डर सचेतना तालिम दिएको छ ।

गरिबी न्यूनीकरण विश्व समुदायको मूल मुद्दा बनेको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरु विश्व गरिबी न्यूनीकरणमा लागेका छन् तैपनि गरिबीको अवस्था झनै नाजुक छ । अहिले आएर गरिबी न्यूनीकरणका लागि सामाजिक परिचालनलाई सबै भन्दा दरिलो माध्यम मानिन्छ । गरिब तथा पिछडिएका वर्गलाई स्वावलम्बन र आत्मनिर्भर गराउन सकियो भने गरिबी न्यूनीकरणमा टेवा पुग्छ । त्यसमा पनि नेपाल विकासोन्मुख देश हो । यहाँका अधिकांश मानिस गाउँमा बस्दछन् । परम्परागत कृषि प्रणालीमा आधारित जीवन जिउने नेपालीहरुको आर्थिक अवस्था दयनीय छ । बाँच्नका लागि आवश्यक न्यूनतम् आधार पनि कतिपय नेपालीको पहुँच भन्दा बाहिरको विषय बनेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात लगायत अन्य भौतिक सुबिधाको उपभोग गर्न नपाउने नेपालीहरुको संख्या उल्लेख्य रहेको छ । बाहिरबाट हेर्दा सहर जति सम्पन्न देखिन्छ त्यति छैन । सहरी गरिबीको संख्या र अवस्था अकल्पनीय छ । व्यक्तिमा निहित शारीरिक कमजोरी, आर्थिक दुर्बलता, शक्तिहीनता, आय वा सम्पत्तिमाथि कम पहुँच र एक्लोपना मात्र गरिबीको कारण नभई वेरोजगार,श्रमको माग र आपूर्तिमा अपर्याप्तता, दास, हलिया, बाँधा, कमैया प्रथाका

साथै त्रुटिपूर्ण सरकारी नीति, व्यक्तिमा श्रम र सीपको कमि, सामाजिक तडकभडक आदिलाई सहरी गरिबीको मूल कारण विभिन्न अध्ययनले देखाएको छ । खासगरी अन्तर्राष्ट्रिय तहमा मानवीय सूचकाङ्कका आधारमा गरिबीको मापन गरिन्छ । नेपाल जीवनस्तर सर्वेक्षण २०६०-६१ अनुसार नेपालको करिब ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको अनुमान छ । संख्यात्मक रुपमा ग्रामिण गरिबीको जीवनस्तर निकै दयनीय देखिएता पनि सहरी गरिबीको मापदण्ड पहिल्याई यकिन सर्वेक्षण गर्नु चुनौतिपूर्ण र अप्याठ्रो पनि रहेको बताइएको छ किनकि ग्रामिण गरिबीको तुलनामा सहरी गरिबीको अवस्था असोचनीय, विकराल र कहालीलाग्दो छ । सहरी क्षेत्रका गरिबहरु जीवन जीउनका लागि महङ्गो, असुरक्षित, लैङ्गिक विभेद र बढ्दो सहरी प्रदुशित वातावरणसँग जुध्नुपर्दछ, जुन कार्य सहज र सरल छैन । यस्तो विषम परिस्थितिमा पोखरा उपमहानगरपालिकाको कार्यालयले नगरमा व्याप्त गरिबी न्यूनीकरणका लागि पहल गरेको छ । गरिब, असक्षम परिवारको पहिचान र उनीहरुको जीवनस्तर उकास्नका लागि पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रम सक्रिय रुपमा सञ्चालित छ । यस कार्यक्रमले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरी हरेक टोलको समस्या पहिचान गरेको छ । ती समस्याहरु समाधानका लागि टोलवासीहरुसँग सहकार्य पनि गरेको छ । लघु उद्यम विकास र सञ्चालन, उद्यमीलाई तालिम, निम्न परिवारलाई ऋण प्रवाह जस्ता कार्यक्रमबाट गरिब परिवारलाई अगाडि बढाउने प्रयास पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमले गरेको छ । ऋण सहयोग गर्ने प्राथमिकताका आधार टोल विकास संस्थाको गरिब सदस्य, ४० प्रतिशत रकम महिला उद्यमी समूह र ३५ प्रतिशत रकम दलित, जनजाति र आन्तरिक रुपमा विस्थापित तर गरिबको उद्यमी समूहहरु हुन् ।

यस कार्यक्रमले २०६४/०६५ सम्म गरिबी न्यूनीकरणका लागि ८०१ वटा उद्यम सञ्चालन गर्दै आएको छ,, जसबाट २३९२ सदस्यहरु लाभान्वित भएका छन् । त्यस्तै १७० वटा अन्य आर्थिक उद्यमहरु पनि सञ्चालन भईरहेका छन् । यस्ता लघु उद्यमहरुबाट लगभग ३,४२,८६,५८०।०० रकम बराबरको आर्थिक कारोबार स्थानीय स्तरमा भएको छ । कार्यक्रमले गरिबी न्यूनीकरणका लागि हालसम्म २३९२ जनालाई उद्यम व्यवस्थापन तालिम, ३४८ जनालाई सीप विकास तालिम, ४२० जनालाई बचत

परिचालन तालिम सञ्चालन गरिसकेको छ *(न्यौपाने : गा.न.सा.वि.का, प्रस्तुत कार्यपत्र ,२०६४)* ।

**च्याउ खेती**



सहरी गरिबी न्यूनीकरणका लागि गरिब परिवारलाई यस गाउँ नगर साझेदारी विकास कार्यक्रमले च्याउ खेती जस्ता लघु कृषि कार्यमा लाग्न प्रेरित गर्दैआएको छ । यसबाट किसानहरु आयआर्जन गर्न सक्षम भएका छन् । व्यक्तिगत र सामूहिक रुपमा गरिएका च्याउ खेतीले किसानहरुको मनोबलसमेत बढाएको पाईन्छ ।

**गा.न.सा.वि.काले टोल सदस्यहरुलाई तालिम प्रदान गर्दै**



त्यस्तै गरी परम्परादेखि चल्दैआएका साना उद्यम ताथ परम्परागत पेशाको जगेर्ना, विकास गर्न र कार्य पद्धतिलाई सहज बनाउनका लागि यस कार्यक्रमले पेशाआवद्ध प्रबिधि समुदाय वा टोललाई हस्तान्तरण गरेको छ । भेटेरीनरी सेवाका लागि शूक्ष्मदर्शक यन्त्र, नर्सरी उद्यमका लागि एग्रोनेट तथा स्पेयर, सिलाईका लागि सिलाई मेसिन, इन्टरलक मेसिन, तामा पित्तल भाँडा बनाउने उद्यमीलाई भाँडा टल्काउने मेसिन, तरकारी कृषकहरुलाई चेक हस्तान्तरण गरेको छ । यसबाट साना उद्यमीहरु प्रत्यक्ष लाभान्वित भएका छन् । त्यस्तै गरी ठेलामा जुस बनाउने ग्रेण्डर मेसिन, बुटिकका लागि आवश्यक इम्ब्राइडरी मेसिनलगयत अन्य धेरै साधनहरु टोलका उद्यमीहरुलाई प्रदान गरेको छ ।

सहरी गरिबी न्यूनीकरण र सुशासन प्रवर्द्धनका लागि टोल विकासलाई सक्षम, सशक्त र क्षमतावान बनाउनु पर्छ भन्ने उद्धेश्य अनुसार यस कार्यक्रमले विभिन्न समयमा टोलवासीहरुलाई विभिन्न तालिमहरु प्रदान गर्दैआएको छ ।  निम्न तालिकाले यस्ता तालिमका बारेमा पुष्टि गरेको छ ।

**तालिका नं ५.१**

**सहरी गरिबी न्यूनीकरण र सुशासन प्रवर्द्धनका लागि प्रदान गरिएको तालिम**

| क्र. सं | तालिमको नाम | सहभागी संख्या र वर्ष स्थापनाबाट/०५९सम्म | कैफियत |
|---|---|---|---|
| १ | नेतृत्व विकास | ३३४ जना | सुशासन |
| २, | मानव संसाधन | १९८ जना | सुशासन/गरिबी न्यूनीकरण |
| ३, | सहभागितात्मक नगरपालिका योजना तर्जुमा | ३६९ जना | सुशासन |
| ४, | उद्यमव्यवस्थापन | ६३१ जना | गरिबी न्यूनीकरण |

*स्रोत : गा.न.सा.वि.का.*

यस्ता तालिमहरु विषेश गरी गरिबी न्यूनीकरण र सुशासन प्रवर्द्धनसँग आबद्ध छन् । तालिमबाट टोलवासीहरु सशक्त, सक्षम र नेतृत्व ग्रहण गर्न सक्ने भएका छन् । सशक्तीकरणमा जोड दिनु तालिमको प्रमुख लक्ष्य हो ।

**तालिका नं ५.२**

**२०६१/०६२ सालमा प्रदान गरेको तालिम**

| **क्र.सं** | **तालिमको नाम** | **सहभागी संख्या** |
|---|---|---|
| १. | उद्यम व्यवस्थापन तापलम | ११२ जना |
| २. | नेतृत्व विकास तालिम | ५०जना |
| ३. | सीप विकास तालिम | २४जना |
| ४. | एच. आई.भी. तालिम | ८०जना |
| ५. | पारालिगल तालिम | ३५जना |

*स्रोत : गा.न.सा.वि.का*

समयको माग, टोलवासीहरुको आवश्यकता अनुसार नयाँ विषयका तालिमहरु जस्तै द्वन्द्व व्यवस्थापन, बचत परिचालन, पारालिगल पनि यस गाउँ नगर साझेदारी विकास कार्यक्रमले प्रदान गरेको गर्दैआएको छ ।

**तालिका नं ५.३**

**२०६४/०६५ सालमा प्रदान गरेको तालिम**

| **क्र.सं** | **तालिमको नाम** | **सहभागी संख्या** |
|---|---|---|
| १. | बचत परिचालन | ३३ जना |
| २. | नेतृत्व विकास तालिम | १४८ जना |
| ३. | सीप विकास तालिम (कृषि) | १७ जना |
| ४. | द्वन्द्व व्यवस्थापन तालिम | ५६ जना |

*स्रोत : गा.न.सा.वि.का*

यसरी विभिन्न समयमा सञ्चालन गरिएका तालिमबाट टोलका सदस्यहरु सुसूचित, सचेत र जागरुक बनेको देखिन्छ । त्यस्तै समयको आवश्यकता अनुरुपका तालिमहरु पनि थप भएको पाइयो । द्वन्द्व व्यवस्थापन, एच. आई. भी.एड्स सम्बन्धि सचेतना तालिम, पारालिगल तालिम पछि थप गरिएका थिए । टोलबाट माग भई

आएका कारण उक्त तालिमहरु यस कार्यक्रमले प्रदान गरेको हो । तालिमको प्रभावबाट प्रभावित टोलवासीहरुमा आफ्नो टोल आफै विकास गर्नुपर्छ भन्ने धारणाको पनि विकास भएको पाईन्छ । यी तालिमहरुले स्वावलम्वनको पाठसमेत सिकाएको कुरा प्रष्ट हुन्छ । यी सम्पूर्ण कार्यका आधारमा गाउँ नगर साझेदारी विकास कार्यक्रमलाई सहरी सुशासन प्रत्याभूतिका दृष्टिले सफल कार्यक्रम मान्न सकिन्छ ।

## ५.२ टोल विकास संस्थाको संस्थागत विकासका सन्दर्भमा

गाउँ नगर साझेदारी विकास कार्यक्रमको प्रमुख कार्यक्षेत्र नगरका वडाहरु हुन् । सामाजिक, भौगोलिक, आर्थिक, जातीय एवं लैङ्गिक विषमताले विकासमा अवरोध सिर्जना गरेको वर्तमान अवस्थामा यस कार्यक्रमले टोल विकास संस्थाको गठन गरी सामाजिक एकता वृद्धि गरेको छ । समान सहभागिता, समाज परिचालन, सशक्तीकरण, उद्यम विकास, मानव संसाधनको विकास सम्बन्धि अवधारणाले महत्वपूर्ण स्थान ओगटेको छ । फलस्वरुप यिनै अवधारणा अनुरुप सेवाप्रवाह गर्ने स्थानीय संघ सस्थाहरु हरेक देशमा कुनै न कुनै उद्धेश्य र लक्ष्यका साथ स्थापना भएका छन् । संयुक्त राष्ट्र संघको स्थापना र यससँग सम्बन्धित कार्यक्रमहरुले विश्वको मुहार नै परिवर्तन गरिदिएका छन् । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमले सामाजिक, आर्थिक, भौतिक विकासका लागि अघि सारेको समाज परिचालन सिद्धान्तको प्रभाव विश्वका प्रत्येक संघ संस्थाहरुलाई परेको छ । विकसित, अविकसित र विकासोन्मुख हरेक देशहरुका लागि यो सिद्धान्त वरदान नै सावित भएको छ ।


सुशासनको प्रत्याभूति, गरिबी न्यूनीकरण, विभेदको अन्त्य जस्ता मूल नाराका साथ संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोग र स्थानीय विकास मन्त्रालयद्वारा सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रमले स्थानीय श्रम, सीप र पूँजीलाई स्थानीय विकासमा लगाउन टोल विकास संस्थाको अवधारणा अघि सारेको हो । टोल विकास संस्थाको गठनमा नगरपालिका र गाउँ नगर साझेदारी विकास कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । नगरपालिका र ग्रामिण बजार केन्द्रको निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरधुरी समेटी टोल विकास संस्थाको गठन गाउँ

नगर साझेदारी कार्यक्रमको संयोजकत्वमा गरिन्छ । टोल गठनका लागि स्थानीय समाज सचेतना कार्यक्रम प्राथमिक कार्यमा पर्दछ ।

निश्चित भौगोलिक क्षेत्र निर्धारणका आधारमा टोल विकास संस्थाको गठन गरिएका छन् । गाउँ नगर साझेदारी विकास कार्यक्रमका समाज परिचालकहरुको सहयोग र सहकार्यमा टोलको गठन गरिन्छ । एउटा टोल विकास संस्थाका लागि कम्तीमा ८० घरधुरी रहनुपर्दछ । एक घर एक सदस्य हुनु पनि आवश्यक हुन्छ । नगरपालिका गाउँ नगर साझदारी विकास कार्यक्रमको सक्रियतामा गठित टोल विकास संस्था परिचालनका लागि कार्यसमितिको छनोट पनि हुन्छ । समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषध्याक्ष, सचिव लगायत आवश्यकमात्रामा सदस्यहरु छनोट गरिन्छ । उनीहरु कै केन्द्रीयतामा टोलमा बैठक बस्ने, योजना तर्जूमा गर्ने, योजना कार्यान्वयन गर्ने, बजेट बाँडफाड गर्ने, बचत कार्य सञ्चालन, ऋृण लगानी, गरिब परिवार छनोट, टोलका सम्पूर्ण कार्यहरुको प्राथमिक तहको अनुगमन, निरिक्षण र सुझाव दिने काम भएको हुन्छ । यी सम्पूर्ण कामका लागि निर्देशन, परामर्श, सहयोग, सल्लाह र आवश्यक बजेट गाउँ नगर साझेदारी विकास कार्यक्रमले नगरपालिका मार्फत प्रदान गर्दछ । त्यसैले नगरपालिका, गाउँ नगर साझेदारी विकास कार्यक्रम र टोल विकास संस्था बीचको सम्बन्धलाई यसरी प्रष्ट पार्न सकिन्छ :-

**चित्र नं ५.१**


**न.पा., गा.न.सा.वि.का. र टो.वि को अन्तर सम्बन्ध**



यसरी टोलको गठनदेखि टोलका सम्पूर्ण गतिविधिमा नगरपालिका र गाउँ नगर साझेदारी विकास कार्यक्रमले पूर्णत सहयोग र सहकार्य गर्ने भएकाले यस संस्थालाई नगरपालिकाको सशक्त अङ्ग मानिन्छ । टोलको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक विकास गर्न, आपसी समन्वय र समझदारी बढाउन, सुशासनको विकास गर्न, हरेक स्थानमा टोलवासीहरुको पहुँच पुचाउन, गरिबी न्यूनीकरण गर्न, टोलबासीहरुको क्षमता अभिवृद्धि गर्नका लागि नै गाउँ नगर साझेदारी कार्यक्रमको सक्रियतामा टोल विकास संस्थाको गठन हुन्छ । महिला, जनजाति, दलित र पिछडिएका वर्गहरुलाई संस्थामा आवद्ध गराउने लक्ष्य टोलविकास संस्थाको हुन्छ । नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने तर संस्थामा आवद्ध व्यक्तिलाई संस्थाको अध्यक्ष चयन गरिन्छ । त्यस पछि आवश्यकता अनुसार उपाध्यक्ष, सचिव, कोषध्यक्ष र अन्य सदस्यहरुको छनोट गरिन्छ । संस्थाका सदस्यहरुको क्षमता र दक्षता अभिवृद्धिका लागि गाउँनगर साझेदारी विकास कार्यक्रमले नेतृत्व विकास, कार्य सम्पादन, सशक्तीकरण, सचेतनाजस्ता तालिमहरु दिएर उनीहरुलाई क्रियाशील बनाउन सहयोग गर्दछ । पोखरा उपमहानगरपालिकाका १८ वडामा ३३५ वटा टोल विकास संस्थाहरु गठन भएकोमा हाल आएर गठित टोलहरु पुनःगठन प्रक्रिया अनुसार टोलहरु थपघट भएका छन् । अर्थात दुई वटा टोललाई एउटै टोल अन्तर्गत राखी पुर्नगठन गरिएको छ तर संलग्न घरधुरी र सदस्य संख्या भने बढ्दो क्रममा छन् । टोल विकास संस्थालाई सशक्त, क्रियाशील र जागरुक बनाउन पुनगर्ठन गर्ने कार्य भएको हो । २२४ वटा टोलहरु दर्ता सूचिमा रहेका छन् । यी टोल विकास संस्थामा पुरुष सदस्यहरु ९,४१९ र महिला सदस्य ११,७६३ जना गरी जम्मा २१,१८२ जना छन् । गठित टोल विकास संस्थाहरु क्रमशः सूचिकृत हुँदै गएका छन् ।

**चित्र नं. ५.२**

**टोल विकास संस्था सूचिकृत हुने क्रम**





*स्रोतः गा.न.सा.वि.का.*

आ.व २०६२/०६३ सम्ममा १६९, २०६३/०६४ मा ४७ वटा टोल सूचिकृत भएर कूल २१६ वटा टोल सूचिकृत भईसकेका थिए भने आर्थिक वर्ष २०६४/०६५ मा ५५ वटा टोलहरु सूचिकृत भईसके र अन्य हुने अवस्थामा छन् । त्यस्तै गरी टोल विकास संस्थाले वडा स्तरीय प्रोफाइलहरु तयार गर्ने कार्य समेत गर्दै आएको छ । समन्वय, समझदारी, आपसी छलफल, एकता र अर्न्तसम्बन्धको सिद्धान्तलाई टोल विकास संस्थाले मूर्त रुप दिएको छ । गरिब र विपन्न अनि पहुँच नभएका नगरवासीहरुको दाहिने हात बनेको छ टोल विकास संस्था । वि. सं २०५८ सालमा यस नगरपालिकाका १८ वटा वडामा कूल २५६ वटा टोल विकास सस्थाहरु गठन भएका थिए । यी संस्थाहरुमा १२५४७ भन्दा बढी सदस्यहरु रहेका थिए । जसमा महिला ४४०९ र पुरुष ६४२१ जना सलग्न थिए । यसबाट के प्रष्ट हुन्छ भने टोल विकास संस्थाले महिला सशक्तीकरणमा पनि जोड दिएको छ । प्रत्येक वडाका करिब ११,९३० जना व्यक्तिहरुलाई गाउँ नगर विकास कार्यक्रम र टोल विकास संस्थाको महत्वका बारेमा चेतना अभिवृद्धि पश्चात नै टोलको गठनमा तिव्रता आएको थियो । टोल गठनको आरम्भिक प्रक्रियालाई निम्न चित्रले प्रष्ट पारेको छ -

**चित्र नं ५.३**

**टोल गठनको आरम्भिक अवस्था**




*स्रोतः गा.न.सा.वि.का.*

गाउँ नगर साझेदारी विकास कार्यक्रमका कार्यनीति भित्र स्थानीय निकाय तथा टोल विकास संस्थालाई सक्षम बनाई सुशासन प्रवर्द्धन, गरिबी न्यूनीकरण, क्षमता अभिवृद्धि र मानव संसाधनको विकास, आपसी समन्वय र सहकार्यमा जोड जस्ता बुँदाहरु पर्दछन । 'टोल विकास संस्थाबाट प्रस्ताव भई आएका सामाजिक एवं आर्थिक उद्यम-व्यवसाय वा परियोजनालाई लागत सहभागिताका आधारमा स्थानीय स्तरमा सूचना प्रवाह, उद्यमीहरुलाई ऋण सुविधा उपलब्ध गराउने, सामाजिक आर्थिक पूर्वाधारका लागि बीउँ पूजी, व्यवसाय सञ्चालनका लागि तालिम दिने र प्रविधि उपलब्ध गराउने काम यस गाउँ नगर साझेदारी विकास कार्यक्रमले गरेको छ *( अधिकारी, २०५९ : ५-६ )*।

सुशासनका लागि पारदर्शी, जनसहभागिता र सचेतनाको माध्यमबाट नगरवासीहरुको समग्र विकासमा टेवा पु-याउने उद्धेश्य टोल विकास संस्थाको सूचिकृत गरी हरेक व्यक्तिगत घटना तथा सिफारिसहरु टोल विकास संस्थाबाट वडा र वडाबाट नगरपालिकाको कार्यालयमा सिफारिस गरिने कार्यको थालनीसमेत भएको छ । उक्त कार्यलाई सहज बनाउनका लागि टोल विकास संस्थाहरु आफैमा सक्षम हुनुपर्ने हुनाले टोलको पुनर्गठन कार्य पनि भईरहेको छ । त्यस्तै वडास्तरीय प्रोफाइल निर्माण, गरिबी न्यनीकरणका लागि बचत संकलन कार्यले पनि सार्थकता पाएको छ । गाउँ नगर

साझेदारी विकास कार्यक्रमको दिगोपना र नगरको समग्र सामाजिक परिचालन र गरिबी न्यूनीकरणमा टेवा दिने उद्धेश्यले स्थानीय विकास घुम्ती कोषका रुपमा नगरपालिका साझेदारी विकास कोष स्थापना भएको छ ।


## ५.३ सामुदायिक परिचालनका पद्धतिहरु

समाज परिचालन सामाजिक विकास, समाज परिवर्तन, सस्कृतिको रक्षा, एकता र सामाजिक समझदारीका लागि गरिन्छ । मानव संशाधनको विकास र सशक्तीकरणका लागि समाज परिचालनलाई भरपर्दो माध्यम मानिन्छ । गाउँ नगर साझेदारी विकास कार्यक्रम कार्यान्वयनको क्षेत्र स्थानीय समुदाय हो । यस संस्थाले आफ्ना सबै क्रियाकलाप समुदायमार्फत सञ्चालन गर्दैआएको छ । किनकि विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय समाज, सामाजिक व्यक्तिहरु नै विकासका आधार हुन् । विकासका हरेक पक्षमा स्थानीय साधन र स्रोतको समुचित प्रयोग गर्ने नीति विश्व भरी नै सफल बन्दै गएको छ । योजनावद्ध विकासको थालनी संगसंगै विकासमा थुप्रै अवधारणाहरु प्रयोगमा आएका छन् । सन् १९८० को दशकमा दिगो विकासका लागि विकेन्द्रीकरण तथा जनसहभागितामा जोड दिनुपर्ने बताईएको छ । जनता केन्द्रीत विकास अवधारणाले विकासको बृहत आयामलाई समेट्ने हुँदा नेपालमा पनि समाज परिचालनलाई अगाडि सारिएको छ । समाज परिचालनबाट समुदायको कल्याणका लागि मात्र नभई समग्र देश कै हितमा ऐच्छिक कार्य भएका हुन्छन् । वास्तवमा वैयक्तिक हितमा मात्र काम गर्ने नागरिकहर त्यस देशका असल नागरिक होईनन् । समुदायमा गरिने सबै कार्यहरु सबैको साझा हितका लागि हुन्छन् । यस्ता कार्यहरु समाज परिचालनद्वारा मात्र संभव हुन्छन् । स्थानीय विकास निर्माण, नागरिक हक प्राप्ति, मानव अधिकारको विकास र समग्रमा राष्ट्रिय उत्थानका लागि समुदायका मानिसहरुलाई समान रप्मा सहभागी गराउनु समाज परिचालनको लक्ष्य हो । जनसहभागिता जुटाउनु नै समाज परिचालन गर्नु हो । नेपालमा सन् १९५० को त्रिभुवन गाउँ विकास कार्यक्रमदेखि वर्तमान टोल विकास संस्था, आमा समूह, विभिन्न क्लवहरुले पनि समाज परिचालन रणनीति अवलम्वन गरेका छन् । समाज परिचालनका लागि समूह निर्माण प्राथमिक कार्यमा पर्दछ । त्यसपछि कार्य विभाजन,

सूचना प्रवाह, नियमित बैठक, अभिलेख निर्माण, आवश्यकताको पहिचान, साझा भावनाको विकास, सामूहिक निर्णय गर्दै अघि बढ्नुपर्दछ ।

**तालिका नं. ५.४**

**समाज परिचालनका मूल मान्यता**





*स्रोत : गाउँ नगर साझेदारी विकास कार्यक्रम*

गाउँ नगर साझेदारी विकास कार्यक्रमको प्रमुख लक्ष्य पनि समाज परिचालनद्वारा स्थानीय विकास गर्नु हो । त्यसैले यस कार्यक्रमलाई समाज परिचालनको सिद्धान्तभन्दा फरक दृष्टिले हेर्न नहुने धारणा संस्थामा आवद्ध व्यक्तिहरुको छ । खासगरी यस कार्यक्रमले स्थानीय स्तरमा संस्थागत विकासबाट शुसासनमा सहयोग पुऱ्याउनका लागि समाज परिचालनको रणनीति अपनाएको हो । समाज परिचालनका लागि यस कार्यक्रमले टोल विकास सस्था गठन गरि टोलको सस्थागत विकासका कार्यहरु अगाडी बढाएको छ । यसका लागि प्रत्येक घरधुरीको संलग्नतामा टोल टोलमा गठित टोल विकास संस्थाको संस्थागत विकासको दीर्घकालिन स्थायित्वका लागि टोल विकास सस्था दर्ता/ सूचिकृत कार्य समेत गरेको छ । नगरका टोलवासीको उत्थान, विकेन्द्रित स्थानीय स्वायत्त शासनको विकासका लागि स्थानीय स्तरमा स्थानीय नागरिकहरुलाई परिचालन गरेको छ । यस कार्यक्रमले समाज परचालनलाई विकासको आधार मानेको छ । समाजका सबै नागरिकहरुले सामूहिक

रुपमा जे जस्तो समस्या पनि समाधान गर्न सक्छन्, त्यसैले उनीहरुलाई बेवास्ता गर्दा नगरको विकास अवरुद्ध हुन्छ । सक्रिय नागरिकले आफ्नो समाजलाई अगाडि बढाउँछन् । यसका लागि हरेक नागरिकको क्षमता, दक्षता, ज्ञान, सीप र लगनको पहिचान गर्नुपर्दछ । तसर्थ यस कार्यक्रमले निम्न सैद्धान्तिक आधारहरुमा रहेर स्थानीय समाज परिचालन गरेको छ ।

**तालिका नं. ५.५**

**गाउँ नगर साझेदारी विकास कार्यक्रमको समाज परिचालन सिद्धान्त**




*स्रोत : गाउँ नगर साझेदारी विकास कार्यक्रम*

यसरी गाउँ नगर साझेदारी विकास कार्यक्रमले स्थानीय समाज परिचालन गरी स्थानीय विकासका कदमहरु अगाडि बढाउनु पर्ने सिद्धान्तलाई प्राथमिकता दिदैं आएको छ । समाज परिचालनलाई एक अर्थमा सुशासनको प्रमुख अङ्ग मानिन्छ । त्यसैले यो कार्यक्रम सुशासन प्रत्याभूतिमा क्रियाशील छ । पिछडिएको वर्गलाई लक्षित गरी आफ्नो कार्य योजना तय गरेका कारण यस संस्थालाई निम्न आय आर्जन हुने वर्गका लागि सहयोगी संस्था भन्न पनि सकिन्छ । सबै क्षेत्र, वर्ग, जात जातिको सहयोगमा यो

संस्थाको स्थायित्व हुने हुँदा सहयोगका लागि स्थानीय समाजसँग सहकार्य गर्दै आएको छ । स्थानीय समाज परिचालन गरी स्थानीय विकास संभव हुन्छ भन्ने सिद्धान्तकै प्रतिफलका रुपमा टोल विकास संस्थाको जन्म भएको हो । टोल विकास संस्थाले स्थानीय विकास, सुशासन, गरिबी न्यूनीकरणमा नगरपालिकालाई सहयोग गर्दै आएका छन् । त्यसैले टोल विकास संस्था नगरपालिकाको केन्द्र बन्न पुगेको छ ।

# kl/R5]b 5

## 6f]n ljsf; ;+:yfsf] ;+:yfut sfo{ ljZn]if0f

### ६.१ विषय प्रवेश

‘सहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामजिक तथा आर्थिक विकासका साथै सहरी सुशासन प्रवर्द्धन गर्न नगरपालिकामा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरधुरी सदस्य रहने गरी एक घर एक सदस्यको आधारमा सबै घरधुरीलाई आवद्ध गराई सबै घरको प्रतिनिधित्व हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने बहुउद्देश्यीय संस्थालाई टोल विकास संस्था भनिन्छ *(अधिकारी र श्रेष्ठ, २०६२ : ५)* । अध्ययन छनोटमा परेका टोल विकास संस्थाले पनि यस परिभाषालाई प्रष्ट पारेका छन् । अध्ययनलाई हेर्दा टोल विकास संस्थाहरु बहुआयामिक सामाजिक संस्था पनि हुन् । यस संस्थाले मानव जीवन र प्रकृति, वातावरण, स्वास्थ्य र शिक्षा, अर्थ र विकास, द्वन्द्व र शान्ति जस्ता विविध विषयको सरोकार राख्दछ । हरेक पक्षसँग यो संस्था सम्बन्धित भएका कारण यस संस्थाको महत्व पनि व्यापक छ । स्थानीय स्वायत्त निकायका पूर्वाधार यी संस्थामा हुन्छन् । टोल विकास संस्थाले विकेन्द्रीकरणको आधारभूत संरचनालाई आत्मसात गरेको हुन्छ । निश्चित प्रक्रिया र कार्यविधिद्वारा संचालित यस संस्थाले निश्चित भौगोलिक क्षेत्र, साझा अवधारणा र साझा उद्धेश्य, सामाजिक वातावरण, सुशासन प्रवर्द्धन र गरिबी न्यूनीकरण, लैङ्गिक समानता र समाजिक न्याय, स्थानीय स्रोत र साधनको परिचालन जस्ता पक्षमा जोड दिन्छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमको सहरी सुशासन, गरिबी न्यूनीकरण र दिगो विकासका लागि स्थानीय जनसमुदायको सशक्तीकरण भन्ने मूल लक्ष्य अनुसार नै टोल विकास संस्थाको गठन हुन्छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमको मुख्य लक्ष्य समाज परिचालनद्वारा सहरी सुशासन र गरिबी न्यूनीकरण गर्नु हो ।

टोल टोलका समाजसेवीहरुलाई जम्मा गरी कार्यक्रमका बारेमा प्रशिक्षण दिएर यस नगरपालिकामा टोल विकास संस्थाको आरम्भ गरिएको थियो । सचेतना र जनसेवामुखी धारणाको कमिका कारण टोल विकास संस्था स्थापना गर्न निकै समस्या भएको कुरा संस्थासँग आवद्ध प्रतिनिधिहरुले बताउनुभएको छ । चेतनाको विस्तार र टोल विकास संस्थाको जनसेवाबाट प्रभावितहरुको सक्रियतामा क्रमशः टोल विकास संस्थाहरु सूचिकृत हुदै गएका छन् । भने नवीकरण हुने टोलहरु पनि बढ्ने क्रममा रहेका छन् ।

आफ्नो श्रम, सीप, जाँगर आफ्नै लागि भन्ने चेतनाको कमिका कारण शुरुमा टोल विकास संस्थाको गठन गर्न निकै गाह्रो भए पनि संस्थामा संलग्न व्यक्तिहरुको मेहनत र सहकार्यले पापेखरा उपमहानगरपालिकाका सबै वडाहरुमा टोल विकास संस्थाको गठन भयो । गठन गरिएका टोल विकास संस्थाहरुले मासिक बैठक बसी आफ्नो टोलका समस्याहरु पचिान गरी समाधान गर्ने, टोलमा संलग्न व्यक्तिहरुबाट बचत संकलन गर्ने, गरिब पविारलाई उद्यमका लागि ऋृण दिने जस्ता कार्यहरु सञ्चालन गर्न थाले । स्थानीय विकासमा उनीहरुले दिएको देनबाट प्रभावित अन्य वडाहरुमा पनि विस्तारै टोल विकास संस्थाको गठन हुन थाल्यो । गरिबी न्यूनीकरण तथा दिगो विकासका लागि टोल विकास संस्थाले टोलवासीहरुको उद्यमशीलतामा जोड दिन्छ ।  टोल विकास संस्थाको बैठकले सदस्य चयन र टोल विकास योजनाको तर्जुमा गर्दछ । टोल विकास संस्थाको लक्षित वर्गमा विपन्न परिवार, महिला, दलित, आदिवासी जनजातिहरु पर्दछन् । उनीहरुलाई नागरिक हक प्रदान गराई स्थानीय विकासमा सहभागी हुने अवसर पनि टोल विकास संस्थाले प्रदान गर्दछ । टोल विकास संस्थामा आवद्ध सदस्यहरुलाई आवश्यक तालिम तथा प्राबिधिक सहयोग नगरपाकिाको गाउँ नगर साझेदारी विकास शाखाले गर्दछ ।

## ६.२ संस्थाले आत्मसात् गरेका मुलभूत मान्यताहरु

टोल विकास संस्थालाई गाउँ नगर साझेदारी विकास कार्यक्रमको सहयोगी र प्रभावकारी संस्था मानिन्छ । टोल, समाज, क्षेत्र र समग्र नगरको सर्वोपरी विकासमा टोलले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । वर्तमान सहरी जनजीवनलाई सहज

बनाउन टोलले सुशासन र गरिबी न्यूनीकरणको रणनीति अघि सारेको हो । नगर विकास योजना, स्थानीय समस्या पहिचान र परिचालनमा टोल विकास संस्थाले समुदाय परिचालन गर्दै आएको छ । विकास, सुशासन, गरिबी न्यूनीकरणसँग आवद्ध कार्य सञ्चालनका लागि टोल विकास संस्थाले देहायका मान्यताहरुलाई स्वीकार गरेको छ :-

- निश्चित भौगोलिक क्षेत्र वा बस्ती समेट्ने ।
- सहरी समाज परिचालन प्रक्रियामार्फत टोल गठन गर्ने ।
- विकेन्द्रीकरणको सिद्धान्त अवलम्वन गर्ने ।
- साझा उद्धेश्य, साझा भावना, सामूहिक कार्यमा जोड दिने ।
- सञ्चालन र विस्तारमा निश्चित प्रक्रिया र विधिलाई आधार मान्ने ।
- एक घर एक सदस्यको अवधारणालाई प्रमुख स्थान दिने ।
- लैङ्गिक समता र सामाजिक न्याय प्रवर्द्धन गराउने ।
- स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने ।
- स्थानीय निकायमा सूचिकृतहुने ।
- बचत परिचालन, उद्यम विकास, तालिमको आवश्यकता पहिचान र सिफारिस गर्ने ।
- टोलको समग्र विकासका लागि स्थानीय रणनीति निर्माण गरी सम्बन्धित क्षेत्रसम्म पुऱ्याउने र आवश्यक योजना स्वीकृत गराउने

जनताको जीवनस्तर उकास्न आर्थिक तथा सामाजिक अवसरको पहिचान र पचिालन गरी गाउँ नगरबीचको अर्न्तसम्बन्धलाई सुदृढ गर्ने खालका विभिन्न अर्थोपार्जन गर्ने कार्यक्रमहरुलाई सहयोग गर्दै आएको छ । गरिबी न्यूनीकरण कार्यक्रम होस् वा सुशासन विकास दुवै कार्यक्रमका लागि निश्चित मापदण्डलाई आधार बनाउनु टोल विकास संस्थाको पारदर्शी र जिवाफदेही कार्य हो । उपयुर्क्त मान्यतालाई पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रममार्फत गठन भएका सबै

टोल विकास संस्थाहरुले स्वीकार गरेका छन् । त्यसैले यस संस्थाले नगर विकासका लागि विश्वासनियता कायम राखेको छ ।

## ६.३ संस्थाका विषेशताहरु

नमूना छनोटमा परेका टोल विकास संस्थाका सम्पूर्ण गतिविधिका आधारमा टोल विकास संस्थाका विषेशताहरु (*एक दिवसीय अनुशिक्षण दिग्दर्शन, यु.एन.डि.पि, २०६१*) यस प्रकार रहेका छन् :-

**१. वैधानिकता**

हरेक टोल विकास सस्थाहरु वैधानिक हुनुपर्दछ । टोल विकास संस्थाहरु नगरमा नगरपालिका तथा ग्रामिण बजार केन्द्रका गाविसमा दर्ता हुनुदर्ने प्रावधानका कारण यिनीहरुलाई वैधानिक संस्था मानिन्छ । वैधानिकताले टोल विकास संस्थाको दिगोपनालाई निश्चित गरेको हुन्छ ।

**२. सामाजिक मूल्य र मान्यता**

टोल विकास संस्था विकासको साझा अवधारणा हो । समाज बाहिर यी सस्थाहरु रहन सक्दैनन् । यसकारण यस संस्थाले समाजमा सामाजिक मूल्य र मान्यता प्राप्त गरेको हुनुपर्दछ ।

**३. स्थायीत्व**

टोल विकास संस्थाहरुले समाजमा सामाजिक सेवा प्रवाह गरेका हुन्छन् । सामाजिक सद्भावको विकास गराउँछन् र स्थानीय स्तरमा गठन हुने हुँदा यिनीहरुको स्थायीत्व सुनिश्चित हुन्छ र हुनुपर्दछ ।

**४. समानता**

टोलका सबै घरधुरी, वर्ग, लिङ्ग, जात, धर्म र पेशालाई समेट्ने हुँदा । समानतालाई संस्थाको मूल मन्त्र मानिन्छ ।

**५. समावेशी अवधारणा**

यस संस्थाले पिछडिएको वर्ग, समुदाय, लिङ्ग र जातजातिलाई समेट्ने हुँदा समावेशी हुनु नितान्त आवश्यक हुन्छ ।

**६. उत्तरदायित्व र जवाफदेहिता**

सदस्य संख्याको साझा निर्णयानुसार संस्थाको काम गर्नुपर्दछ । वैद्य टोल विकास संस्थाहरुले पूर्णत उत्तरदायित्व निभाउन सक्ने हुनुपर्दछ । संस्थाका कामहरु प्रष्ट र निर्देशित हुन्छ । के ? किन ? कसरी ? भन्ने प्रश्नको उत्तर जिम्मेवार लिने व्यक्तिले दिनसक्नु पर्दछ ।

**७. समन्वयात्मक धारणा**


आपसी सहयोग, सदभाव, सुख-दुख एक अर्कामा बाडेर समन्वलाई यस संस्थाले प्राथमिकता दिएका कारण नै टोल विकास संस्थालाई सहयोगी संस्था मानिन्छ ।

**८. पारदर्शिता**

यस संस्थाका हरेक कामहरु पारदर्शी हुन्छन् । नगरपालिकाको प्रत्यक्ष निगरानीमा टोलका गतिविधि सञ्चालन हुँने हुँदा यसका कामहरु प्रष्ट र उद्धेश्यमूलक हुन्छन् । साथै आपसी छलफलबाट निष्कर्ष निकालिने भएका कारण पनि टोल विकास संस्थाहरुलाई पारदर्शी संस्था मानिन्छ ।यस प्रकार सारगर्भित विशेषता बोकेको टोल विकास संस्थाले नागरिक समाजबाट आशा लाग्दो सहयोग भने पाएको छैन । अस्तव्यस्त राजनैतिक अवस्था भएको वर्तमान परिवेशमा यो संस्थाले आफ्नो गतिमा अगाडि बढी उद्धेश्य पूरा गराउन सकेको भने देखिदैन ।

**तालिका नं. ६.१**

**टोल विकास संस्थाका विशेषताहरु**




*स्रोत: गा.न.सा.वि.का.*

## ६.४ क्षेत्रगत तथ्य विश्लेषण

### ६.४.१ टोल विकास संस्थाले सम्पादन गरेका कार्यहरुको समीक्षा

अध्ययन अबधिमा वडा नं ३ र १८का समन्वय समितिक चयन छलफल, बचत र ऋण प्रवाह, नेतृत्व चयन, टोलका समस्या छलफल सम्बन्धि बैठक, लैङ्गिक समानता कार्यक्रम, सहकारी विकाससम्बन्धि छलफल, सदस्यलाई आवश्यक सिफारिस प्रदान, तालिम र प्रमाणपत्र वितरणजस्ता कार्यहरुमा सहभागी भई गरिएको अध्ययन र छलफलबाट टोल विकास समितिले गरेका कार्यहरुको विश्लेषण गरिएको छ ।

### ६.४.२ वडा नं ३ का टोल विकास संस्थाहरुले गरेका कार्यहरुको समीक्षा

यस शोध कार्यका लागि पोखरा उपमहानगरपालिका वडा नं ३ लाई प्रमुख अध्ययन क्षेत्रका रुपमा लिईएको छ । नगरपालिकाको केन्द्रमा यो वडा रहेको छ । यस वडामा पोखराको पुरानो र प्रसिद्ध बजार क्षेत्र तेर्सापट्टी, नालाकोमुख, नदीपुरदेखि बगर क्षेत्रलाई छोएको छ । पोखरा नगर विकासका लागि यस वडाको छुट्टै महत्व छ । यहाँका स्थानीय वासिन्दाहरुले पोखरा उपमहानगरपालिकालाई पुऱ्याएको योगदान अविस्मरणीय रहेको कुरा यस वडाका स्थायी वासिन्दा टंकमान नापित बताउनुहुन्छ । नगरपालिका गाउँनगर साझेदारी विकास कार्यक्रमको सक्रियतामा गठन भएको पहिलो टोल विकास संस्था भि.सी. मार्ग टोल विकास संस्था हो । यस संस्थाको स्थापना २०६३ साल असार २४ गते भएको हो । त्यसपछि अन्य टोल विकास संस्थाहरु क्रमशः गठन हुँदै गएका हुन् र हाल यस वडामा १० वटा टोल विकास संस्था छन् । यस वडामा गठित टोल विकास संस्थाले १,७३९ घरधुरी समेटेको छ । सबै टोल विकास संस्थाहरुमा कूल ६,९६२ सदस्य संख्या रहेका छन् । जसमा ३,६३२ जना महिला सदस्य र ३,३३२ जना पुरुष सदस्य छन् (*गा.न.सा.वि.का. बाट प्राप्त जानकारी अनुसार*) ।

यी सम्पूर्ण टोल विकास संस्थाहरुमा आपसी समझदारीमा नेतृत्व लिनसक्ने अध्यक्ष, उपाध्यक्ष, कोषध्याक्ष, सचिव लगायत आवश्यकमात्रामा सदस्यहरु छनोट गरिएको छ । १० वटै टोलको वडास्तरीय वडा समन्वय समितिको अध्यक्षमा हाल शशीधर पराजुली रहनु भएको छ । हरेक टोलसँग समन्वय गरी टोलका समग्र पक्षलाई नगरपालिका सम्म पुऱ्याउने काम उहाँबाट हुँदै आएको छ । यस समन्वय समितिमा

उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, सदस्यहरु र सल्लाहकारहरुको छनोट पनि गरिएको छ । समन्वय समिति सल्लाहकारमा वडाका राजनीतिज्ञ, समाजसेवी, महिला प्रतिनिधि, प्राध्यापक, व्यापारी लगायत अन्य सक्रिय व्यक्तिहरु रहेका छन् । यसबाट टोल विकास संस्थालाई उचित राय, सुझाव र सल्लाह प्राप्त गरेको कुरा टोल विकास संस्थाका अध्यक्ष बताउनुहुन्छ ।

स्थानीय विकासमा स्थानीय वासिन्दाहरुको सहभागिता आवश्यक हुँने देखेर यस वडाका वसिन्दाहरु टोल विकास संस्थामा आवद्ध भएको धारणा शशीधर पराजुलीको छ । टोलमा हुने हरेक कार्यलाई गाउँ नगर साझेदारी विकास कार्यक्रमका समाज परिचालकहरुले सहयोग र सहकार्य गर्दछन् ।

**टोल गठनमा समाज परिचालकहरुले सहयोग गर्दै**



प्रत्येक टोल विकास संस्थामा महिनाको एक पटक बैठक बसी आआफ्ना टोलका समस्याका बारेमा छलफल गरी समस्या समाधानका लागि सम्बन्धित निकायसम्म पुऱ्याउने गर्दछन् । समन्वय समितिका अध्यक्षको नेतृत्वमा गठित टोल विकास संस्थाहरु सूचिकृत भएका छन् । यस वडाका कतिपय नगरवासीहरुमा अझै पनि आफ्नो टोलको विकासमा आफै लाग्नुपर्दछ भन्ने धारणाको विकास भएको देखिदैन

। उनीहरु टोलको सबै कार्य नगरपालिकाले गर्नुपर्दछ भन्ने धारणा राख्दछन् । तर यस संस्थाले यस्ता व्यक्तिहरुमा स्थानीय विकासका लागि स्थानीयवासीहरु नै सक्रिय रुपमा लाग्नुपर्ने सकारात्मक सोचको विकास गराउन सफल देखिन्छ । प्रत्येक महिनामा बस्ने टोल विकास संस्थाको बैठकले आआफ्नो टोलका लागि आवश्यक विकास निर्माणका योजनाहरु नगरपालिका र जिविसमा लैजाने गरेका छन् । यस्ता कति योजनाहरु टोलसम्म आईपुगे भने कतिपय योजनाहरु टोलमा आउन नसकेको गुनासो टोल विकास संस्थाका अध्यक्षको छ ।


**टोल सदस्यहरु नियमित बैठकमा**



त्यस्तै गरी आफ्नो टोलका विपन्न वर्गका परिवारको आर्थिक स्तर वृद्धिका लागि बचत संकलन र ऋण प्रवाह समेत गरेका छन् । संस्थामा आवद्ध ८० प्रतिशत सदस्य बचत कार्यमा संलग्न छन् । उक्त बचतलाई सोही संस्थामा लगानी गरी लघु व्यवसाय सञ्चालन भएका छन् । यसरी लाभान्वित परिवारमा तरकारी तथा फलफूल व्यापार, घरेलु उद्योग, लघु उद्यम, मासु पसल, गरेका छन् । निम्न चित्रले व्यवसायको तथ्य प्रस्तुत गरेको छ :-

चित्र नं. ६.१

**संचालित लघु व्यवसाय**




*स्रोत: गा.न.सा.वि.का.*

यस चित्र अनुसार टोल सदस्यहरुले आय आर्जनको लागि तरकारी व्यवसाय मासु पसल, घरेलु उद्योगहरु सञ्चालन गर्दै आएका छन् । तुलनात्मक रुपमा तरकारी पसल गर्नेको संख्या बढी रहेको छ ।

**टोलको सहयोगमा सञ्चालन गरिएको व्यवसाय**



यस्ता उद्यमीहरुलाई टोलको सिफारिसमा नगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमले पनि सुलभ व्याजमा ऋण प्रदान गरेको छ । यस वडाका टोल विकास संस्थाहरुको प्रत्येक टोलमा बसेको साधारण सभाले गरेको निर्णय अनुसार टोल विकास संस्थाहरु नवीकरण पनि गरिएका छन् । विकास निर्माण कार्य नगरपालिकाको अनुदान र स्थानीय श्रम, स्रोतको प्रयोग गरी गरेका छन् । अध्ययनबाट देखिए अनुसार यस वडामा गठन भएका टोल विकास संस्थाले सहरी सुशासनमा बढी जोड दिएको देखिन्छ । पारदर्शी, निश्पक्ष, जवाफदेही र समान रुपमा स्थानीय वासिन्दाहरुलाई सेवाप्रवाह गरेका छन् ।

**टोलका सदस्यलाई गा.न.सा.वि.का बाट ऋण सहयोग गर्दै**



टोल विकास संस्थाको सेवा समुदाय परिचालनविना पूरा हुँदैनन्, त्यसैले स्थानीय समुदायमा चेतना अभिवृद्धि टोलको सर्वोपरी प्रशंसनीय कार्यमा पर्दछ । यस्ता चेतना विकास र संपेषण, साक्षरता, बचत परिचालन, उद्यम विकास, आपसी समन्वय विकासले टोल विकास संस्थालाई गाउँ नगर साझेदारी विकास कार्यक्रमको सफलता मानिएको छ । तर टोल विकास संस्थाका सदस्यहरुले धेरै आरोह अवरोह भने पार गरेका छन् । सहरी सुशासन र विकास निर्माणमा यस वडाका टोल विकास संस्थाहरु बढी सक्रिय देखिन्छन् । देशको वर्तमान समस्या समाधानका विषयमा पनि छलफल

गर्ने गरेका छन् । स्थानीय स्तरमा आवश्यक सामाजिक सेवा प्रवाह गर्नु,स्थानीय जनमानसलाई स्थानीय विकासमा सहभागी गराई आपसी छलफलद्वारा समस्या समाधान गर्नु, वडाका सबै घरधुरीलाई संस्थामा आवद्ध गराउनु, लैङ्गिक समानतामा जोड दिनु, टोल टोलमा पारदर्शी रुपले शैक्षिक, स्वास्थ्य, सामाजिक, आर्थिक सचेतना कार्यक्रम सञ्चालन गर्नु, टोल विकासकालागि जनमानसमा स्थानीय वासिन्दाहरु लाग्नुपर्छ भन्ने भावनाको विकास गराउनुलाई टोल विकास संस्थाले सहरी सुशासनका लागि गरेको कार्य भन्न सकिन्छ । टोल विकास संस्था र अन्य संस्थाहरुसँग समन्वयात्मक सहकार्यमा राजनैतिक, सामाजिक सचेतना कार्यक्रम समेत भएका छन् । वडा कार्यालयसँगै टोल विकास संस्था समन्वय समितिको कार्यालय राखेका छन् । त्यस्तै टोल विकासका लागि गरिएका बाटो, ढल, बिजुली मर्मत, सडक वत्ती निर्माण, घाट निर्माण, सरसफाई कार्यक्रमलाई यस वडाका टोल विकास संस्थाहरुको प्रशंसनीय कार्य मानिन्छ । शान्तिवारी टोलको २१० मिटर, कन्यामार्ग टोलको ११० मिटर, निलगिरी टोलको ७० मिटर बाटो निर्माण तथा ढल निर्माण कार्य नगरपालिकाको सम्झौता अनुसार सम्पन्न भएको छ । त्यस्तै बालमन्दिर टोलमा शिव मन्दिर नजिकै दाह संस्कारका लागि दाउरा राख्ने डिपो भवन निर्माण कार्य भएको छ । गरिबी न्यूनीकरणका लागि यस वडाका टोल विकास संस्थाले सबै टोलमा लघु ऋण, निलगिरी र कोपिल ढुङ्गा टोलमा स्थानीय बचत, अन्य सात वटा टोलमा वार्षिक विकास कोष कार्यक्रम सञ्चालन र दशवटै टोलमा गाउँ नगर साझेदारी विकास कार्यक्रमबाट प्राप्त अनुदान सञ्चालन भईरहेको छ । गरिब परिवारको पहिचान गरी उनीहरुलाई विभिन्न व्यवसायका लागि सर्वसुलभ ऋण सबै टोलमा प्रदान गरेको छ । विपन्न परिवारका छोराछोरीहरुलाई शैक्षिक सहयोग कार्यक्रम पनि यहाँका टोलहरुले सञ्चालन गरेका छन् ।

### ६.४.३ वडा नं १८ का टोल विकास संस्थाहरुले गरेका कार्यहरुको समीक्षा

पोखरा उपमहानगरपालिका वडा नं १८ लाई पनि यस 'सहरी सुशासन र गरिबी न्यूनीकरणमा टोल विकास संस्थाको भूमिका' विषयक अध्ययन क्षेत्रका रुपमा लिईएको छ । पोखरा उपमहानगरपालिकाको पृष्ठ वडाका रुपमा यस वडालाई लिन

सकिन्छ। ग्रामिण बसोबास र रहनसहन भएको यो क्षेत्र विस्तारै सहरमुखी हुँदै गरुको छ । यसको प्रमुख कारण बसाई सराईलाई लिन सकिन्छ । यस वडाको समन्वय आसपासका गाविसहरुसँग रहेको छ । २०५७/०५८ मा यस वडामा टोल विकास संस्थाको गठन भएको हो । त्यसपछि अन्य टोल विकास संस्थाहरु क्रमशः गठन हुँदै गएका हुन्। 'यस वडामा गठित टोल विकास संस्थाले ६९८ घरधुरी समेटेको छ। यस वडामा १४ वटा टोल विकास संस्था गठन भएका छन्। ३,३७४ जनाको जनसंख्यामा १,७८९जना महिला सदस्य र १,५८५ जना पुरुष छन् *(पूर्ववत्)* । बसाई सराईका कारण यहाँको घरधुरी र जनसंख्या बढ्दो छ। यही क्रमसँगै टोलमा सदस्य संख्या पनि बढ्ने गरेको देखिन्छ।

स्थानीय विकास आफ्नै पहलमा सम्भव छ भन्ने धारणको विकास यस वडाका नागरिकमा रहेको छ । आपसी सहयोग र समझदारीमा टोल विकास गर्न उनीहरु जुटेका छन् । सबै टोल समेट्ने वडास्तरीय वडा समन्वय समितिको अध्यक्षमा जगन्नाथ तिमिल्सिना रहनुभएको छ । त्यस्तै यस समितिमा उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, सदस्यहरु र सल्लाहकारहरुको छनोट गरिएको छ । वडाका विभिन्न पेशा, वर्ग, जातका व्यक्तिहरु समावेशी रुपमा संस्थामा आवद्ध छन्। टोल गठनदेखि टोलको विकाससम्मका सम्पूर्ण कार्यमा नगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहयोग गरेको छ। टोल विकास संस्थामा महिनाको एक पटक बैठक बसी आआफ्ना टोलका समस्याका बारेमा छलफल गरी समस्या समाधानका लागि सम्बन्धित निकायसम्म पुऱ्याउने गर्दछन् । यस वडाका सबै टोल विकास संस्थाहरु नगरपालिका गाउँ नगर साझेदारी शाखामा सूचिकृत भईसकेका छन् । नगरपालिकाका विकास सम्बन्धि योजनालाई टोल विकास संस्थाले सहयोग गरेका छन् । केन्द्रको मात्र मुख ताक्दा विकास सम्भव हुँदैन तसर्थ विकासमा स्थानीय वासिन्दा जुट्नुपर्दछ भन्ने भावना टोलवासीहरुमा रहेको छ। टोलमा सडक निर्माण-मर्मत, ढल निर्माण, बिजुली मर्मत, सडक वत्ती निर्माण, नहरमा कलभर्ट निर्माण, सिचाई कार्यको पूर्वाधार निर्माण, साझा सहकारी स्थापना र परिचालनद्वारा टोलवासहिरुलाई सहयोग जस्ता साझा काम यस वडामा टोल विकास संस्थाले गरेका छन्। मसिना टोलको खानेपानीका लागि पाईप बिस्तार र मर्मत, यसै टोलको मसिना सहकारी साझा

भण्डार स्थापना, प्रगती टोल विकासको शिशु स्याहार केन्द्रमा कम्पाउण्ड राख्ने, सडकको चौडाइ बढाउने, यसै टोलको पक्की बाटो छेउमा कलभर्ट निर्माण, काजीपोखरी टोल विकासमा निर्माण प्रतिक्षालय, हवेली गौडाको खानेपानी टंकी निर्माण, मनकामना टोलको पार्क निर्माण जस्ता विकासका कार्य टोल विकास संस्थाको सक्रियतामा सम्पन्न भएका छन् ।

समाजिक सद्भाव र सामाजिक उत्थानका लागि सबै टोलमा सरसफाई अभियान, अपराध नियन्त्रणका लागि स्थानीय व्यक्तिहरु कै सक्रियतामा टोलको अनुगमन र निरिक्षण कार्य, अन्तरक्रिया र छलफलबाट समन्वयको विस्तार, स्थानीय झैझगडा आपसमा मिलाउने, सहरीय एकलोपन र स्वार्थको निरुपण गर्ने, घरदैलो सचेतना कार्यक्रम, सामाजिक सहिष्णुताका लागि सहभोजको आयोजना, टोलमा कसैको घरमा मृत्यु भए सहयोग स्वरुप सबै घरधुरीबाट रु २०० भेटी दिनुपर्ने, आपसी भेटघाट जस्ता सुशासनमुखी कार्यलाई टोल विकासको लक्ष्य प्राप्ति मानिन्छ । यी सम्पूर्ण कार्य गाउँ नगर साझेदारी विकास कार्यक्रमको सक्रियताबाट सम्भव भएको विचार संयोजक जगन्नाथ हो । जातजाति, धर्म, संस्कृति र लैङ्गिक समानताको स्थिति यस वडामा अनुकरणीय छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमको शैक्षिक कार्यक्रममा प्रौढ शिक्षा, महिला सशक्तीकरण तालिम, स्वास्थ्य सचेतना कार्यक्रमबाट टोलवासीहरु लाभान्वित देखिन्छन् तसर्थ टोलका सबै वासिन्दाहरु टोल विकासको अपरिहार्यतालाई स्वीकार गर्दछन् । नगरपालिका कार्यालयभन्दा टाढा भए पनि टोल विकास संस्थाले यो दुरी घटाइ दिएको छ । टोलमा व्याप्त गरिबी न्यूनीकरणका सम्पूर्ण टोलले बचत परिचालन, ऋृण प्रवाह, नगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रमको अनुदानको सदुपयोग गर्ने कार्य गरेका छन् । विपन्न परिवारले टोल विकास कै सहयोग र सक्रियतामा फलफूल-तरकारी, मासु व्यापार गरी आर्थिक समस्या समाधान गरेका छन् । सबै दृष्टिबाट यस वडाका टोल विकास संस्थाहरु अग्र स्थानमा देखिन्छन् । सामूहिक र सामाजिक सचेतना कै कारण यी टोल विकास संस्थाहरु अगाडि बढ्न सफल छन् ।

## ६.५ सहरी सुशासन प्रवर्द्धन र गरिबी न्यूनीकरणका सामूहिक कार्यहरु

### ६.५.१ सुशासन प्रवर्द्धन प्रक्रिया

अध्ययन क्षेत्रबाट प्राप्त तथ्यलाई केलाउँदा टोल विकास संस्थालाई स्थानीय स्वयात्त संस्था हो । टोलको आवश्यकता पहिचान, परिपूर्ति र विकास निर्माणमा संस्था केन्द्रित भएको पाईन्छ । स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायमा जनताका लागि सोच्ने, जवाफदेहिता वहन गर्न सक्ने, संस्थागत संयन्त्रको विकासमा जोड दिने, जनउत्तरदायी र पारदर्शी नागरिक समाज स्थापना गर्दै प्रजातान्त्रिक प्रक्रिया अनुरुपको कार्य गर्ने सेवामुखी संस्थाहरुको विकासलाई प्राथमिकता दिएको छ । यही प्राथमिकताको सूचिमा टोल विकास संस्था पर्दछ । केन्द्रिकृत शासन प्रणालीबाट राज्यका सबै क्षेत्र, वर्ग, तह र जातजातिहरु समान रुपमा लाभान्वित हुन सक्दैनन् । न त सामाजिक समस्याहरुले निकाश नै पाउँछन् । नगरपालिकाहरु पनि स्थानीय स्वायत्त निकाय हुनाले स्थानीय विकासका लागि सवल मानिन्छन् । तसर्थ विकेन्द्रीकरणको सिद्धान्त अनुरुप शासन सञ्चालन गर्दा राष्ट्रिय उत्थानमा टेवा पुग्ने हुँदा टोल विकास संस्थाको अपरिहार्यतालाई अस्वीकार गर्न सकिदैन् । पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास शाखाको प्रमुख लक्ष्य गरिब, विपन्न र पिछडिएका समुदायलाई सक्षम, सबल, स्वावलम्बी र सशक्त बनाउनु हो । यस लक्ष्य पूरा गराउनका लागि यस कार्यक्रमले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरेको छ । आजको अस्तव्यस्त सहरी समाजका समस्याहरु निराकरण गर्दै समृद्ध, विकशित, समानतामूलक र सभ्य सहर निर्माणका लागि टोल विकास संस्थाको दीर्घकालिन सोचमा सबै सहरबासी लाग्नुपर्छ भन्ने मान्यताको विकासमा टोल विकास संस्था सक्रिय देखिन्छ ।

गाउँ नगर साझेदारी विकास कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यपत्रहरुमा प्रस्तुत भएअनुसार सहरी गरिबहरुले जीवन लागत, सुरक्षा, लैङ्गिक अवस्था, कानुनी अवस्था, वातावरण, सशक्तीकरण, जस्ता समस्याहरु झेल्नुपरेको छ । साथै यिनै कार्यपत्रमा प्रस्तुत छ की गरिबी न्यूनीकरणका लागि बजार व्यवस्था, उत्पादन व्यवस्था, सुचना तथा सञ्चारको पहुँच, उद्यम विकास, संस्थागत अन्तरसम्बन्ध, सामाजिक सम्बन्ध, समान र गुणस्तरीय सेवा प्रवाह जस्ता पक्षहरुमा जोड दिनु पर्दछ । जनजीवन र जनसमस्या पहिचान गर्न नसक्ने कुनै पनि निकायले शासन सञ्चालन

गर्न सक्दैनन् । स्थानीय स्तरबाट नै स्थानीय समस्याहरु समाधान गर्न सकिन्छ । तसर्थ विकासका हरेक कार्यमा स्थानीय जनसमुदायलाई सक्रिय रुपमा परिचालन गर्नुपर्दछ ।

जनसहभागितामूलक कार्यक्रमद्वारा जनमानसलाई विकासको मूल प्रवाहमा प्रत्यक्ष संलग्न गराउन सकिन्छ । वास्तवमा सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, आदिको समानुपातिक वितरण, सामाजिक विभेदको अन्त्य, कुरीति, कुप्रथा, अन्धविश्वास, शोषणको व्यवहारिक अन्त्य, सबै धर्म, भाषा र संस्कृतिको संवर्द्धन र विकास, सामाजिक अपराध नियन्त्रण, बालश्रम शोषणको उन्मूलन, अव्यवस्थित सहरीकरण र बसोबासको उचित व्यवस्था गर्ने कार्य नै सुशासनमा पर्दछन् । तसर्थ गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहरी सुशासनकै लागि टोल विकास संस्थाको गठन गरेको हो । स्थानीय विकास, नागरिक हक, नागरिक कर्तब्यबोध र स्थानीय निकायप्रति सकारात्मक सोचको विकास गराउन टोल विकास संस्थाहरु सफल भएका छन् । निश्कृय जनसमुदायलाई सक्रिय रुपमा परिचालन गरी स्थानीय विकास गर्नु टोल विकास संस्थाको प्रमुख लक्ष्य हो । केन्द्रीकृत शासन प्रणालीको नीति अनुरुप सबै तह र वर्गको समान स्वामित्व सम्पूर्ण क्षेत्रमा समानुपातिक रुपमा हुनसक्दैन । जसका कारण विकास निश्चित वर्ग र क्षेत्रमा सिमित हुन पुग्दछ । सुशासनको विशेषता नै निश्पक्ष्यता, समानता, पारदर्शीता, उपादेयता, कार्यदक्षता, सहभागिता, उत्तरदायित्व र सचेतता हो । तसर्थ टोल विकास संस्थाको मूल अवधारणा टोलमा सुशासन कायम गर्नु हो ।

मानव संसाधन विकासको व्यापक दृष्टिकोण अघि सारेर गठन भएका टोल विकास संस्थाहरुले पोखरा उपमहानगरपालिकामा सुशासन प्रवर्द्धनका लागि स्थानीय स्तरमा निम्न कार्यहरु गरेका छन् :-

- समुदाय परिचालन
- जनचेतना वृद्धि
- सामाजिक संगठनको विस्तार
- नेतृत्व विकास
- वर्गीय समीकरण

- नागरिक एकता
- सामूहिक निर्णय
- टोलको समस्या पहिचान र समस्या निराकरणका लागि सामूहिक प्रयाश
- तालिमद्वारा व्यक्तिको क्षमता, दक्षता र सीप विकास

### ६.५.२ गरिबी न्यूनीकरण प्रक्रिया

भौतिक विकासतर्फ उन्मुख पोखरा उपमहानगरपालिकामा गरिबीका कारण जीवन जिउने जिजिविषा नै नभएकाहरुको संख्या उल्लेख्य रहेको वर्तमान अवस्थामा टोल विकास संस्थाले उनीहरुमा जीवन जिउने आशाको किरण उमारिदिएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात लगायत अन्य भौतिक सुबिधाको उपभोग गर्न नपाउने पोखरेलीहरुको संख्या उल्लेख्य छ । बाहिरबाट हेर्दा सहर जति सम्पन्न देखिन्छ त्यति छैन । यस सुन्दर नगरभित्र सहरी गरिबीको संख्या र अवस्था अकल्पनीय छ । सहरका प्रत्येक टोलमा गरिबीका निम्न कारणहरु देखिएका छन् :-

१. व्यक्तिमा निहित शारीरिक कमजोरी
२. आर्थिक दुर्बलता
३. शक्तिहिनता
४. आय वा सम्पत्तिमाथि कम पहुँच
५. एक्लोपना
६. वेरोजगार
७. श्रमको माग र आपूर्तिमा अपर्याप्तता
८. दास, हलिया, बाँधा, कमैया प्रथा
९. केन्द्रमुखी सरकारी नीति
१०. व्यक्तिमा श्रम र सीपको कमि
११. सामाजिक तडकभडक

गरिबी न्यूनीकरणका लागि उद्यम सञ्चालन सबै भन्दा दरिलो माध्यम मानिन्छ । गरिब तथा पिछडिएका वर्गलाई स्वावलम्बन र आत्मनिर्भर  गराउन सकियो

भने गरिबी न्यूनीकरणमा टेवा पुग्छ । त्यसैले टोल विकास संस्थाले गाउँ नगर साझेदारी विकास कार्यक्रमको नेतृत्वमा टोल विकासका लागि समाज परिचालन गर्ने, गरिबी न्यूनीकरणका लागि उद्यम विकास गराउने, उद्यमीहरुलाई उद्यम सञ्चालनका लागि आवश्यक तालिम प्रदान गराउने, उद्यम सञ्चालन कै लागि ऋण उपलब्ध गराउनेजदस्ता कार्य गर्दै आएको छ ।

**तालिका नं ६.२**

**२०६१/०६२ मा सञ्चालन गरिएका उद्यम संख्या र रकम परिचालन**

| क्र.सं | उद्यम विकास | उद्यमी संख्या | | प्रदान गरिएको रकम | स्वलगानी |
|---|---|---|---|---|---|
| | | म. | पु. | | |
| १ | १५६ | ३७५ | ११९ | ४१,३०,००० | २७,२९,५२३ |

*स्रोतः गा.न.सा.वि.का.*

गाउँ नगर साझेदारी विकास कार्यक्रमले गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थामा उद्यम विकास, लगानीमा वृद्धि, आवश्यक तालिम बढाउँदै गएको पाईन्छ ।

**तालिका नं ६.३**

**२०६१/०६२ मा गरिबी न्यूनीकरणका लागि सञ्चालन गरिएका तालिमहरु**

| क्र.सं | तालिमको नाम | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | म | पु. | |
| १, | उद्यम व्यवस्थापन | १०४ | ८ | ११२ |
| २, | नेतृत्व विकास | ३७ | १३ | ५० |
| ३, | सीप विकास | २२ | २ | २४ |

*स्रोतः गा.न.सा.वि.का.*

यहाँ सुशासन प्रवर्द्धन र गरिबी न्यूनीकरणसम्बन्धि प्रदान गरिएको तालिमलाई समग्रमा देखाईएको छ । तुलनात्मक रुपमा सुशासन प्रवर्द्धन भन्दा गरिबी न्यूनीकरणलाई लक्षित गरी सञ्चालन गरिएका तालिमहरुमा सहभागीहरुको संख्या बढेको पाइयो । यसबाट प्रष्ट हुन्छ की सहरका वासिन्दाहरु अवसरको खोजिमा छन् । यस समस्याको आंशिक समाधान टोल विकास संस्थाले पूरा गराउन पाईला चालेको छ

। किनकि टोलको स्वीकृतिविना गाउँ नगर साझेदारी विकास कार्यक्रमले सञ्चालन गरेको तालिममा सहभागी हुन पाईदैन ।

**तालिका नं ६.४**

**२०६३/०६४मा सञ्चालन गरिएका स्वलगानी, उद्यम विकास र रकम परिचालनको अवस्था**

| क्र.सं | उद्यम संख्या | उद्यमीको संख्या | | ऋण लगानी | स्वलगानी |
|---|---|---|---|---|---|
| | | म | पु | | |
| १, | ७३ | २०० | ५१ | ३१,६७,००० | २७,३६,८४१ |

*स्रोतः गा.न.सा.वि.का.*

यस तालिकाले टोलमा भएको पूँजी वितरण, उद्यम सञ्चालनमा उत्साह, नयाँ उद्यम विकासलाई दर्शाएको छ ।

पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास शाखाले सहरी गरिबी न्यूनीकरणका लागि स्थानीय टोल विकास संस्थाहरुमा बचत संकलन कार्यलाई पनि तिब्रता दिएको छ । तहमा सीप विकास, नागरिक हकको सुरक्षा, क्षमता अभिवृद्धि, व्यक्तिगत रुचि अनुसार छनोटको अवसर र नागरिक अधिकार अनि स्वतन्त्रता प्रवर्द्धनमा जोड दिएको छ । गठित टोल विकास संस्थाको मूल उद्धेश्य पनि यस नगरपालिकामा व्याप्त गरिबी न्यूनीकरण गर्नु हो । स्थानीय वासिन्दाहरुले नै स्थानीय समस्या पहिचान गरी त्यसको दीगो समाधान गर्न सक्दछन् । त्यसैले विकासको कार्य स्थानीय तहबाट गरियो भने त्यो पारदर्शी हुने तथ्यलाई नकार्न सकिदैन । यही वास्तविक तथ्य अनुसार नै स्थानीय समाज परिचालनको रणनीतिको विकास भएको हो । त्यसैले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले समाज परिचालन प्रक्रियालाई विश्वव्यापी रुपमा अघि सारेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमले यस्ता विपन्न वर्गको जीवनस्तर वृद्धिका लागि नगरपालिका साझेदारी विकास कोष सञ्चालन गरेको छ । यस कोषले टोलहरुलाई आर्थिक सहयोग गरेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमले शुरुमा १५-१८ प्रतिशत ब्याजमा ऋण दिने गरेको थियो तर टोलवासीहरुले ब्याज कम गर्न अनुरोध गरे पछि अवस्था अनुसार १०-१५ प्रतिशतमा रकम परिचालन गरेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमसँग सहयोग गर्ने रकम कम भएकाले अत्यावश्यक कार्यमा पनि लगानी गर्न सकी रहेको छैन । यस

कार्यक्रमको आय स्रोत सिमित भएकाले आर्थिक समस्याहरु झेल्दै नआएको भने होइन तैपनि टोललाई सकारात्मक मार्ग निर्देश गरेका कारण टोलवासीहरु यस संस्थाप्रति आभारी देखिन्छन् । पोखरा उपमहानगरपालिका वडा नं ३ र वडा नं १८मा गरिएको सर्वेक्षण अनुसार टोल विकास संस्थामा गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भईरहेका छन् । टोल विकास संस्थाद्वारा सञ्चालित लघु उद्यम, ऋण प्रवाह, क्षमता र सीप विकासका लागि तालिम, बिउँ पुजी अनुदान, बचत कार्यक्रम र टोलमा सहकारीको स्थापना र सञ्चालनलाई निरन्तरता दिएको छ । यस कार्यले टोलमा भएको आर्थिक असमानतालाई न्यून गरेको छ भने टोल विकासको बचत, ऋणप्रवाह कार्यबाट गरिब र न्यून आय भएका परिवारहरु लाभान्वित भएका छन् । टोल विकास संस्थाका सदस्यहरुलाई एक आपसमा भाईचाराको सम्बन्ध कायम गराउन र रकम संकलनबाट पूँजी निर्माण गरी सोही टोलमा लगानी गर्न, ऋण प्रवाह गराउन टोल विकास संस्थाले बचत कार्यलाई निरन्तरता दिंदैआएको छ । बचत संकलन कार्यलाई गरिबी न्यूनीकरणका लागि सहयोगी कार्यक्रमका रुपमा टोलवासीहरुले लिएका छन् । यसबाट कसैको रकम बचत हुन्छ भने कसैले उक्त रकम परचालन गरी आर्थिक वृद्धि गर्न सक्छ । बचत कार्यलाई निरन्तरता दिंदैआएका टोलवासीहरुले टोलका लागि सहकारीसमेत सञ्चालन गरेका छन् । वडा नं १८मा सञ्चालित सहकारी बचत कार्य कै प्रतिफल हो ।

**तालिका नं. ६.५**

**वर्ष २०६४/०६५मा टोलहरुले गरेको बचत संकलन तथा परियोजना**

| शीर्षक | क्षेत्र | संख्या |
|---|---|---|
| **संकलित बचत** | पोउमनपा | ४२,६५,६६१ |
| **बचत लगानी** | पोउमनपा | ६२,४०,००० |
| **बचत गर्ने टोल संख्या** | पोउमनपा | १९१ वटा |

*स्रोतः गा.न.सा.वि.का.*

यस्तो बचत कार्यबाट पनि गरिबी न्यूनीकरणमा प्रत्यक्ष टेवा पुगेको छ । बचत भएको रकम स्थानीय समुदायका सदस्यहरुले परिचालन गरेका छन् । यसबाट

समुदायका सदस्यहरुबीच विश्वासको वातावरण पनि सृजना भएको देखिन्छ । बचत कार्यले समुदायमा आपसी समभ्रदारी र समन्वय बढाउन सहयोग गरेको छ ।

## ६.६ तुलनात्मक अध्ययन

पोखरा उपमहानगरपालिका वडा नं ३ लाई नगरपालिकाको केन्द्र क्षेत्र मानिन्छ । वर्तमान सहरीकरणको प्रभाव यस वडामा सहज रुपमा परेको देखिन्छ । यस वडामा सहरका स्थानीय वासिन्दा र बसाई सराईबाट आएकाहरु लगभग समान रुपमा छन् तर उनीहरु बीच भने सामाजिक सद्भाव केही कम पाईन्छ । उच्च, निम्न र मध्यम वर्गका परिवारहरु रहेका छन् । यी परिवारहरुका बीच सामाजिक, आर्थिक अवस्थामा भिन्नता देखिन्छ । यहाँ बसोबास गर्दै आएका दलितहरु हरेक क्षेत्रमा सक्रिय रुपमा लागेका हुन्छन् । जनजातिहरुको आर्थिक अवस्था उच्च देखिन्छ । उच्च वर्गका व्यक्तिहरु कम संख्यामा टोलमा आवद्ध छन् । टोल विकासको कार्यबाट प्रभावित उच्च वर्गका व्यक्तिहरुले भने वर्तमानमा सहयोग र सद्भाव भने देखाएका छन् । टोलका सदस्यहरु प्राय सक्रिय छन् । कोही कोही भने टोल विकासको कार्यप्रति सन्तुष्ट देखिदैनन् । संस्थामा लागे पछि नगरपालिकाले आर्थिक सहयोग धेरै गर्छ भन्नेहरु नै असन्तुट लेखिन्छन् । स्थानीय विकासका लागि स्थानीय जनपरिचालन आवश्यक छ भन्ने सेच भएकाहरुको संख्या कम छ । वडाका सबै टोलहरु समान रुपमा सक्रिय देखिदैनन् । बैठकमा पनि निकै कम संख्यामा सदस्यहरु उपस्थित हुने हुनाले अध्यक्षलाई निर्णय गर्ने सहज वातावरण देखिदैन । वातवरणीय सचेतना, शैक्षिक सहयोग जस्ता कार्यहरु अग्र छन् ।

अर्कातिर वडा नं १८ लाई नगरको परिधीका रुपमा हेर्न सकिन्छ । विकास निर्माणमा पछि भए पनि यस वडाका टोल विकास संस्थाहरु नगरपालिकाका सबै टोल विकास संस्थाहरु भन्दा अग्र स्थानमा छन् । वडा नं ३ का टोल सदस्यको तुलनामा यस वडाका टोल सदस्यहरु बढी सक्रिय छन् । आपसी सहयोग, सद्भाव र सहिष्णुताको अवस्था सन्तोषजनक छ । स्थानीय विकासक लागि स्थानीय वासिन्दाहरु लाग्नुपर्दछ भन्ने धारणाबाट सबै प्रेरित देखिन्छन् । बाहिरबाट यहाँ आई बसोबास गर्नेहरु र स्थानीय वासिन्दा अनि भाडामा बस्ने बीचको सम्बन्ध पनि राम्रो छ । सबै

पक्षबाट यस वडाका टोलहरु अनुकरणीय छन् । यस वडाका टोलहरु कृषि कार्यमा पनि अग्रसर देखिन्छन् । तुलनात्मक रुपले हेर्दा वडा नं ३ का टोलहरुको सक्रियता बढाउनु पर्ने देखिन्छ । यसका आधारमा के भन्न सकिन्छ भने नगरपालिका भित्रका सबै टोल विकास संस्थाहरु समान रुपमा क्रियाशील छैनन् । नगर क्षेत्र, वर्ग, स्थान आदि विभिन्न पक्षले प्रत्यक्ष–अप्रत्यक्ष रुपमा टोल विकास संस्थालाई प्रभाव पारेका छन् । त्यसैले सबै टोलमा समान अवस्थाको सिर्जना हुन सकेको देखिदैन । बुँदागत रुपमा यी टोलहरुको भिन्नता निम्न अनुसार देखाउन सकिन्छ :-

| **वडा नं ३ र टोलहरु** | **वडा नं १८ र टोलहरु** |
|---|---|
| -नगरको केन्द्र । | -नगरको पृष्ठ |
| -जनघनत्व बढी । | -जनघनत्व कम |
| -१० वटा टोल विकास संस्था । | -१४ वटा टोल विकास संस्था |
| -टोल विकास संस्थाहरु कम सक्रिय | - टोल विकास संस्थाहरु बढी सक्रिय |
| -सुशासनमा बढी जोड । | -सुशासन र गरिबी न्यूनीकरण दुवै कार्यक्रममा जोड । |
| -कृषि उद्यम भन्दा लघु व्यवसायमा लगानी (व्यापार, सिलाई, भाँडा बनाउने, जुत्ता सिलाई, सञ्चार व्यवसाय) | - कृषिका साथ साथै लघु उद्यममा पनि जोड । |
| - साक्षरता संख्या बढी | -साक्षरता संख्या कम |
| - सांस्कृतिक विविधता,एकता कम । | सांस्कृतिक विविधता,एकता बढी |

## ६.७ टोल विकास संस्थाको अपरिहार्यता र चुनौतिहरु

### ६.७.१ अपरिहार्यता

यस शीर्षकले टोल विकास संस्था किन आवश्यक छ ? भन्ने प्रश्नलाई इङ्गित गरेको छ । वास्तवमा टोल विकास संस्थाको काम र जिम्मेवारी व्यापक अनि विस्तृत छ । टोल विकास संस्था स्थानीय विकासको सबल माध्यम हो । वर्तमान व्यस्त समयमा जनसहभागिता जुटाउनका लागि यो संस्था सफल छ । सुशासन, विकास,

गरिबी न्यूनीकरण र सचेतना विस्तारमा टोल विकास नै अहिले अग्र स्थानमा छन् । वर्तमान सहरी समाज नितान्त एक्लो छ । एउटै समाजमा बस्नेहरुका बीच सम्बन्ध छैन । आपसी सहयोग र सद्भाव बाड्ने फुर्सद कसैसँग छैन । भएको समय सदुपयोग गरी आफ्नो टोल विकास गरौं भन्नेहरु नितान्त कम छन् । यस्तो विषम परिस्थितिमा जन्मेको टोल विकास संस्थालाई सबैले मिलेर अगाडि बढाउनुपर्दछ । अध्ययनका आधारमा टोल विकास संस्थाको आवश्यकताको अपरिहार्यतालाई निम्न बुँदाले पुष्टि गर्दछ :-

- समाज परिचालनद्वारा सहरको विकास गर्न ।
- प्रत्येक घरहरुबीच आपसी सम्बन्ध बढाउन ।
- समाजमा सौहाद्रपूर्ण वातावरणको सृजना गर्न ।
- पिछडिएको वर्गलाई अगाडि बढाउन ।
- जातीय पहिचान कायम गर्न र जातीय पेशाहरुको संरक्षण गर्न ।
- लैङ्गिक विभेदको अन्त गर्न ।
- सहरी सभ्यतालाई मानवहित सापेक्ष बनाउन ।
- मानव अधिकारको रक्षा गर्न ।
- सूचना र सञ्चारको पहुँच सबैमा पुऱ्याउन ।
- सहरी समाजलाई समानान्तर रुपमा अघि बढाउन ।
- आय आर्जनमूलक विकल्पको खोज गरी सहरी गरिबी न्यूनीकरण गर्न ।
- जातीय, धार्मिक, आर्थिक, पेशागत सहिष्णुताको विकास गर्न ।
- सहरी समस्या पहिचान गरी न्यूनीकरणको बाटो खोज्न ।
- गाउँ र सहर बीच समन्वय बढाउन ।
- नगरपालिका विकास योजना तर्जुमा गरी विकासमा सहयोग गर्न
- स्थानीय वासिन्दालाई जागरुक, क्रियाशील र कर्तव्यनिष्ठ बनाउन ।
- समाजमा भाइचाराको वातावरण सिर्जना गर्न ।
- समग्रमा राष्ट्र उत्थानका लागि सुशासनको विकास गर्न ।

### ६.७.२ चुनौति

समाज परिचालन र विकासलाई पूरक मानिन्छ किनभने स्थानीय समस्या पहिचानदेखि समाधानको उपायको जानकारी उनीहरुलाई हुन्छ । त्यसैले विकासका लागि टोल विकास संस्था समयको माग हो । संस्थाभित्र मूर्त अमूर्त समस्या र संस्था स्वयमका चुनौतिहरु धेरै छन् । वास्तवमा टोलको समस्यालाई नगरपालिकाको समस्या मानिएको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमले प्रयाश गर्दा गर्दै पनि टोलका चुनौतिहरु न्यून हुन सकेका छैनन् । संस्थामा आवद्ध व्यक्तिहरुले नै संस्थाका चुनौतिहरुको सामाना गरेका छन् । गतिशील र आवश्यक संस्था भए पनि कतियपले निम्न स्तरको संस्था भनी अदुरदर्शी विचारको मार टोल विकास संस्थालाई परेको छ । टोलका सबै वासिन्दाको सहयोगको अभावले यी संस्थाहरु चाहेजति अगाडि बढ्न सकेका छैनन् । टोल गठन गर्दा सबै घरधुरी समेटी गरी एक घर एक सदस्य बनाउनु पर्ने प्राबधानलाई आरम्भिक चुनौति मान्न सकिन्छ किनकि टोलवासीहरु सहज रुपमा टोलमा आवद्ध हुन चाहेका हुँदैनन् । संस्थाको आरम्भमा यस्ता धेरै समस्याहरु आएको बताउँछन्, संस्थाका सदस्यहरु तर वर्तमानमा केही परिवर्तन भएको भने छ । टोलको क्षेत्र निर्धारणमा असहज स्थितिको सृजना हुनु, टोल विकासलाई कतिपय व्यक्तिले सकारात्मक रुपमा नहेर्नु, बचत कार्यक्रममा उचित मार्ग निर्देश नभएकाले परिचालन गर्न सहज वातावरण नदेखिनु, कतिपय संस्थाका सदस्यहरुमा अझै आफ्नो श्रम, योगदान र काम आफ्नै टोलका लागि भन्ने अवधारणाको विकास नहुनु पनि टोलका चुनौति हुन । टोल विकास संस्थामा रकमको अभावले अत्यावश्यक विकास निर्माणको काम हुन सकिरहेको छैन । टोल विकास संस्थालाई केन्द्रीय सरकारले वेवास्ता गरेका कारण नीति निर्माण, कार्यक्रम विस्तारमा  सहजता हुन सकेको छैन । गाउँ नगर साझेदारी विकास कार्यक्रमको समझदारीमो गठन भए पछि टोलका समस्याहरु उक्त संस्थाले नै समाधान गर्न पहल गर्नुपर्छ भन्ने नगरवासीहरु पनि भएका कारण गाउँ नगर साझेदारी विकास कार्यक्रमलाई पनि काम गर्न सजिलो नभएको तथ्य अध्ययनबाट देखिएको छ । निजी स्वार्थलाई प्राथमिकता दिने सदस्यहरुबाट टोल विकास संस्थाको गति अवरुद्ध भएको छ । संस्थागत भन्दा व्यक्तिगत स्वार्थ पूर्ति का

लागि क्रियाशील कतिपय सदस्यहरुका कारण संस्थामाथिको विश्वास धरापमा परेकोसमेत थाहा भएको छ ।

माथि वर्णन गरिएका सबै समस्याहरुलाई टोल विकास संस्थाका चुनौति मान्न सकिन्छ । विभिन्न आरोह अवरोह पार गर्दै टोल विकास संस्थाहरु स्थापित भएको वास्तविकतालाई नकार्न सकिदैन ।

# kl/R5]b ;ft

## cWoogsf] ;f/f+z, lgisif{ / ;'emfjx?

### ७.१ अध्ययनको सारांश

स्थानीय विकास स्थानीय वासिन्दाहरु कै पहलमा संभव हुन्छ । गाउँको सादा र सरल समाजमा समुदाय परिचालन गर्न सहज भए पनि सहरमा समुदाय परिचालन गर्न निकै गाह्रो हुन्छ । सहरी समाज विकासका लागि समुदाय परिचालन गर्ने प्रक्रिया फरक फरक छन् । विविधताले पूर्ण सहरी समाज विभिन्न विचार भएकाहरुको साझा वासस्थान हो । यस्तो समाजलाई एकीकृत रुपमा अगाडि बढाउनु चुनौतिपूर्ण कार्य हो । यो चुनौतिको सामना गाउँ नगर साझेदारी विकास कार्यक्रमले गरेको पाइन्छ । सहरको व्यस्त र एक्लो जीवन, नयाँ प्रबिधि र वातावरणको प्रभाव तर सद्भावको अभावले गर्दा सहरीया जीवन जटिल र कठिन बन्दै गएको पाइयो । तिव्र जनसंख्याको चाप, बढ्दो बेरोजगारी र यसले उब्जाएका अनेकौं समस्याहरुले गर्दा सहरी सभ्यतामा प्रश्न चिन्ह समेत लाग्ने गरेको छ । सहरका यी र यस्ता धेरै समस्यामा पिल्सिएका र विकासको प्रतिफल प्राप्त असमर्थ जनसमुदायलाई समूहमा आवद्ध गराउने गाउँ नगर साझेदारी विकास कार्यक्रम नगरपालिकाको प्रमुख शाखाका रुपमा कार्यरत छ ।

समाज परिचालनद्वारा सामाजिक विकासलाई अगाडि बढाउन यस संस्थाले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरेको छ । टोलमा आवद्ध सदस्यहरुलाई आवश्यक तालिम दिने, मार्गनिर्देश गर्ने, सहयोग र सद्भाव बाँड्ने काम यस संस्थाले गर्दैआएको पाईन्छ । समुदाय परिचालनद्वारा सामूहिक रुपमा सामूहिक समस्या न्यूनीकरण गर्न सकिन्छ भन्ने भावको विकास नागरिक समाजसम्म पुर्‍याउनु गाउँ नगर साझेदारी विकास कार्यक्रमको ठूलो उपलब्धि हो । सहरी सुशासनको विस्तार, गरिबी न्यूनीकरणको पहलसँगै यस कार्यक्रमले सहरी आर्थिक विकास, सहभागितात्मक नगरपालिका योजना तर्जुमा, मानव संशाधन विकास, नगर सूचना केन्द्रको विकास,

स्वास्थ्य सचेतना, लैगिक समानता, जातीय विभेदको अन्त्य जस्ता महत्वपूर्ण मुद्दामा सफलता हाँसिल गरेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमले जनसहभागिता, समाजिक भावना, आपसी मेलमिलाप, नेतृत्व विकास, आत्मनिर्भरताको विकास, पुंजीको विकास, सीपको विकास, संगठनको विकास र विस्तारका लागि टोल विकास संस्थाको गठन गरेको हो । अन्ततः टोल विकास संस्था गाउँ नगर साझेदारी विकास कार्यक्रमको भातृ संस्था हो । नगरपालिकाको लक्ष्य अनुरुप नै टोल विकास संस्थाले स्थानीय विकासका लागि पाईला अघि सारेको हुन्छ ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय र नगरपालिकाको सूचनालाई टोल विकास संस्थाका सदस्यहरुसम्म पुऱ्याउन र ती सदस्यहरुले प्राप्त सूचनाको प्रयोग गरी आफ्नो टोल तथा वडाको विकासमा टेवा पुगोस् भन्ने सोच अनुसार नगर सूचना केन्द्रको स्थापना गरेको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमको सक्रियतामा पोखरा उपमहानगरपालिकाका १८ वटा वडामा गठित टोल विकास संस्थाले सहरी सुशासन र गरिबी न्यूनीकरणमा सहयोग गरेको छ । टोल विकास संस्थाले समृद्ध सहर निर्माणमा सहयोग गर्ने हुँदा यस संस्थालाई अहिलेको अपरिहार्य संस्थाका रुपमा स्वीकार गर्नुपर्दछ । सबैको सहयोग र सद्भावले नै यस प्रकारका संस्थाहरु गतिशील हुने तथ्यलाई सहरवासीहरुले भुल्न नहुने तथ्यलाई यस शोध अध्ययनले स्मरण गराउँछ ।

सहरी सुशासन र गरिबी न्यूनीकरणका लागि क्रियाशील गाउँ नगर साझेदारी विकास कार्यक्रमले स्थानीय जनमानसलाई प्रत्यक्ष प्रभाव पारेको छ । टोल विकास संस्थाले पिछडिएको वर्ग, समुदाय, लिङ्ग, जातजातिका व्यक्तिहरुलाई अगाडि बढाउने जस्तो प्रशंसनीय कार्य गरेको छ । खास गरी विभेदको अन्त्य टोल विकास संस्थाको सबल पक्ष हो । अर्कातिर निजी क्षेत्र र सरकारले सम्बोधन गर्न नसकेका सामाजिक चुनौतिहरुको पहिचान गर्नमा टोल विकास संस्था सफल भएका छन् । टोल विकास संस्थामार्फत गाउँ नगर साझेदारी विकास कार्यक्रमले उद्यम विकासका लागि ऋण प्रवाह, सीप विकास, नेतृत्व विकास सम्बन्धि तालिमहरु दिएर गरिब परिवारको जीवनस्तरमा परिवर्तन ल्याउन सहयोग गरेको छ । समाजका व्यक्तिहरुमा बोल्ने कलाको विकास गराउने, आफ्नो कुरा खुलेर राख्न सक्ने, आपसी सहयोग र सद्भावले कार्य गर्ने वातावणको सृजना गराउने, आपसी छलफलबाट सामूहिक रुपमा समस्या

समाधान गराउने, आफ्नो टोल विकासका लागि सम्बन्धित निकायमा कुरा राख्ने जस्ता महत्वपूर्ण दक्षताको विकास टोल विकास संस्थाले गर्ने हुँदा टोल विकास संस्थाको प्रभावकारिता बढ्दै गएको छ । गाउँ नगर साझेदारी विकास कार्यक्रमले टोल विकास संस्थाको गठन प्रक्रिया आरम्भ गर्दा संस्थाप्रति विश्वास नगर्ने नगरवासीहरुले पनि वर्तमानमा सकरात्मक धारणा राखेका छन् । यति मात्र नभई उनीहरुले संस्थाको संस्थागत विकासका लागि सक्दो सहयोग पनि गरेका छन् ।

पोखरा उप महानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रम यस नगरमा सञ्चालन हुनु सबै पोखरेली नागरिकहरुका लागि गर्वको कुरा हो । माल पाएर चाल नपाउने हामीहरुले अझै पनि यस कार्यक्रमलाई हाम्रालागि सदुपयोग गरेका छैनौं । स्थानीय विकासका लगि सरकार र अन्य संघ संस्थाहरुको मुख ताक्नु भन्दा आफू जागरुक र चेतनशील हुनु विकासको पहिलो कदम हो । यस कदमलाई अगाडि बढाउन गाउँ नगर साझेदारी विकास कार्यक्रमले सहयोग गर्दछ । स्थानीय गरिबी न्यूनीकरण,  सुशासनको पहल, नागरिक सचेतना, उद्यम विकास जस्ता कार्यहरु यस कार्यक्रमले गर्दै आएको छ । कार्यक्रमको कार्य रणनीति, कर्तब्य र अधिकार अनि लक्षित वर्गलाई हेर्दा यस कार्यक्रमको आवश्यकता बढ्दो छ । स्थानीय विकास, सुशासन प्रवर्द्धन र गरिबी न्यूनीकरणका लागि मार्ग निर्देश बनेको यस संस्थालाई सहयोग गरी असल नागरिक हुनबाट बञ्चित नबनौ ।

## ७.२ अध्ययनको निष्कर्ष

*नेपाल अधिराज्यको संविधान २०४७* ले नेपाललाई सामाजिक, प्रजातान्त्रिक तथा कल्याणकारी राज्यका रुपमा चिनाउने परिकल्पना गरेको छ तर नेपालको राज्यसत्ता केन्द्रीकृत प्रणालीमा आधारित हुनाले केन्द्रीय निर्देशमा स्थानीय निकायहरु परिचालित छन् । केन्द्रकै निर्देशमा स्थानीय कार्य सम्पादन हुँदै आएका कारण संविधानमा उल्लेखित राज्य परिकल्पनाले सार्थकता पाउन सकेको छैन । शासन व्यवस्था, अर्थ, वित्त, सुरक्षा र नेपालको समग्र विकासमा राष्ट्रिय द्वन्द्वले प्रभाव पार्दा गरिबीको संख्यामा कमि आएको छैन । गरिबी र शासनबीच सन्तुलन कायम गर्न लोकतान्त्रिक सरकारको अपरिहार्यतालाई सबै नेपालीहरुले स्वीकार गरिसकेका छन् ।

निष्पक्ष, पारदर्शी, जवाफदेही, जिम्मेवार शासन व्यवस्थामा जनताको पहुँच केन्द्रीय तहसम्म पुगेको हुन्छ । स्थानीय समस्या पहिचान, समस्या न्यूनीकरणका लागि आवश्यक रणनीति र कार्यपद्धति निर्माण र वितरण स्थानीय निकायबाट हुनु सुशासनको आरम्भ हो । सुशासनको विकाससँगै सबै नागरिकहरुले नागरिक हक प्राप्त गर्नुका साथै आफ्नो कर्तब्य र अधिकार बोध गर्दछन् । स्थानीय विकासमा पनि पारदर्शी शासन सफल हुन्छ । त्यसैले राज्यको प्रमुख अङ्गका रुपमा स्थानीय निकाय, संघ, संस्थाहरुलाई लिई अधिकार प्रत्याभूति गराउनु नै सुशासनको जग हो । आफ्ना आवश्यकताहरु आफै पहिचान गर्नु, स्थानीय स्रोत र साधनको समुचित प्रयोग गर्नु, सबै नागरिकले समान हक, अधिकार प्राप्त गर्नु सुशासन हो । गरिबी न्यूनीकरणमा सुशासनको अवस्था र यससँग आवद्ध सबै नीति, निर्देश र व्यवस्था सहयोगी हुन्छ । तसर्थ सुशासन राज्यको अभिन्न अङ्ग हो ।

नेपालमा गरिबीको संख्या बढ्दै जानु र सुशासनको विकास नहुनुमा राज्य र राजकीय नीति जिम्मेवार देखिन्छ । शासनसत्ताको स्वरुप केन्द्रीय हुनाले मुलुकमा असमानताका खाडलहरु विद्यमान छन् । केन्द्र र स्थानीय निकायबीच स्रोत, शक्ति, अधिकार र कर्तव्यको न्यायोचित बाँडफाँड नहुनाले स्थानीय विकासमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । त्यसकारण राज्यको समग्र र सन्तुलित विकासका लागि विकेन्द्रिकृत शासन पद्धति आजको अनिवार्य शर्त बनेको छ । विकेन्द्रीकरणको सिद्धान्त अनुरुप स्थानीय निकायहरुलाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म क्रियाशील गराउनु अनिवार्य हुन्छ । नेपालको शासन व्यवस्थालाई प्रभावकारी नबनाउने हो भने सुशासन र गरिबी न्यूनीकरणको लक्ष्य प्राप्त गर्न सकिने अवस्था छैन । एकात्मक शासन प्रणालीमा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका केन्द्र नियन्त्रित हुनाले प्रशासकीय कार्य पारदर्शी र निश्पक्ष हुँदैन ।

स्थानीय निकायलाई प्रदान गरिएको शक्तिमा स्थानीय जनताको पहुँच कम हुन्छ । अर्कातिर विकेन्द्रीकरणको सिद्धान्तले स्थानीय जनतालाई शक्ति हस्तान्तरण गर्दछ । त्यसैले विकासका लागि विकेन्द्रीकृत शासन व्यवस्थालाई प्रजातन्त्रको आधार स्तम्भ मानिन्छ । यही मान्यतालाई केन्द्र मानेर स्थानीय निकायहरुलाई स्वायत्त र सशक्त बनाउन ‘स्थानीय स्वायत्त शासन ऐन-२०५५’ आएको देखिन्छ । यसले

जनताका जनसरोकारलाई सहज रुपमा सम्बोधन गर्न सक्छ । स्थानीय निकायका सबै अधिकार केन्द्रीकृत हुँदा जनसरोकारका अधिकांश सवालहरु समाधान हुन सक्दैनन् तर विकेन्द्रीत शासन व्यवस्थाले जनअधिकारका सवालहरुलाई समेट्ने हुँदा बढी प्रभावकारी मानिन्छ । स्थानीय समस्या समाधानका लागि जनसहभागितामूलक कार्यक्रममा जोड दिनुपर्दछ किनकि जनसहभागिता विकासको पहिलो खुराक हो र यसलाई सबैले मनन समेत गर्नुपर्दछ । विकेन्द्रीकरणको सिद्धान्तबाट नै यो संभव हुन्छ । सम्पन्न-विपन्न, धनी-गरिब, सबै वर्ग, तह र क्षमताका व्यक्तिले आफ्नो स्थानमा स्वतन्त्र र सशक्त रुपमा काम गरी आयआर्जन गर्नसक्ने वातावरण निर्माण गर्ने अधिकार स्थानीय निकायलाई हुनु नै विकेन्द्रीकरणको महत्वपूर्ण पक्ष हो ।

जनसहभागिताले विकेन्द्रीकरणको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउँछ । त्यसैले गरिबी न्यूनीकरणका लागि सुशासन अनिवार्य शर्त बनेको देखिन्छ । *स्थानीय स्वायत्त शासन ऐन २०५५* ले नेपालमा स्थानीय निकायहरुलाई स्वायत्तता प्रदान गरेको छ तर पनि यी निकायहरुले पूर्णरुपमा स्थानीय विकासका कार्यहरु स्वतन्त्र रुपमा गर्न भने पाएका छैनन् । अर्थात स्थानीयस्तरका कार्यक्रमहरु केन्द्रबाट निर्देश हुनाले आवश्यकताको पहिचान हुन सकेको देखिदैन । जबसम्म आवश्यकताको पहिचान हुदैन तबसम्म समाजको समग्र विकास सम्भव हुँदैन । त्यसकारण स्थानीय विकासमा स्थानीय व्यक्तिहरुको सहभागितालाई स्वीकार गर्दै उनीहरुको पहुँच वृद्धिमा सबैले पहल गर्नु सार्थक हुन्छ । अन्यथा विकास निर्माणका सबै रणनीति, कार्यक्रम, योजना तथा परियोजनाहरु प्रभावकारी हुन सक्दैनन् । अर्कातिर समस्याहरु दिनप्रतिदिन बढ्दै जान्छन् । गरिबहरुको स्थान र अवस्थामा सुधार आउँदैन । सहरी गरिबहरुले भोग्दै आएका समस्याहरु निम्न देखिएका छन् -

- आवासको समस्या,
- खाद्य र खानेपानीको समस्या ,
- श्रम शोषण, यौन शोषण र घरेलु हिंसा,
- सामाजिक -सांस्कृतिक भेदभावको सामना,
- शिक्षा, स्वास्थ्य, सुरक्षाजन्य,

- वातावरणीय समस्या,
- जोखिमपूर्ण काम कम ज्यालामा गर्नुपर्ने,
- नागरिक पहिचानका सामान सहज रुपमा प्राप्त नगर्नु ,

नेपाल अधिराज्यका विभिन्न नगरपालिकाहरुमा संचालित गाउँ नगर साझेदारी विकास कार्यक्रम पोखरा उपमहानगरपालिकामा पनि सञ्चालित छ । यस कार्यक्रमको प्रमुख लक्ष्य गाउँ र सहरको सन्तुलित विकास गर्नु हो । लक्षित समुदायको जीवनस्तरमा सुधार ल्याउन, सभ्य समाज निर्माण गर्न, चेतनाको विस्तार गरी जनजीवन सुगम पार्न, समान पहुँचको अवधारणालाई सार्थक तुल्याउन, सहरी समाज तथा ग्रामिण समाज परिचालन गरी विकेन्द्रीकरणको सिद्धान्त अनुरुप स्थानीय जनसमुदायलाई विकास कार्यमा सहभागी गराउन जनसहभागिता जुटान गाउँ नगर साझेदारी कार्यक्रमले प्रमुख भूमिका खेलेको छ । यस कार्यक्रमले आर्थिक, सामाजिक विकासमा पनि प्रमुख भूमिका निर्वाह गरेको छ । त्यस्तै गरिबी न्यूनीकरणका लागि जनसहभागिता परिचालन, लघु उद्यम सृजना, विपन्न वर्गमा बिउँ पुजी कार्यक्रम सञ्चालन गरेको छ । सामाजिक पूंजीको निर्माण तथा सशक्तीकरण, एच. आई. भी. र एड्स सम्बन्धि सचेतनामूलक तालिम, महिला तथा जनजाति र असहाय वर्गका लागि स्वरोजगारका कार्यक्रहरु स्थानीय स्तरका टोल विकास संस्थाले गरेको छ । सहरी गरिबी न्यूनीकरणका लागि नगरपालिकाहरुले साझेदारी कार्यक्रम सञ्चालन गरेका छन् । सुरक्षित आवास व्यवस्थाका लागि, उद्यम सञ्चालनका लागि, शिक्षाका लागि, नगर विकास कोषको परिचालन गर्नु अपरिहार्य देखिन्छ । यस्तै सहरी गरिबी न्यून गर्नका लागि सरकारी निकायबाट विशेष रणनीति निर्माण गर्नुपर्दछ । जुन कार्यको थालनी स्थानीयस्तरमा गठित टोल विकास संस्थाले गरेको छ । टोल विकास संस्थामा टोलका सबै वर्गलाई समानुपातिक रुपमा आवद्ध गराई सुसूचित गर्नु गरिबी न्यूनीकरणमा जोड दिनु हो ।

यस अध्ययनबाट के प्रष्ट हुन्छ भने नगरपालिका निकटका टोल विकास संस्थाहरु भन्दा टाढा ग्रामिण परिवेशका टोल विकास संस्थाहरु संस्थागत उद्धेश्य परिपूर्तिमा क्रियाशील देखिएका छन् । जसको प्रत्यक्ष उदाहरण पोखरा

उपमहानगरपालिका वडा नं १८का टोलहरुलाई लिन सकिन्छ । यस वडाका टोलहरु वडा नं ३का टोल विकास संस्थाहरु भन्दा बढी क्रियाशील रहेको पाईन्छ ।

गठित टोल विकास संस्थाहरुलाई व्यवस्थित, सुगठित रुपमा सञ्चालन गर्न स्थानीय वासिन्दाहरुको महत्वपूर्ण भूमिका रहन्छ तर टोल विकास संस्थाले आम नगरवासीहरुबाट सहयोग पाउन सकेको छैन । नगरवासीहरुलाई नागरिक जागरण र कर्तव्यबोध गराउनमा नगरपालिका सक्रिय रुपमा लाग्नुपर्ने देखिएको छ । यसरी हेर्दा नगरपालिका, गाउँ नगर साझेदारी विकास कार्यक्रम र टोल विकास संस्थाभित्र रहेका समस्याहरुलाई यस अध्ययनले सहरी सुशासन र गरिबी न्यूनीकरणका आयामबाट प्रष्ट पारेको छ ।

## ७.३ सुझाव

### ७.३.१ पोखरा उपमहानगरपालिका र गाउँ नगर साझेदारी विकास कार्यक्रमसँग सम्वद्ध

पोखरा उपमहानगरपालिकाले स्थानीय वासिन्दाहरुलाई आफ्नो स्थापना कालदेखि आवश्यक सेवा सुविधा प्रदान गर्दै आएको छ । यस संस्थाको जिम्मेवारी व्यापक र विस्तृत छ । नगरको समग्र विकासमा क्रियाशील यस निकायका कतिपय कमिकमजोरीहरु हटाउनु आवश्यक छ । यो संस्था केन्द्रीय कार्य नीतिको मार्गमा हिडेको छ । केन्द्रीय समग्र कार्य प्रणालीले यस नगरका सबै समस्याहरुलाई सम्बोधन गर्न सक्षम नभएका कारण अति आवश्यक काम पछि परेको गुनासो नगरवासीहरुको छ । केन्द्रीय शासन नीति अनुसार काम गर्ने परम्परागत शैली परिवर्तनको माग पनि उनीहरुको छ । त्यस्तै छिटो छरितो रुपमा सेवाग्राहीहरुको काम गरे यस संस्थाको विश्वासनीयता अझै बढ्नसक्ने देखिन्छ । अहिलेको परिवर्तित वातावरणमा पनि नगरपालिकाको कार्यशैलीमा परिवर्तन आएको पाईदैन, त्यसैले नगरपालिका जवाफदेही, पारदर्शी र निष्पक्ष रुपमा अघि बढ्न सकेको छैन ।

पोखरा उपमहानगरपालिका गाउँ नगर साझेदारी विकास कार्यक्रम समुदाय परिचालन गरी स्थानीय विकास गर्ने सेवामुखी निस्वार्थ संस्था हो । यस संस्थाको कार्य ढाँचा आफ्नै प्रकृतिको छ । स्थानीय विकास, सुशासन र गरिबी न्यूनीकरणका लागि जे जति काम यस संस्थाले गरेको छ, ती सबै आफ्नो संस्थामा आवद्धहरुको हितमा छ तर

संस्थाबाहिरका व्यक्तिहरुलाई पनि यसको सेवा प्रवाह गर्नसके संस्थाको दिगोपना बढ्ने देखिन्छ । यो संस्था समानता, पारदर्शीता, जवाफदेहीताको पर्यायका रुपमा देखिए पनि कतिपय अस्पष्ट नीतिका कारण आफ्नो पहिचान व्यापक गर्न सकिरहेको छैन । यसको प्रावधिक कारण संस्थामा आवद्ध व्यक्तिहरुले खोज्नु आवश्यक छ । गाउँ र शहरको समन्वयात्मक विकासमा जोड दिने प्रमुख लक्ष्य भए पनि बढी शहर केन्द्रित हुँदा ग्रामिण परिवेशमा कार्यक्रमले व्यापकता पाउन सकेको छैन । गाउँको विकास र सुशासनका लागि छुट्टै कार्ययोजना बनाउनुपर्ने देखिन्छ किनकि गाउँ र शहरको बाँच्ने कला नितान्त भिन्न छ । वास्तवमा समस्यै समस्याको बीचमा जन्मेको यो संस्था नगरवासीहरुको सहयोगमा अगाडि बढेको भएपनि कतियप नागरिकहरु यस कार्यक्रमको उद्धेश्यबाट अनभिज्ञ छन् । निम्न आर्थिक अवस्था भएकाहरुलाई विचार र बाटो देखाउने काम गरे पनि त्यसको सदुपयोगको दीर्घता मापन गर्ने समय यस कार्यक्रमले छुट्टाउनु पर्दछ । बढ्दो सहरीकरणसँगै गाउँ नगर साझेदारी विकास कार्यक्रमको जिम्मेवारी थपिएको छ । यो जिम्मेवारीलाई यस कार्यक्रमले पूर्ण रुपमा बहन गर्ने वातावरणको सिर्जना स्वयम यस कार्यक्रमले गर्नुपर्दछ । संस्थाको क्रियाशीलतामा जन्मेका टोल विकास सस्थाहरुको अनुगमन, निरिक्षण र पुर्नमूल्याङ्कन अनिवार्य भए पनि कतिपय प्राबिधिक समस्या देखाई गर्न नसक्दा कतिपय टोल संस्थाहरु नगरपालिकाका लागि समस्यासमेत बनेका छन् । त्यसैले टोल विकास संस्थाहरुलाई सही मार्ग निर्देश गर्नु अनिवार्य देखिएको छ । टोल संस्थाहरु बढी जन्माउनु भन्दा पनि जन्मेकालाई सक्षम बनाउनु गाउँ नगर साझेदारी विकास कार्यक्रमको दायित्व हो । यसका लागि भईरहेको कार्यशैली परिवर्तन गर्नुपर्दछ । प्रथमत यो कार्यक्रम आफै दिगो रुपमा सञ्चालन हुने परिवेश तयार पार्नुपर्दछ । अर्कोतिर शहर जतिसुकै सभ्य देखिए पनि शैक्षिक, राजनैतिक, आर्थिक, नैतिक, स्वास्थ्य सचेतनाका दृष्टिले अझै पछि परेको छ । यो विषम परिस्थिकिो सामाना गरी टोल विकास संस्थाहरुलाई जनमुखी बनाउनु नितान्त आवश्यक छ ।

### ७.३.२ टोल विकास संस्था र संस्थामा आवद्ध सबैका लागि

टोल विकास संस्थाका सबल पक्षहरु धेरै भए पनि पोखरा उपमहानगरपालिकामा गठित सबै टोल विकास संस्थाको विकास समानुपातिक रुपमा भएको छैन । सबै संस्थाको छुट्टाछुट्टै कार्यशैली छ । उद्धेश्य एउटै भए पनि काम फरक भएका कारण यी संस्थाहरु बीच समानता भन्दा भिन्नता व्यापक छ । एउटै वडाका टोलहरुबीच मतभेद राख्नु विकासका लागि बाधक हो भन्ने तथ्यमा टोलका सदस्यहरु सचेत हुनुपर्दछ । त्यसैले सहरी जागरणलाई प्रभावकारी बनाउन सबै टोलहरले समन्वय गरी अघि बढ्नुपर्दछ । टोल विकास संस्थाका सदस्यहरुले आ-आफ्ना टोलको समस्याहरु पहिचान गरी प्राथमिकताको आधारमा सम्बन्धित निकायसम्म चाँडै पुचाउनुपर्दछ । स्थानीय विकासका लागि टोल विकास संस्थाका सदस्यहरुले नगरपालिकाको मात्र मुख ताक्ने बानीलाई सुधारगरी समुदाय परिचालनलाई बढी जोड दिनुपर्ने देखिन्छ । टोलमा रहेका अस्थायी वासिन्दाहरुलाई पनि टोलको सदस्यमा समेट्नु पर्ने हुन्छ किनकि उनीहरुबाट पनि विकासका लागि टेवा पुग्दछ ।

### ७.३.३ पोखरा उपमहानगरपालिका सबै नागरिकहरुका लागि

देशको मूल मेरुदण्ड र हरेक पक्षको निर्देशित बिन्दु नागरिक समाज हो । हाम्रो समाजका सबै नागरिकहरु एकै वर्ग, अवस्था र स्तरका छैनन् । सामाजिक विविधता नागरिक समाजको विषेशता हो । यही विविधतालाई समेटेर एकिकृत समाज निर्माणमा लागेको गाउँ नगर साझेदारी विकास कार्यक्रमका हरेक पाईलाहरुमा नागरिकहरुको साथ अपरिहार्य छ । सबै नागरिकहरुले निजी स्वार्थलाई त्यागेर सामाजिक स्वार्थले काम गर्नुपर्दछ । गाउँ नगर साझेदारी विकास कार्यक्रम होस् वा स्थानीय स्तरमा गठित टोल विकास संस्था होस्, दुवैको उद्धेश्य स्थानीय व्यक्ति परिचालन गरी स्थानीय विकास गर्नु हो । त्यसैले यस्ता कार्यक्रम के ? किन ? र कस्का लागि भन्ने चासो नगरवासीहरुले लिनु पर्दछ । यस्ता संस्थाको वास्तविक मूल्याङ्कन गरी सही मार्गमा हिडाउन सहयोग समेत गर्नुपर्दछ । एक दुई जनाको विचार भन्दा सबैको साझा विचारलाई समेटेर सामाजिक उत्थानमा क्रियाशील हुनुपर्दछ ।

# प्रमुख सन्दर्भ सामग्री


अधिकारी, रमेश र श्रेष्ठ, उत्तम (स.ले २०६२), *नगरपालिका साझेदारी विकाश कोष संचालन निर्देशिका* : स्थानीय विकास मन्त्रालय गाउँ नगर साझेदारी विकाश कार्यक्रम ।

अधिकारी, रमेश (२०५७/२०५९), *बचत कार्यक्रम संचालन निर्देशिका* : स्थानीय विकास मन्त्रालय गाउँ नगर साझेदारी विकास कार्यक्रम(नेप/०१/०२०) ।

आचार्य, बलराम(२०६२), *विकाश समाजशास्त्र :* दुर्गा आचार्य, पोखरा ।

*उद्यम विकाश प्रशिक्षण सहभागी पुस्तिका(नेप/०१/०२०),* : नगर विकाश प्रशिक्षण केन्द्र पोखरा

कुँवर, कृष्णबहादुर(२०५६), *नेपालमा गरिबी र ग्रामिण विकास* : मिना प्रकाशन, काठमाडौं ।

थापा, हरिबहादुर (सं, संयो.२००६), *सुशासन वर्षपुस्तक* : रिमेक नेपाल ।

दाहाल, देवराज (२०६४), *प्रजातन्त्रको हाते पुस्तिका* : एफ.इ.एस. नेपाल ।

पाण्डे, महेन्द्र, (स) २०६१, *असल शासन :* असल जिल्ला समन्वय समिति पाल्पा ।

*भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि (२०६२),* अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

*नगरपालिका साझेदारी विकाश कोष संचालन निर्देशिका(२०६२)* : स्थानीय विकाश मन्त्रालय गाउँ नगर साझेदारी विकाश कार्यक्रम, यु.एन.डि.पि (सहयोग) ।

सिंह, कपिलमान, गौचन विनोद र श्रेष्ठ, झंकनारायण (सले२०६१), *उद्यम विकाश प्रशिक्षण सहभागी पुस्तिका :* स्थानीय विकाश मन्त्रालय गाउँ नगर साझेदारी विकाश कार्यक्रम, यु.एन.डि.पि ।

स्थानीय विकाश मन्त्रालय गाउँ नगर साझेदारी विकाश कार्यक्रम(२०६२), *अधिकारमा आधारित सेवा प्रवाहमा टोल विकाश संस्था र नागरिक समाजको भूमिका र दायित्व* (एक दिवसीय अनुशिक्षण दिग्दर्शन) : यु.एन.डि.पि ।

*स्थानीय स्वायत्त शासन ऐन(२०५५),* नेपाल सरकार काठमाडौं ।

*स्थानीय स्वायत्त शासन नियमावली (२०५६),* नेपाल सरकार काठमाडौं ।

स्टेफन.जे.किलिङ (सं २०५८) *नेपालमा गरिबीमुखी शासनः एक मूल्याङ्कन,* इनेब्लिङ्ग स्टेट प्रोग्राम ।

ज्ञवाली प्रकाश (सं.), २०६० असार, *इन्सेक अभियान :* इन्सेक कलंकी स्यूचाटार काठमाडौं ।

# कार्यपत्र, प्रतिवेदन तथा पत्रपत्रिकाहरु


अधिकारी, रमेश (२०६०), *सहरी गरिबी न्यूनीकरणमा गाउँ नगर अन्तरसम्बन्ध अवधारण पत्र*

विमली, शान्तिराम(संयो.२०५८), लघु उद्यमशीलता (भाग३), प्रशिक्षण निर्देशिका : जीत नेपाल ।

विकेन्द्रीत स्थानीय स्वायत्त सहयोग कार्यक्रम (वर्ष २, अङ्क २०६२),पश्चिमाञ्चल दर्पण,

*नेपाल मानव विकाश प्रतिवेदन(२००१)* सशक्तीकरण तथा गरिबी न्यूनीकरण ।

*नेपाल मानव विकाश प्रतिवेदन(२००४)* सशक्तीकरण तथा गरिबी न्यूनीकरण ।

प्रगति प्रतिवेदन(२००२), *सहस्राब्दी विकास लक्ष्यहरु* : नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय राष्ट्र टोली पुल्चोक, काठमाडौं, नेपाल ।

पोखरेल डा.जगदिशचन्द्र (२०६३, जेठ २९ गते ) *स्थानीय विकास मुद्धाहरु तथा नागरिक समाज र राजनैतिक दलहरुको सहकार्य :* गणेशमानसिंह अध्ययन प्रतिष्ठान,पोखरा ।

पौडेल, ओमराज, (सं. २०५९ जेष्ठ, असार), *पोखरा दर्पण:* पोखरा उपमहानगरपालिका

पौडेल, ओमराज, (प्र.सं. २०५९ माघ - २०६० असार), *पोखरा दर्पण:* पोखरा उपमहानगरपालिका ।

पौडेल, ओमराज, (प्र.सं. २०५९ श्रावण - पौष), *पोखरा दर्पण:* पोखरा उपमहानगरपालिका ।

*मानव विकास प्रतिवेदन २००१/००२/००३/००४/* : यु.एन.डि.पि ।

शर्मा, शिवहरी (प्र.स, २०६२ श्रावण), *पोखरा दर्पण* : पोखरा उपमहानगरपालिका सूचना तथा सञ्चार ट्रष्ट ।

शर्मा, शिवहरी (प्र.स, २०६२ माघ), *पोखरा दर्पण* : पोखरा उपमहानगरपालिका सूचना तथा सञ्चार ट्रष्ट ।

शर्मा, पुष्पराज(?) *नेपालमा लघुवित्तकार्यक्रम र यसको दिगोपना* विषयक क्षेत्रीय कार्यशाला पोखरामा प्रस्तुत ।

*शान्ति र सुधारका लागि राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रम प्रतिवेदन (पुस २०६३)* : जनहित संरक्षण मञ्च (प्रो पब्लिक) ।

## अनुसूचि १

तथ्य संकलनका क्रममा पोखरा उप महानगरपालिका, गाउँ नगर साझेदारी विकाश कार्यक्रम तथा यस कार्यक्रसँग सम्बन्धित कर्मचारीहरुसँग सोधिएका प्रश्नावलीहरु

नाम ................................

ठेगाना....................................

पेशा....................................

तह........................................

कार्यालय ..................................

१. पोखराको पहिचान हो ?

२. क) सुन्दर शहर ख) जोखिमपूर्ण शहर

३. यस नगरपालिकाको प्राथमिक कार्य ....................हुन् ?

४. क) गरिबी न्यूनीकरण र सुशासनको प्रवर्द्धन

५. शहरी सेवालाई कसरी पारदर्शी बनाउन सकिन्छ ?

६. क) निश्पक्ष सेवा प्रवाहद्वारा ख) सुशासनको विकाशद्वारा

७. शहरी समस्यालाई कसरी छुट्याउन सकिन्छ ?

८. क) अनुगमनद्वारा ख) लेखाजोखाद्वारा

९. स्थानीय विकाशका लागि के कस्ता रणनीति अपनाउन सकिन्छ ?

१०. क) समाज परिचालन ख) केन्द्रीय कार्य पद्धति

११. शहरी गरिबी भन्नाले के बुझिन्छ ?

१२. क) शहरमा न्यून आय भएकाहरु ख) कुनै पनि स्रोत र साधनमा पहुँच नभएकाहरु

१३. गाउँ नगर साझेदारी विकाश कार्यक्रमको उद्धेश्य के हो ?

ब। क) गाउँ र शहरको सन्तुलित विकाश गर्नु ख) शहर केन्द्रित विकाशमा जोड दिनु

१४. यस कार्यक्रमको लक्षित वर्ग कुन हो ?

ब। क) गरिब र विपन्न ख) हरेक क्षेत्रमा पहुँच नपुगेको सबै वर्ग र समुदाय

१५. पोखरा उपमहानगरपालिका र यस आसपासका गाउँ विकाश समिति बीच कस्तो सम्बन्ध छ ?

१६. क) सुमधुर र समझदार ख) कटु र असमझदार

१७. टोल विकाश संस्थाको गठन कसरी गरिन्छ ?

ब। क) एक घर एक सदस्य ख) वडाको सिफारिश

१८. टोल विकाश संस्थाको मुख्य काम के हो ?

ब। क) आफ्नो टोलको समग्र विकाश ख) नगरपालिकालाई सहयोग मात्र

१९. शहरी सुशासनले केलाई जनाउँछ ?

ब। क) निश्पक्षता र पारदर्शीता ख) निजी स्वामितव र व्यक्तिगत स्वार्थ

२०. शहरी गरिबी निवारणका लागि टोल विकाश संस्थाले के कस्ता कार्यक्रमहरु अघि सारेको छ ?

ब। क) नाफामुखी ऋण प्रवाह ख) आय आर्जनमूलक सीप विकाशमा जोड

२१. लघु ऋण र बिउँ पुँजी अनुदान बीच के भिन्नता छ ?

ब। क) व्याज लिने ख) व्याज नलिने

२२. शहरी सेवालाई कसरी पारदर्शी बनाउन सकिन्छ ?

२३. पोखरा उप महानगरपालिकाले गरिबहरुको पहिचान कसरी गर्दछ ?

२४. पोखरा उपमहानगरपालिका र गाउँ नगर साझेदारी विकाश कार्यक्रम बीच कहिले सम्झौता भएको हो ?

२५. घरधुरी कार्यक्रम भन्नाले के बुझिन्छ ?

२६. सुशासनले केलाई जनाउँछ ?

२७. टोल विकाश संस्थाले के कस्ता उद्यममा जोड दिन्छ ?

२८. टोल विकाश संस्थाले नगरी नहुने काम केलाई मान्न सकिन्छ ?

२९. शहरी सुशासनले केलाई जनाउँछ ?

# अनुसूचि २

टोल विकाश संस्थामा आवद्ध सदस्य र यस संस्थाबाट लाभान्वित समुदाय, परिवार र व्यक्तिलाई सोधिएका नमूना प्रश्नहरु :-

नाम ............ ठेगाना...........

पेशा.............. आवद्ध टोल विकाश संस्था................

१. टोल विकास संस्थाको सदस्य कसरी बन्नुभयो ?

क) आफूखुशी ख) छिमेकीको करले

२. यस टोल विकाश संस्थामा कति घरधुरी समेटिएका छन् ?

क) टोलका सबै ख) टोलका केही

३. आफ्ना टोलका समस्याहरुको पहिचान कसरी गर्नुहुन्छ ?

क) सामूहिक छलफलबाट ख) नगरपालिकामा भएको तथ्याङ्कबाट

४. आफ्नो टोललाई अगाडि बढाउनका लागि के कस्ता पहलहरु गर्न सकिन्छ ?

क) स्थानीय समाज परिचालनद्वारा स्थानीय कामहरु गरेर

ख) टोलका समस्याहरु सम्बन्धित निकायसम्म पु-याएर

५. गाउँ नगर साझेदारी कार्यक्रमले यस टोललाई कसरी सहयोग गरेको छ ?

क) स्थानीय समाजलाई सशक्त गराएर ख) ऋण प्रवाह गरेर

६. यस टोलमा पहिचान हुन नसकेका समस्याहरु के के छन् ?

क) धेरै ख) थाहा छैन

७. सामाजिक विकाशका लागि स्थानीय समुदायलाई किन सक्रिय बनाउनु पर्दछ?

क) स्थानीय समस्या पहिचान गर्न ख) सबैलाई समन हक प्रदान गर्न

८. तपाईंको घरमा कति जना सदस्य हुनुहुन्छ ?

९. तपाईंका आयआर्जनका स्रोत के के छन् ?

१०. टोल विकाश संस्थाले तपाईलाई के कस्तो सहयोग गरेको छ?

११. टोल विकाशको कार्यले शहरी गरिबी न्यूनीकरणमा कस्तो सहयोग गरेको छ ?

१२. यस संस्थाले टोललाई कस्तो आर्थिक सहयोग गरेको छ ?

१३. एउटा टोल विकाश संस्थामा कति घरधुरी समेटिएका हुन्छन्?

१४. टोल विकाश संस्थामा कति जना सदस्य संख्या रहने प्रावधान छ ?

१५. टोल विकाश संस्थाको अध्यक्ष कसरी चयन गर्नुहुन्छ ?

१६. टोल विकाश संस्थाको अध्यक्षको काम के हो ?

१७. आफ्नो टोलका समस्यालाई कुन माध्यमद्वारा नगरपालिकासम्म पुचाउनुहुन्छ ?

१८. गाउँ नगर साझेदारी विकाश कार्यक्रमलाई कस्तो रुपमा लिनुभएको छ ?

१९. तपाईको टोल विकाश संस्थाले विपन्न वर्गको पहिचान कसरी गर्दछ ?

२०. यस टोलमा आयआर्जनमूलक कामहरु के के सञ्चालित छन् ?

२१. उद्यमशीलताको विकाशले गरिबी न्यूनीकरणमा कसरी सहयोग गर्दछ ?

## अनुसूचि ३,

प्रमुख जानकारदाताहरु

| | |
|---|---|
| श्री उत्तमप्रसाद नागिला | प्रमुख कार्यकारी अधिकृत, पो.उ.म.न.पा |
| श्री दुर्गा न्यौपाने | कार्यक्रम अधिकृत, गा.न.सा.वि.का |
| डा. विश्वकल्याण पराजुली | उप-प्राध्यापक पृथ्वीनारायण बहुमुखी क्याम्पस |
| श्री सविता ढुङ्गाना | वित्त अधिकृत, गा.न.सा.वि.का |
| श्री शान्ति वन | बजार अधिकृत, गा.न.सा.वि.का |
| श्री जगन्नाथ तिमिल्सिना | अध्यक्ष, वडा नं १८ टोल समन्वय समिति |
| श्री शशीधर पराजुली | अध्यक्ष, वडा नं ३ टोल समन्वय समिति |
| श्री एशोदा तिमिल्सिना | समाज परिचालक, गा.न.सा.वि.का. |
| श्री रामकृष्ण ज्ञवाली | पत्रकार |

## अनुसूचि ४,

गाउँ नगर साझेदारी विकास कार्यक्रम सञ्चालक समिति (स्थानीय स्तरमा)

| | |
|---|---|
| अध्यक्ष | - नगरपालिका प्रमुख |
| सदस्य | - नगरपालिकाका उपप्रमुख |
| सदस्य | - जि.वि.स.सचिव वा निजले तोकेको प्रतिनिधि |
| सदस्य | - नगरपालिकाको सचिव |
| सदस्य | - स्थानीय विकास कोषको सचिव |
| सदस्य | - कार्यक्रम सञ्चालन भएकको नगरपालिका क्षेत्रको वडा समितिका सदस्यहरु मध्येबाट नगरपालिकाद्वारा मनोनित एकजना महिला सदस्य |
| सदस्य | - गैर सरकारी महासंघको जिल्ला अध्यक्ष |
| सदस्य | - स्थानीय वाणिज्य संघको अध्यक्ष |
| सदस्य | - स्थानीय वाणिज्य बैंकहरु मध्येबाट नगरपालिकाले तोकेको वाणिज्य बैंकको प्रमुख एकजना |
| सदस्य | - कोषको क्रियाकलाप सञ्चालन भएका गा.वि.स. का अध्यक्षहरु मध्येबाट सञ्चालक समितिले तोकेको एकजना सदस्य |
| | - एकजना महिलासहित टोल विकास संस्थाका अध्यक्षहरु मध्ये सञ्चालक समितिले छानेका २ जना |
| सदस्य-सचिव | - नगरपालिका साझेदारी विकास कोषका सचिव |

## अनुसूचि ५

गाउँ नगर साझेदारी विकास कार्यक्रम संस्थागत संरचना

सञ्चालक समिति

कार्यक्रम व्यवस्थापन समिति →कार्यक्रम व्यस्थापन एकाई

कार्यान्वयन व्यवस्थापन समिति →नगरपालिका साझेदारी विकास कोष सञ्चालक समिति

नगरपालिका साझेदारी विकास कोष सञ्चालक समितिको सचिवालय
(गाउँ नगर साझेदारी शाखा)

## अनुसूचि ६

### टोल विकास समिति नगरपालिकामा दर्ता गर्ने निवेदनको नमूना

मिति .........

श्रीमान् कार्यकारी अधिकृत ज्यू

नगरपालिका कार्यालय

..........................

विषयः टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाद्वारा सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रममा वडा नं .......को ...........टोलमा सहरी समाज परिचालन प्रक्रिया पूरा गरी गठन गरिएको .............टोल विकास संस्थालाई ..........नगरपालिका कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु ।

यस ...........टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमित रहनेछ ,

पूर्व सिमाना.................

पश्चिम सिमाना.............

उत्तर सिमाना.................

दक्षिण सिमाना..................

निवेदक


...............

अध्यक्षको नाम : ........................................

टोल विकास संस्थाको नाम : ..........................


ठेगाना : ..................................................

# अनुसूची ७




पोखरा उप महानगरपालिका वडा नं. ३

# अनुसूची ८




पोखरा उप महानगरपालिका वडा नं. १८